# शैक्षणिक उपयोगिताका दृष्टिले नेपाली किताब कक्षा ८ मा प्रयुक्त कविताहरूको विश्लेषण

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्रसङ्काय, महेन्द्ररत्न क्याम्पस अन्तर्गत
स्नातकोत्तर तह, (एम्.एड्.) नेपाली दोस्रो वर्षको
पाँचौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
दुर्गाकुमार धिमाल
त्रि.वि.दर्ता नं.: ९-२-५७-१८०-२०००
परीक्षा क्रमाङ्क नं. : २९०२०२/०६०
त्रिभुवन विश्वविद्यालय,
महेन्द्ररत्न क्याम्पस, ताहाचल,
काठमाडौं २०६३

# निर्देशकको सिफारिस-पत्र

'शैक्षणिक उपयोगिताका दृष्टिले नेपाली किताब कक्षा ८ मा प्रयुक्त कविताहरुको विश्लेषण' शीर्षकको प्रस्तुत शोधपत्र श्री दुर्गाकुमार धिमालले मेरा निर्देशनमा तयार पार्नु भएको हो । शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नाकोत्तर तह नेपाली शिक्षा दोस्रो वर्षको पाठ्यांश नेप.एड. ५९८ को प्रयोजनका लागि परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रबाट म पूर्णरुपले सन्तुष्ट रहेको छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

......................................

डा. यादवप्रकाश लामिछाने
उपप्राध्यापक
महेन्द्ररत्न क्याम्पस
नेपाली शिक्षा विभाग
ताहाचल, काठमाडौँ

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत महेन्द्ररत्न क्याम्पस, ताहाचल, नेपाली भाषा शिक्षा विभागका छात्र दुर्गाकुमार धिमालले स्नातकोत्तर (एम्.एड्.) तहमा नेपाली विषयको नेपा.शि. ५९८ पाठयांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको "शैक्षणिक उपयोगिताका दृष्टिले नेपाली किताब कक्षा ८ मा प्रयुक्त कविताहरुको विश्लेषण" शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | | .............................. |
| २. | | .............................. |
| ३. | | .............................. |
| ४. | | .............................. |

मिति : २०६३/०८/

# कृतज्ञताज्ञापन

कुनै पनि शोधपत्र लेखन जटिल र महत्वपूर्ण कार्य हो । विद्यालय तहमा नेपाली शिक्षणको मूल उद्देश्य विषयवस्तु (साहित्य) शिक्षण नभई विषयवस्तुका माध्यमबाट गरिने भाषिक सीपहरुको शिक्षण हो । प्रस्तुत शोधपत्रमा कविता शिक्षणको शैक्षणिक उपयोगिताका दृष्टिले कविता उपयुक्त छ कि छैन भन्ने विषयमा जानकारी गराउने कोशिस गरिएको छ । यसका लागि शोधपत्र लेखनकार्यमा शीर्षक छनोटदेखि लिएर शोधपत्र तयार गर्दासम्म आफ्नो अमूल्य सुझाव र सहयोग पुऱ्याउनु हुने मेरा शोधनिर्देशक गुरुवर उपप्राध्यापक डा. यादवप्रकाश लामिछानेप्रति श्रद्धायुक्त हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको निर्देशनमा नै यो शोधपत्र कोर्न सफल भएकोमा उहाँप्रति चीरकाल ऋणी रहनेछु । आफ्नो विभागबाट नयाँ-नयाँ विषयमा शोध होऊन भन्ने चाहना राखी विभिन्न समयमा आफ्ना अमूल्य सुझाव दिई सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु विभागीय प्रमुख सहप्राध्यापक शारदारमण नेपालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आफू शिक्षाको उज्यालो घामबाट वञ्चित भएपनि छोराको उज्ज्वल भविष्यका लागि सधैं लागि पर्ने पुजनीय बुबा श्री मानबहादुर धिमाल र आमा श्रीमती कृष्णकुमारी धिमालको योगदान मेरा लागि आजन्म सम्झनाको विषय रहनेछ । मेरो उच्च शिक्षाको लागि कदम उठाउन आर्थिक र वैचारिक रुपमा सहयोग गर्ने साथी आशा चन्दप्रति ऋणी रहनेछु ।

एउटै परिवारका सदस्यजस्तै भई सुख दुःख बाँडी आर्थिक वैचारिक सबै पक्षमा साथ दिएर पारिवारिक वातावरण सिर्जना गर्ने मित्र प्रेम बीसीलाई धन्यवाद व्यक्त गर्दछु । त्यस्तै सामग्री सङ्कलन कार्यमा सहयोग पुऱ्याउनु हुने मित्र गीता मगर, अशोक न्यौपाने र भाइ मोतीराम अधिकारीलाई पनि धन्यवाद व्यक्त गर्दछु । यसैगरी शुद्ध र छिटो-छरितो टङ्कण गर्ने 'जी' कम्प्युटर सेन्टरलाई यथोचित धन्यवाद व्यक्त गर्दछु ।

शोधार्थी

दुर्गाकुमार धिमाल

# विषयसूची

पृष्ठ

अध्याय-एकः **शोध परिचय** १(१0

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधकार्यको उद्देश्य ३

१.५ अध्ययनको औचित्य ३

१.६ अध्ययन विधि ४

१.७ पूर्वकार्यको समीक्षा ४

१.८ अध्ययनको सीमा ९

१.९ शोधपत्रको रूपरेखा ९

अध्याय-दुईः **कविताको सैद्धान्तिक परिचय**

२.१ कविताको परिचय ११

२.२ कविताको परिभाषा १२

२.३ कविता तत्त्वहरू १४

२.३.१ भावविधान १४

२.३.२ भाषाशैली १५

२.३.३ लयविधान १५

२.३.४ बिम्ब-प्रतीक/अलङ्कार विधान १६

२.३.५ दृष्टिविन्दु/कथनढाँचा १६

२.४ कविताको वर्गीकरण १६

२.५ विद्यालय तहमा कविता शिक्षणको प्रयोजन १८

२.६ भाषा पाठ्यपुस्तकमा राखिएका कविता विधाको उपयोगिता १९

अध्याय-तीनः **पाठ्यक्रम, पाठ्यक्रमको उद्देश्य र कविता विधाको क्षेत्र र क्रम** २१(३३

३.१ पाठ्यक्रमको अर्थ २१

३.२ पाठ्यक्रमको परिभाषा २१

३.३ पाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्बन्ध २३

३.४ पाठ्यक्रमको उद्देश्य २४

३.४.१ सुनाइ र बोलाइ २५
३.४.२ पढाइ २६
३.४.३ लेखाइ २६
३.५ विधाको क्षेत्र र क्रम २७
३.६ विधाको स्पष्टीकरण २८
३.७ छनोट र स्तरण ३०
३.८ मूल्याङ्कन प्रक्रिया (भाषिक क्षेत्र र अङ्कभार वितरण) ३२
**अध्याय चारः शैक्षणिक उपयोगिताका दृष्टिले कविताका पाठहरूको संरचनागत विश्लेषण** ३४(९६
४.१ प्रश्नोत्तर ३४
४.१.१ शीर्षक विधान ३४
४.१.२ विषयवस्तु ३४
४.१.३ कथनढाँचा ३५
४.१.४ लयविधान ३६
४.१.५ भाव/विचार ३७
४.१.६ बनोट/संरचना ३७
४.१.७ भाषिक पक्ष ३८
४.१.७.१ वाक्य संरचना ३८
४.१.७.२ भाषाशैली (शब्दप्रयोग) ३९
४.२ किसान ३९
४.२.१ शीर्षक विधान ३९
४.२.२ विषयवस्तु ४०
४.२.३ कथनढाँचा ४१
४.२.४ लयविधान ४१
४.२.५ भाव/विचार ४१
४.२.६ बनोट/संरचना ४२
४.२.७ भाषिक पक्ष ४३
४.२.७.१ वाक्य संरचना ४३
४.२.७.२ भाषाशैली (शब्दप्रयोग) ४३
४.३ पृथ्वीसन्देश ४४
४.३.१ शीर्षकविधान ४४

४.३.२ विषयवस्तु ४४
४.३.३ कथनढाँचा ४५
४.३.४ लयविधान ४६
४.३.५ भाव/विचार ४६
४.३.६ बनोट/संरचना ४७
४.३.७ भाषिक पक्ष ४८
४.३.७.१ वाक्य संरचना (वाक्य ढाँचा) ४८
४.३.७.२ भाषाशैली (शब्द प्रयोग) ४९
४.४ ओखलढुङ्गा ४९
४.४.१ शीर्षकविधान ४९
४.४.२ विषयवस्तु ५०
४.४.३ कथनढाँचा ५१
४.४.४ लयविधान ५१
४.४.५ भाव/विचार ५२
४.४.६ बनोट/संरचना ५२
४.४.७ भाषिक पक्ष ५३
४.४.७.१ वाक्य संरचना (वाक्य ढाँचा) ५३
४.४.७.२ भाषाशैली (शब्दप्रयोग) ५५
४.५ निष्कर्ष ५५
अध्याय-पाँचः **कवितामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण** ५७(७७
५.१ परिचय ५७
५.२ अभ्यासमा समावेश भएका प्रश्नका किसिम ५८
५.३ प्रश्नको स्वरूप ५८
५.४ नमुना अभ्यासको प्रकृति ६०
५.५ नमुना अभ्यासको विश्लेषण ६०
५.५.१ स्वरूपका आधारमा विश्लेषण ६१
५.५.२ प्रकृतिका आधारमा विश्लेषण ६६
५.५.३ व्याकरण सम्बन्धी अभ्यास विश्लेषण ६९
५.५.३.१ पाठ्यक्रम अनुरूपताका आधारमा व्याकरण अभ्यास ७५
५.६ निष्कर्ष ७६

अध्याय- छः **निष्कर्ष र सुझावहरू** **७८-८४**
६.१ निष्कर्ष ७८
६.२ सुझावहरू ८२
६.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू ८४
**सन्दर्भग्रन्थसूची** **८५-८७**

# संक्षेपसूची

| | |
|---|---|
| अप. | अप्रकाशित |
| क्र.सं. | क्रमसंख्या |
| ज.शि.सा.के.लि. | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा. | निम्नमाध्यमिक |
| नि.मा.पा. | निम्न माध्यमिक पाठ्यक्रम |
| पा.वि.के | पाठ्यक्रम विकास केन्द्र |
| सु.बो.प.ले. | सुनाइ बोलाइ पढाइ लेखाइ |
| संस्क. | संस्करण |

## अध्याय-एक

# शोध परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "शैक्षणिक उपयोगिताका दृष्टिले हाम्रो नेपाली किताब कक्षा ८ मा प्रयुक्त कविताहरूको विश्लेषण" रहेकोछ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय महेन्द्ररत्न क्याम्पस, ताहाचलअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ समस्याकथन

भाषा पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधाका माध्यमले भाषिक सीपको विकास गरिन्छ । विद्यालय तहको नेपाली पाठ्यपुस्तकमा कविता विधा राखिनुको उद्देश्य विद्यार्थीमा भाषिक सीपको विकास गर्नु हो । भाषिक सीप विकासका लागि अन्य विधालाई पनि सन्तुलित किसिमले समेट्नु पर्दछ । भाषिक सीप विकास गर्न कविता सबै भन्दा पुरानो र महत्वपूर्ण विधा हो । कविताले भाषा पाठ्यपुस्तकलाई उपयोगी बनाउनका लागि धेरै सहयोग पुऱ्याउँछ ।

निर्धारित पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक हुनु आवश्यक हुन्छ । पाठ्यक्रम विद्यार्थीको क्षमताअनुरूप हुनुका साथै देशको तत्कालीन आवश्यक पूर्ति गर्ने खालको हुनुपर्दछ । पाठ्यक्रम जतिसुकै उपयुक्त भएपनि पाठ्यपुस्तकबाट यी उद्देश्यहरू पूरा हुन सकेन भने पाठ्यक्रमको औचित्य रहँदैन । विद्यार्थीहरूको उमेर, रुचि र क्षमता अनुसार भाषा पाठ्यपुस्तकमा विषयवस्तुहरू राखियो भने मात्र विद्यार्थीको मानसिक, सामाजिक, नैतिक, बौद्धिक, वैयक्तिक र सामुहिक

विकासमा प्रभाव पर्दछ; जीवनदर्शन, ज्ञानवृद्धिको सहायक मानसिक सन्तुष्टिका साथै आत्मानुभूतिको माध्यम बन्दछ । निम्नमाध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कुनै कविता पाठ्यक्रमको उद्देश्यअनुसार भाषिक सीपको विकास गर्न कठिनाइ हुने देखिन्छ । विद्यार्थीको रुचि, क्षमता र स्तर सुहाउँदा कविताहरू छनोट गर्दा यो कुरामा ध्यान दिएको पाइन्न । सरल शब्द, वाक्य र विषयवस्तुको प्रस्तुतीकरणमा कविता चाख लाग्दो हुनु आवश्यक छ किनभने भाषा सिकाइ भनेको सहज रूपमा हुनुपर्दछ । कवितामा प्रयुक्त कतिपय शब्दहरू जीवनोपयोगी नरहनाले घोकेर कण्ठ गर्नुपर्ने अवस्था रहेको छ । अहिले पाठ्यपुस्तकमा राखिएका शब्दहरूको अर्थ दिइएको छ तर अर्थको पनि अर्थ खोज्नुपर्ने अवस्था छ । कस्ता किसिमका शब्द, वाक्य र पाठ्यविषयलाई पाठ्यपुस्तकमा समावेश गर्दा बढी भन्दा बढी विद्यार्थीहरूले विषयवस्तु बुझ्न सक्दछन् । अनि भाषिक सीपको विकास गर्न सकिन्छ भन्ने कुरामा चनाखो हुनुपर्दछ । पाठ्यक्रमबमोजिम कविताको स्तरण र छनोटमा पनि विशेष ध्यान दिइएको छैन जसले गर्दा विद्यार्थीलाई पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्राप्त गर्न गाह्रो हुन्छ । कविताको मुख्य उद्देश्य शिक्षार्थीले प्राप्त गरेको ज्ञानलाई सिर्जनात्मक अभिव्यक्तिमा सक्षम पार्नु र आफ्नो परिवेश र वातावरणमा रहेका कविता सुन्ने, भन्ने, पढ्ने, लेख्ने जस्ता कार्यलाई प्राथमिकता दिएर जीवनोपयोगी भाषा सिकाउनु हो । 'कविता शिक्षणको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण संस्कारको विकास गर्नु हो । अतः कविता शिक्षण गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भावपहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ र भावविस्तार आदिका कार्यकलाप गराउनु पनि उपयुक्त हुन्छ (नि.मा.पा. २०५८, पा.वि.के.) । पाठ्यक्रमले निर्दिष्ट गरेको लक्ष्यअनुसारका कविताका पाठहरूको पाठ्यपुस्तकमा अभाव देखिन्छ त्यसमा पनि अझ शिक्षण विधिको अन्योलमा प्रभावकारी शिक्षण भएको देखिँदैन । कविता शिक्षणको उपयोगिता र प्रयोजन भाषा शिक्षणमा के हो भन्ने कुरामा नै पनि भाषा शिक्षकहरू अन्यौलमा रहेको अवस्था छ ।

निम्नमाध्यमिक तहको कक्षा ८ मा कविता शिक्षणबाट बालबालिकालाई भाषिक सीप विकासमा कसरी उपयोगी बनाउन सकिन्छ भन्ने कुरामा शोधपत्र केन्द्रित रहने छ । प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्यारु रहनेछन्-

१. नि.मा.वि तह कक्षा ८ को हाम्रो नेपाली किताबमा समाष्टि कविताहरू पाठ्यक्रमअनुरूप छन् कि छैनन् ?
२. कविताको शिक्षणीय प्रयोजन र शैक्षणिक उपयोगिता के हो ?
३. कक्षा ८ को हाम्रो नेपाली किताबको कविता विधामा पर्ने नमुना अभ्यासहरू उपयुक्त छन् कि छैनन् ?
४. कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा कस्तो कविता समावेश हुनुपर्दछ ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्य निम्नानुसार रहेका छन्-

१. कक्षा ८ के हाम्रो नेपाली पाठ्यपुस्तकमा दिइएका कविताहरूको पाठ्यक्रम अनुरूपता पहिल्याई विश्लेषण समेत गर्नु,
२. कविता शिक्षणको परिचय, प्रयोजन र शैक्षणिक उपयोगिता पहिल्याउनु,
३. पाठका अन्त्यमा दिइएका नमुना अभ्यासहरूको विश्लेषण गर्नु,
४. आगामी पाठ्यक्रममा कविता पाठको सुधारका लागि सुझाव दिनु ।

## १.५ अध्ययनको औचित्य

नि.मा. तह कक्षा ८ को नेपाली विषयमा सङ्कलित कविताहरूको अध्ययन विश्लेषण गर्दा भाषिक सीपको विकासका लागि यस पुस्तकमा भएका कमीकमजोरीहरू पत्ता लगाउन सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट कविताका पाठहरूको विश्लेषण र तिनका अन्त्यमा दिइएका अभ्यासहरूको विश्लेषण भाषिक सीपको सिर्जनात्मक अभिव्यक्ति लगायत पाठ्यक्रमको उद्देश्य हासिल गर्न सक्षम हुन्छन् । कविताका पाठ र अभ्यासका साथै स्तरअनुसार कविताको

छनोट र स्तरण नभएमा भाषा सिकाइ असफल हुन्छ । त्यसकारण पाठ्यक्रमको अध्ययन र अनुसन्धान भइरहेमा त्यस्ता त्रुटिहरू पत्ता लगाइ आगामी दिनमा पाठ्यक्रमको तयारीकर्ताले पाठ्यपुस्तकका लागि समेत सहयोग पुऱ्याउन मद्दत गर्नेछ ।

नि.मा. तह कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कविताहरूको विश्लेषण गरी ती कविताहरूको शैक्षणिक उपयोगितासमेत निक्यौंल गर्दा सम्बन्धित विषय शिक्षक लगायत पाठ्यक्रम निर्मातासमेत लाभान्वित हुन सक्छन् । शिक्षकहरूले कविता शिक्षण गर्दा अन्योलमा रहनुपर्ने अवस्था रहँदैन । कवितामा भएका कमीकमजोरीहरू पत्ता लाग्न गई भविष्यमा परिमार्जित हुने पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालाई सहयोग पुग्नेछ । पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा हालसम्म भएका अध्ययनहरू अपर्याप्त नै भएकाले यस अध्ययनले केही मात्रामा भए पनि कविता र भाषा शिक्षणमा यसको उपयोगिताका बारेमा थप जानकारी दिने हुनाले यस्तो अध्ययनको अपेक्षा गरिन्छ ।

## १.६ अध्ययन विधि

प्रस्तुत शोधको अध्ययन नि.मा. तह कक्षा ८ को नेपाली विषय पाठ्यपुस्तकमा सङ्कलित कवितामा केन्द्रित रहेको छ । यस शोधकार्यका लागि निम्न अध्ययन विधि अपनाइएको छ-

(क) पुस्तकालय विधि : शोधपत्र तयार गर्नका लागि पुस्तकालय उपयुक्त गन्तव्य भएकाले अध्ययनमा यस विधिको प्रयोग गरिएको छ ।

(ख) अवलोकन विधि : नि.मा. तह कक्षा ८ को नेपाली किताबमा भएका कविताहरूको अवलोकनका माध्यमबाट शोधपत्रको उद्देश्य प्रतिबिम्बित हुनेगरी अध्ययन गरिएको छ ।

(ग) व्याख्या तथा विश्लेषण : कविताको सैद्धान्तिक आधार तयार पारेर त्यसैका अधारमा यी कविताहरूको विश्लेषण र व्याख्या गरिएको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा विकसित मुलुकहरूमा सूक्ष्मातिसूक्ष्म अध्ययन अनुसन्धानहरू भइसकेका छन् तर हाम्रो देशमा यस्ता अध्ययन अनुसन्धानहरू कमै मात्रामा भएका छन् । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय र महेन्द्ररत्न क्याम्पस ताहाचलमा अध्ययन गर्ने विद्यार्थीहरूले स्नातकोत्तर शिक्षाको आंशिक अंशपूर्तिका लागि यस्ता अध्ययनहरू गर्ने गरेका छन् । सरकारले लगानी गरेर यस्ता अध्ययन अनुसन्धानहरू गरेको पाइँदैन । नेपाली भाषालाई त झन् हेय दृष्टिले हेरिनाले पनि यसमा अध्ययन अनुसन्धानहरू कम भएको पाइन्छ । कविता विधाका बारेमा अन्यत्र व्यापक विश्लेषण भइसक्दा पनि भाषा पाठ्यपुस्तकमा समाविष्ट कविता विधाको अध्ययन विश्लेषण कमै भएको पाइन्छ । अझ पाठ्यपुस्तकमा समाविष्ट कविता विधाको शैक्षणिक उपयोगिता अध्यन विश्लेषण त नितान्त नौलो विषय नै हो ।

नेपालमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा २०४४ सालमा गराइएको “शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व” शीर्षकको अध्ययनमा नेपाली भाषाको पनि प्राथमिक र माध्यमिक पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । उक्त अध्ययन विश्लेषणमा कविताको सामान्य विवेचना गरिएको पाइन्छ । यसमा कविताले भाषिक सीपमा उपयुक्त सहयोग पुऱ्याउन नसकेको, कविताहरू कक्षाको स्तरअनुकूल नभएको सङ्केत गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा लिखित ‘नेपाली भाषा शिक्षण’ (२०५०) नामक पुस्तकमा कविता विधाको चर्चा गरिएको छ । ‘विधाहरूको उपयोगिता’ शीर्षक अन्तर्गत विद्यालय तहका कविताहरू मुख्यतः लयबद्ध पठन, शुद्धोच्चारण, भाववोध र छन्दबोधको अभ्यासका लागि उपयोगी हुनसक्ने ठहर रहेको छ । उक्त पुस्तकमा कस्ता कविता पाठ्यपुस्तकमा समावेश गर्ने भन्ने बारे चाहिँ उल्लेख गरेको पाइँदैन ।

त्यसैगरी त्जभ द्यबकष्अ बलम एचषबचथ भ्मगअबतष्यल :बकतभच एबिल( ज्ञढठठ मा भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका विभिन्न पक्षहरूको पनि चर्चा गरिएको छ । यसमा प्राथमिक तहको पाठ्यपुस्तकहरूमा कविताहरू स्तर सुहाउँदा नभएका, ती कविताहरू पाठ्यक्रमको उद्देश्यलाई समेट्ने गरी नराखिएको र सैद्धान्तिक पक्षमा मात्र जोड दिने किसिमका रहेका छन् भन्ने निष्कर्ष निकालिएकोछ ।

डिल्लीराम रिमालको नेपाली शिक्षण (२०५३) नामक पुस्तकमा पनि विशेष गरेर विद्यालय तहका नेपाली विषय शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापको चर्चा गरिएको छ ।

हेमाङ्गराज अधिकारी र केदार शर्माको प्रारम्भिक नेपाली शिक्षण (२०५६) पुस्तकमा विशेष गरी प्राथमिक तहमा विधा शिक्षणका उपायहरु सुझाउने क्रममा कविता शिक्षणको सम्बन्धमा पनि चर्चा गरिएको छ ।

यादवप्रकाश लामिछानेद्वारा लिखित ‘नेपाली भाषा शिक्षण परिचय’ (२०५७) नामक पुस्तकमा निम्नमाध्यमिक तहको भाषा पाठ्यक्रमको सामान्य रूपमा विश्लेषण गरिएको छ । यस पुस्तकमा कविता शिक्षण मुख्य शीर्षक दिएर कविता शिक्षणको प्रयोजन, कविता शिक्षणका विधि र कार्यकलापबारे चर्चा गरिएको छ । पुस्तकमा कविताको प्रयोजन कवितात्मक आस्वादन गराउने, लयबद्ध वाचन गराउने, भावबोध गराउने र कविताप्रति अभिरुचि बढाउने, शुद्ध उच्चारण तथा रसस्वादन गराउने हो, भनिएको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलद्वारा लिखित “नेपाली भाषा र साहित्य शिक्षण” (२०६०) पुस्तकमा भाषा शिक्षणको सैद्धान्तिक परिचय छ । साथै भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रिया, भाषा पाठ्यपुस्तकको परिचय समेत विस्तृत रूपमा दिइएको छ । यस पुस्तकमा कविता शिक्षणको उद्देश्य बालबालिकामा लय, भाव र तालका साथै सस्वर वाचन गर्ने योग्यताको विकास गर्नु, सृजनात्मक लेखनका लागि उत्प्रेरित गर्नु, कल्पना शक्तिको विकास गर्नु, विद्यार्थीहरूको बौद्धिक विकास गर्नु, रस, छन्द, अलङ्कार आदिको

आनन्द लिने सामर्थ्य उत्पन्न गर्नु रहेको हुन्छ भनिएको छ । कविताको अध्ययनबाट शब्दभण्डारमा वृद्धि, अभिव्यक्तिक्षमता र शैलीको विकास, भाषा प्रयोगमा प्रवाहमयता थपिई उच्चारणमा परिष्कार आउने, कलाप्रति अनुराग बढ्ने र साहित्यप्रति अभिरुचि संवर्द्धन हुने कुरा बताइएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षाबाट स्नातकोत्तर गर्ने विद्यार्थीहरूबाट पनि नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि आदि सम्बन्धी अध्ययनहरू हुने गरेको पाइन्छ । यस्ता शोधहरूमध्ये पनि विशेष गरी कविता विधासँग सम्बन्धित शोधहरूको समिक्षा गर्नु  यहाँ सान्दर्भिक हुन्छ । यस्ता शोधहरूमा लक्ष्मीप्रसाद ढकालको “कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका विधिहरूको अध्ययन”- २०५५ शोधमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सरकारी र निजी विद्यालयका शिक्षकहरुले कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरुको अध्ययन गरी निजी विद्यालयका शिक्षकले भन्दा सरकारी विद्यालयका शिक्षकले प्रयोग गरेका शिक्षण विधिमा एकरुपता भएको तथा शिक्षकको शिक्षण प्रक्रियामा सैद्धान्तिक पक्ष र व्यवहारिक पक्षबीच फरक भएको निष्कर्ष निकाली कविता शिक्षण गर्दा सबै शिक्षकहरुले पाठयोजनाका आधारमा शिक्षण गर्नुपर्ने र शिक्षकहरुलाई कविता शिक्षणसम्बन्धी तालिम गोष्ठी आदि सञ्चालन गरेर प्रभावकारी बनाउनुपर्ने सुझाव दिइएको छ ।

त्यसैगरी नवराज खनालको “कक्षा नौ र दसका नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन”- २०५८ एक हो । यसमा माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विश्लेषण गरी कतिपय कविताहरू पाठ्यक्रमको अपेक्षा अनुरूप नभएको  निष्कर्ष समेत निकालिएको छ । पाठ्यपुस्तकमा गद्य कविताको समावेश नगरिएको, विषयवस्तुको चयन र क्रम नमिलाई राखिएको, कवितामा संस्कृत तत्सम शब्दको केही प्रयोगले दोस्रो भाषी विद्यार्थीलाई, दुर्वोध हुने निष्कर्ष निकालिएको छ ।

संगीता कार्कीको “कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरुको अध्ययन” २०५८ शोधमा कक्षा चारमा कविता शिक्षण गर्दा पठन विधि, आगमन विधि, श्रव्य दृश्य सामग्रीको उपभोग विधि, व्याख्यान विधि, छलफल विधि, लेखनअभ्यास विधि, श्रुतिलेखन विधि प्रश्नोत्तर विधिको प्रयोग गर्नुपर्छ र रस, अलङ्कार छन्दजस्ता कुराहरु सिकाउने प्रयास गरिनु हुन्न भन्ने निष्कर्ष निकाली कविता शिक्षणसम्बन्धी विशेष विधिको छुट्टै पुस्तक तयार गरी शिक्षकहरुलाई तालिम गोष्ठी आदिद्वारा प्रशिक्षित गर्नुपर्ने सुझावसमेत दिइएको छ ।

गुनाखर भण्डारीको “माध्यमिक तहका पाठ्यपुस्तकमा समावेश गरिएका कविताको अध्ययन विश्लेषण” २०५८ शोधमा माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विविध कोणबाट विश्लेषण गरी कतिपय कविताहरू पाठ्यक्रमको अपेक्षाअनुरूप नभएको निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकमा गद्य कविताको समावेश नगरिएको, नमुना अभ्यासमा व्याकरणिक अभ्यासहरूमा कतिपय काल्पनिक उदाहरण पेश गरिएको, विषयवस्तुको चयन र क्रम नमिलाई राखिएको, कवितामा संस्कृत तत्सम शब्दको केही प्रयोगले दोस्रो भाषी विद्यार्थीलाई, दुर्वोध हुने निष्कर्ष निकालिएको छ ।

विनोद न्यौपानेको “कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन”, २०६२ शोधमा दाङ जिल्लाका सरकारी र निजी विद्यालयहरुमा शिक्षकहरुले कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरुको अध्ययन गरी सैद्धान्तिक रुपमा विभिन्न शिक्षण विधिको चर्चा गरेपनि व्यवहारिक रुपमा धेरै शिक्षकहरुले शिक्षक केन्द्रित विधिको प्रयोग गर्ने गरेको तथा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरु र तालिम अप्राप्तका तुलनामा तालिम प्राप्त शिक्षकहरुको शिक्षण राम्रो रहेको निष्कर्ष निकालिएको छ । लयवाचन क्रियाकलाप गर्दा शिक्षकले आदर्शवाचन गरिदिनुपर्छ साथै विद्यार्थीलाई अनुकरणवाचन गर्न लगाउनुपर्छ र स्वरमा कमजोरी देखिएका शिक्षकहरुले लय वाचनका लागि टेपरिकर्डरको प्रयोग

गर्नुपर्छ अनि विद्यार्थी केन्द्रित शिक्षण विधिलाई जोड दिनुपर्छ भन्ने सुझाव दिइएको छ ।

उपर्युक्त विभिन्न अध्ययनको समीक्षाबाट के देखिन्छ भने हालैका दिनमा आएर कवितासम्बन्धी अध्ययन विश्लेषणहरू केही मात्रामा भएका छन् । तैपनि कविताको शैक्षणिक उपयोगिगता सम्बन्धी अध्ययन अनुसन्धान हालसम्म भएको छैन । त्यसैले यस अध्ययनले अनुसन्धान क्षेत्रलाई महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।

## १.८ अध्ययनको सीमा

(क) प्रस्तुत शोधको अध्ययन तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रबाट निर्धारित तथा निर्मित र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुरद्वारा प्रकाशित निम्नमाध्यमिक तह कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन पाठ्यपुस्तक भित्र दिइएका कविताहरूको विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.९ शोधपत्रको रूपरेखा

(क) पहिलो अध्यायमा शोधको परिचय, शोध शीर्षक, शोध प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य, अध्ययन विधि, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा र शोधपत्रको रूपरेखा रहेको छ ।

(ख) दोस्रो अध्यायमा कविताको सैद्धान्तिक परिचय, कविताको परिचय, कविताको परिभाषा, कविताका तत्वहरू, कविताको वर्गीकरण, विद्यालय तहमा कविता शिक्षणको प्रयोजन, भाषा पाठ्यपुस्तकमा राखिएका कविता विधाको उपयोगिता रहेको छ ।

(ग) तेस्रो अध्यायमा पाठ्यक्रम,पाठ्यक्रमको उद्देश्य र कविता विधाको क्षेत्र र क्रम, पाठ्यक्रमको अर्थ, पाठ्यक्रमको परिभाषा, पाठ्यक्रम र

पाठ्यपुस्तकबीच सम्बन्ध, पाठ्यक्रमको उद्देश्य, विधाको क्षेत्र र क्रम, विधाको स्पष्टीकरण, छनोट र स्तरण, मूल्याङ्कन प्रक्रिया रहेको छ ।

(घ) चौथो अध्यायमा शैक्षणिक उपयोगिताका दृष्टिले कविताका पाठहरूको संरचनागत विश्लेषण गरिएको छ जसअन्तर्गत विषयवस्तुगत संरचना र भाषिक पक्षको विश्लेषण गरिएको छ । यहाँ प्रश्नोत्तर, किसान, ओखलढुङ्गा, पृथ्वीसन्देश कविताको विश्लेषण छ ।

(ङ) पाँचौ अध्यायमा कवितामा प्रयुक्त नमुना अभ्यासको विश्लेषणअन्तर्गत परिचय, अभ्यासमा समावेश भएका प्रश्नका किसिम, प्रश्नको स्वरूप, नमुना अभ्यासको प्रकृति, नमुना अभ्यासको विश्लेषण रहेको छ ।

(च) छैठौं अध्यायमा निष्कर्ष र सुझावहरू तथा भावी शोधका लागि सम्भाव्य शीर्षकहरू दिई शोधपत्रलाई टुङ्ग्याइएको छ ।

# अध्याय-दुई

# कविताको सैद्धान्तिक परिचय

## २.१ कविताको परिचय

साहित्यका विविध विधाहरूमध्ये कविता एउटा प्राचीन र समृद्ध विधा हो । कवितालाई चिनाउने काम पूर्वीय र पाश्चात्य आचार्यहरूले पहिले देखि नै आ-आङ्घनै ढङ्गले गर्दै आएका छन् । पूर्वीय साहित्यमा काव्य र कवितालाई समान अर्थमा लिइएको छ । कविता कवि शब्दमा त (तल्) र आ (टाप्) प्रत्यय लागेर बनेको हो । कविले रचनाकारलाई र आ ले कविको रचनालाई बुझाएको छ । यसर्थ कविताको तात्पर्य कविद्वारा सम्पादित रचनाविशेष, कवितामयी रचना वा कविकर्म भन्ने हुन्छ (लुइँटेल र अन्यः २०५७, १) ।

मानिस चेतनशील र संवेदनशील हुन्छ । उसमा आफूमाथि घट्ने विभिन्न घटनाहरूको प्रतिक्रियास्वरूप उत्पन्न हुने सुख-दुःख, प्रेम, घृणा, क्रोध, दया, आशा, निराशाजस्ता कुराहरू चलायमान भइरहन्छन् । प्रकृतिमा आउने परिवर्तनका कारण त्यसमा देखिने सौम्य, मनोरम र विकराल रूपले पनि मानिस भावमय हुन जान्छ । चीरकालदेखि प्राप्त वाणीको वरदानले गर्दा यस्तो स्थितिमा ऊ मूक रहन सक्दैन । त्यसैले ऊ प्रकृतिका उपर्युक्त विविध रूपबाट र जीवका अन्यान्य परिस्थितिहरूबाट उद्वेलित भएर आङ्घना अनुभवहरूलाई वाणी दिन्छ । त्यसो गर्दा उसलाई सन्तोष, तृप्ति र आनन्द प्राप्त हुन्छ । यसमा भाव, कल्पना र बुद्धि तीनै कुराको समीश्रण हुन्छ । वास्तवमा कविता अनुभूति हो जो निश्चित लयमा आधारित हुन्छ । यसकारण कविता शिक्षण गद्य शिक्षणभन्दा भिन्नै किसिमको हुन्छ (शर्मा र पौडेलः २०६०, १८२)

भाषिक सीपको विकास गर्न सहयोग पुऱ्याउने प्राचीन र लोकप्रिय विधाका रूपमा कविता विधालाई मानिन्छ । भाषा सिकाइलाई प्रभावकारी बनाउन र महत्वपूर्ण क्रियाकलापको संचालन गर्न भाषा पाठ्यपुस्तकमा कविता राखिन्छ । शिक्षण सिकाइका क्रममा सबै विषयमा पर्याप्त शिक्षण

सामग्रीहरू पाइँदैनन् । यस्तो अवस्थामा भाषामा चाहिँ भाषिक सीप विकासका लागि विविध विधाहरूलाई नै सहायक सामग्रीका रूपमा प्रयोग गरिएको हुन्छ । कविता विधालाई पनि भाषिक सीप विकासमा सहयोगी सामग्रीका रूपमा भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएको हुन्छ । कविताले सिकाइलाई गतिशील र प्रभावकारी बनाउँछ ।

भाषा पाठ्यपुस्तकमा शिक्षणीय विषय  र सामग्रीको निरन्तर अभ्यास र पुनरावृत्तिको उद्देश्यले कविता राखिएको हुन्छ । भाषाका विभिन्न पक्ष र भाषिक सीपको विकासका लागि कवितामा निर्भर रहनुपर्ने आवश्यकता छ । कवितामा लय, गति, यति, शब्दभण्डार, भाषिक संरचना, लिखित तथा मौखिक क्रियाकलाप सहितको शिक्षणीय ढाँचालाई संलग्न गराउनुपर्छ । यसबाट भाषाका चारवटै सीप (सु. बो. प. ले.) मा वृद्धि हुने गरी सामग्रीको संयोजन गरिएको हुन्छ । यसबाट भाषिक सीपका साथै ज्ञान र धारणालाई एकिकृत रूपमा अगाडि बढाउन सकियोस् भन्ने अभिप्रायले कविता विधा पाठ्यपुस्तकमा समाविष्ट गरिएको हुन्छ ।

## २.२ कविताको परिभाषा

कविताका सम्बन्धमा पूर्वीय एवं पाश्चात्य विभिन्न विद्वानहरूले समयसमयमा आ-आङ्ना दृष्टिकोणहरू प्रस्तुत गर्दै कवितालाई विभिन्न कोणबाट चिनाएको पाइन्छ । सबै आचार्यहरूको कविताका सम्बन्धमा मतैक्य नभए पनि कविता कविद्वारा रचिएको कृति वा कवि कार्य भन्ने कुरामा पूर्व र पश्चिमका विद्वानहरूमा सहमति रहेको पाइन्छ । पूर्वमा अग्निपुराण र पश्चिममा एरिस्टोटलको काव्यशास्त्रबाट कवितासम्बन्धी सैद्धान्तिक परम्पराको जग बसाल्दै कवितालाई परिभाषित गर्ने र लक्षण निर्धारण गर्ने  काम हुँदै आएको छ  ।

**पूर्वीय विद्वानहरूका मतमा कविता/काव्यः**

"शब्द र अर्थको चमत्कारपूर्ण सहभाव नै काव्य हो ।"- भामह

"अभीष्ट अर्थले युक्त पदावदी काव्य हो ।"- दण्डी

"संक्षेपमा भावाभिव्यक्त गरिने अलङ्कार र गुणले युक्त एवं दोषमुक्त पदावली नै काव्य हो ।"- अग्निपुराण (लुइँटेल र अन्य: २०५७:३)

"यस्ता शब्द र अर्थलाई काव्य भनिन्छ जसमा दोष छैन, अलङ्कार छन्, गुण छन् र कहिलेकाहीँ अलङ्कार पनि छैन"- मम्मट

"रसले भरिपूर्ण वाक्यलाई काव्य भन्दछन् ।"- विश्वनाथ (शर्मा र पौडेलः २०६०, १८२)

"रमणीय अर्थलाई प्रतिपादन गर्ने शब्द नै काव्य हो ।"- जगन्नाथ (श्रेष्ठः २०५८,१०)

**पाश्चात्य विद्वानहरूका मतमा कविताः**

"आदर्शको प्रतिनिधित्व रूप कविता हो ।"- एरिष्टोटल

"काव्य शान्तिका क्षणमा संस्मरण गरिने प्रबल मनोवेगको स्वच्छन्द प्रवाह हो ।"- वर्डस्वर्थ

"कविता सरल, रागात्मक र प्रत्यक्षमुलक हुनुपर्दछ ।"- मिल्टन

"काव्य सङ्गीतमय अनुभूति हो ।"- कार्लाईल (लुइँटेल र अन्यः २०५७,३)

"कविता उत्तम शब्दहरूको उत्तमोत्तम क्रमविधान हो ।"- कलरिज (शर्मा र पौडेलः २०६०,१८२)

"कविता जीवनको आलोचना हो ।"- म्याथ्यू आर्नोल्ड (लुइँटेल र अन्यः २०५७, ४)

**नेपाली साहित्यकारका धारणामा कविताः**

"भावनाको वौद्धिक कोमलता कविता हो ।"- बालकृष्ण सम

"तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।"-केदारमान व्यथित (लुइँटेल र अन्यः २०५७,३)

"शब्द र संगीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।"- माधव घिमिरे (थापाः २०५०, ४२)

यसरी पूर्वीय र पाश्चात्य साहित्यशास्त्रमा कविता बारे थुप्रै परिभा पाइन्छन् । वास्तवमा माथिका सबै परिभाषाहरूको निष्कर्षमा यो भन्न सकिन्छ- कविता भनेको भाव वा विचारको कलात्मक अभिव्यक्ति हो । सम्प्रेषणीय भाषा र मार्मिकता कविताका गुण हुन् । छन्द वा लयको संयोजन पनि कविताका लागि आवश्यक छ । वास्तवमा मितव्ययी ध्वन्यात्मक भाषामा तीव्र भावको चमत्कारपूर्ण अभिव्यक्ति नै कविता हो ।

## २.३ कविता तत्त्वहरू

कुनै वस्तुलाई निश्चित संरचना प्रदान गर्ने अवयवलाई नै तत्व भनिन्छ । कवितामा पनि विभिन्न तत्वहरूको संयोजन पाइन्छ । प्रत्येक कविता एउटा संरचना हो र संरचनाका तत्व नै कविताका तत्व हुन् । कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा अवयवलाई तत्व भनिन्छ (लुइँटेल र अन्यः २०५७,५) । कविताको संरचनाको आधारमा यो चर्चा गरिएको पाइन्छ । यस सन्दर्भमा कविताको आन्तरिक संरचनाका आधारमा कविताका तत्वहरू पहिल्याइन्छ ।

### २.३.१ भावविधान

भावले शब्दको अर्थ प्रकट गर्ने र शब्दको अस्तित्वलाई, उजिल्याएर देखाउने काम गर्दछ । यो कविताको अनिवार्य तत्व हो । स्रष्टाले ब्रम्हाण्डका विविध पक्षलाई ग्रहण गरेर काव्यको सिर्जना गरेको हुन्छ । कविको जीवन भोगाइका क्रममा उसमा परेका प्रभावहरू कवितामा पोखिएको हुन्छन् । विषयवस्तु छान्ने स्वतन्त्रता कविलाई भएको हुँदा कवितामा विविधता आएको

हुन्छ । कविता शब्दशब्दका क्रममा गुम्फित भाषिक संरचना भएकाले यसमा भाव वा विचारको अभिव्यक्ति प्रकट भएको हुन्छ । यिनै शब्दमा अन्तरनिहित सत्ता वा अस्तित्व नै भाव हो (त्रिपाठी र अन्यः २०५४, २०) । यसबाट प्रकृति, मानव व्यवहार, संस्कृति, ज्ञानविज्ञान, इतिहास, धर्म, राष्ट्र, राष्ट्रियता, विश्वभातृत्व आदि पक्षका साथै मानव मनका सम्पूर्ण अनुभवको अभिव्यक्ति हुन्छ ।

### २.३.२ भाषाशैली

समग्र साहित्य भाषिक कला भएकाले भाषाशैली कविताको अनिवार्य तथा प्रमुख तत्व हो । मूल विषयवस्तु वा भाव विचारलाई व्यक्त गर्न सबभन्दा उपयुक्त देखिने वर्ण, शब्द, शब्दावली, वाक्य र अनुच्छेद प्रयोगको चयन कौशल नै कविताको भाषाशैली हो । कविताको भाषाशैली अभिधात्मक मात्र नभएर लाक्षणिक र व्यञ्जनात्मका भएमा अझ राम्रो मानिन्छ । गद्यात्मक र पद्यात्मक जस्तोसुकै कविताको भाषा विशिष्ट पनि हुन्च्छ । विद्यालय तहमा भने सरल भाषाशैलीयुक्त कविता नै चयनीय हुन्छन् । भाषाशैलीकै माध्यमबाट कविताले मूर्त रूप लिन्छ । यसको भाषाशैली सूक्ष्म र सुसङ्गठित हुन्छ ।

### २.३.३ लयविधान

लयविधान कविता विधाको मुटु नै हो । साहित्यका अन्य विधाबाट कवितालाई पृथकीकृत गराउने ततव लय नै हो । कवितामा लय उत्पन्न गर्ने अर्को तत्व अनुप्रास हो । समान ध्वनि भएका एक वा अनेक स्वर, व्यञ्जन वर्णको आवृत्तिबाट उत्पन्न हुने शब्दालङ्कारयुक्त ध्वनिलाई अनुप्रास भनिन्छ ( उपाध्यायः २०५५, ११३) । पद्य कवितामा अनुप्रास नियमबद्ध हुन्छ र यसैलाई छन्द भनिन्छ । छन्दयुक्त कवितमा छन्द र अनुप्रासको सुनियोजित व्यवस्था गरिएको हुन्छ भने छन्दमुक्त कवितामा त्यस्तो सुनियोजित व्यवस्था गरिएको हुँदैन । गद्य कवितामा सहज र स्वभाविक रूपमा स्वस्फूर्त लयात्मक भै प्रस्फुटन हुने भाषिक योजनाले संगीतात्मकता ग्रहण गर्दछ । कवितामा हुने

लयात्मक आकर्षणले गर्दा नै विद्यार्थीहरू सहज रूपमै भाषिक सीपमा दक्ष हुन्छन् ।

### २.३.४ बिम्ब-प्रतीक/अलङ्कार विधान

कतितामा व्यक्त भाव विचारलाई प्रभावकारी बनाउका निम्ति सम्बन्धित भाव विचार सँगसँगै छायाँजस्तो भई आउने तत्व नै कवितामा बिम्ब वा अलङ्कार हुन् । अलङ्कारले कवितालाई उदात्त बनाउँछन् । बिम्बलाई प्रतिमा, प्रतिबिम्ब वा प्रतीक पनि भन्ने गरिन्छ । अलङ्कारले थोरै शब्दमा धेरै र भावपूर्ण ढङ्गले भन्न सक्ने बनाउँछ । कुनै कुरालाई प्रभावकारी बनाउका लागि बढाईचढाई भन्ने गर्नु, कुनै कुरालाई अर्को वस्तुसँग काल्पनिक तुलना गर्नु अथवा देखाउनु आदि वैचित्यले कवितालाई उच्च स्तरीय बनाउन ठूलो योगदान दिन्छन् (अधिकारी :२०५६, ५१) । कविताको भाव सम्प्रेषणका लागि बिम्ब प्रतीक वा अलङ्कारविधान आवश्यक हुन्छ । कवितामा यसको प्रयोगले कलात्मक सौन्दर्य थप्ने काम गर्छ ।

### २.३.५ दृष्टिविन्दु/कथनढाँचा

कविले कवितालाई पाठकसमक्ष सम्प्रेषण गर्दा एउटा माध्यम बनाएको हुन्छ, त्यही माध्यम नै दृष्टिविन्दु हो । कवितामा वर्णन गर्ने को हो र त्यसमा मुख्यतः कसको वर्णन गरिएको छ भन्ने कुरा नै दृष्टिविन्दु हो । कवितामा प्रथम पुरुषमा र तृतीय पुरुषमा दृष्टिविन्दु हुन्छ । प्रथम पुरुष दृष्टिविन्दु हुँदा म, हामी सर्वनामको र तृतीय पुरुष हुँदा ऊ, त्यो, तिनी, उनी आदि सर्वनामको प्रयोग गरिन्छ । कविको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्ति गर्ने सूक्ष्म प्रक्रियालाई दृष्टिविन्दु भनिन्छ र कवितामा प्रयुक्त पात्रका माध्यमबाट दृष्टिविन्दु प्रष्टिन्छ (लुइँटेल र अन्यः २०५७, ८) । कविताको विषय आत्मापरक भएमा प्रथम पुरुषात्मक र वस्तुपरक भएमा तृतीय पुरुषात्मक भाषाको प्रयोग हुन्छ ।

## २.४ कविताको वर्गीकरण

कविता भाषाका माध्यमबाट गद्यात्मक वा पद्यात्मक रूपमा व्यक्तिका भावना वा अनुभूतिको सशक्त अभिव्यक्ति हो । यसलाई पूर्वीय र पाश्चात्य

विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमले वर्गीकरण गरेका छन् । पृथकपृथक रूपमा गरिने वर्गीकरण त्यति व्यवहारिक नहुने हुँदा कविताका आख्यानात्मक, प्रबन्धन र आयाम तीनै पक्षलाई समेट्ने गरी निम्नलिखित भागमा वर्गीकरण गर्नु उपयुक्त देखिन्छः

१. फुटकर कविता

२. खण्डकाव्य

३. महाकाव्य

४. गीतिकाव्य (लुइँटेल र अन्य: २०५७, १०)

आयामगत संरचनाका आधारमा कवितालाई माथि जसरी उल्लेख गरिए पनि निम्नमाध्यमिक तहको पाठ्यक्रममा उल्लेख गरे अनुरूप कविताको लयवद्धताका आधारमा निम्नानुसार वर्गीकरण गरिन्छ :

१. छन्दलय

२. लोकलय

३. गीतिलय

४. मुक्तलय

## २.५ विद्यालय तहमा कविता शिक्षणको प्रयोजन

कवितालाई साहित्यको ललीत र कोमल विधा मानिन्छ । कविता लयबद्ध र भावमय विधा हो । विशेषगरी केटाकेटीहरूका लागि सरल भाषामा लेखिएका कविताहरूको लय र भावले बालहृदयलाई आनन्दित र उत्साहित गराउने हुँदा तिनको माध्यमबाट केटाकेटीहरूको शुद्ध उच्चारण गर्ने र लय हालेर पढ्ने बानीको विकास हुन्छ । प्रारम्भिक तहमा कविता विशुद्ध श्रव्य र पाठ्य विषय भए पनि निम्न माध्यमिक/माध्यमिक तहमा यसको मुख्य उद्देश्य गति, यति र लय मिलाई सस्वर पढ्ने अभ्यास गराउनु हो ।

कविताले मानवीय मूल्यमान्यता र चिन्तनसँग परिचित हुने अवसर दिँदै जीवनलाई निराशाबाट मुक्त पारी रसिक बनाउन सहयोग पुऱ्याउँदछ । भाषाको विकासका लागि कविता शिक्षणले आवश्यक मात्रामा सहायता दिन्छ । कविता शिक्षणबाट बालबालिकामा लयबोधको विकास, शब्दभण्डारको विकास, शुद्ध उच्चारण गर्ने क्षमताको विकास, कल्पनाशक्तिको विकास, काव्यमा निहित सत्यम् शिवम् सुन्दरम्लाई पहिल्याउन सक्ने क्षमताको विकास गर्न सकिन्छ ( रिमाल : २०५३:९६) । कविताप्रति विद्यार्थीलाई आकर्षित गरेको खण्डमा केबल कविताको आस्वादन मात्र प्राप्त नभई यसले साहित्यिक र भाषिक विकासमा समेत सहयोग पुऱ्याइरहेको हुन्छ । भाषा शिक्षणमा कविताले महत्वपूर्ण भूमिका खेल्दछ । बालबालिकाहरू कविताका माध्यमबाट असचेत रूपमै सिकिरहेका हुन्छन् । कविताको गति, यति र लय मिलाएर सस्वर वाचन गराउँछ । विद्यार्थीमा कविताप्रति रुचि बढ्नुका साथै उच्चारण शुद्ध हुने र त्यसमा निहित छन्दको समेत ज्ञान हुन्छ । हाम्रा विद्यालयस्तरीय पाठ्यपुस्तकमा राखिएका कवितामा छन्दको ज्ञान गराउने प्रत्यक्ष उद्देश्य छैन यद्यपि छन्दका साथै भावबोधका लागि ज्यादै उपयोगी विधाका रूपमा कवितालाई स्वीकारिन्छ । कविताका गद्य पद्य दुई रूप भए पनि विद्यालय तहका पाठ्यपुस्तकमा पद्य कविताको मात्र समावेश गरिएको छ । यसको प्रयोजन कवितात्मक आस्वादन गराउने, शुद्ध उच्चारण तथा रसास्वादन गराउने हो ।

भाषिक सीपको विकास गर्नु नै भाषा शिक्षणको प्रमुख प्रयोजन हो । यसका लागि भाषा पाठ्यपुस्तकमा कविता, कथा, जीवनी, नाटक जस्ता विविध विधालाई समावेश गरिएको हुन्छ । कविता विधालाई तल्लो कक्षादेखि उच्च तहसम्मको नेपाली पाठ्यपुस्तकमा प्रमुख विधाका रूपमा समावेश गरिएको हुन्छ । साहित्यले मानवलाई आनन्दित तुल्याउने हुनाले पाठकहरू यसप्रति आकर्षित भएको पाइन्छ । कविता लोकप्रिय विधा हो भन्ने कुरा त बालकदेखि वृद्धसम्म सबैले आङ्नो तहअनुसार एक दुईवटा कविता जानेकै भनेकैबाट प्रष्ट हुन्छ । त्यस्ता कविता कुखरी काँ . . . . देखि नीति अथवा लोकसँग सम्बन्धित

पनि हुनसक्छन् । हरेक मानिसले एक दुई कविता जानेकै हुन्छन् । कविताले मानिसलाई आनन्दानुभूति गराउँछ । बालबालिकाको बोलाइ विकासमा कविताले सहयोग पुऱ्याउँछ । कविताले समाजमा व्याप्त कुरीति र कुसंस्कारको पर्दाफास गर्दै मानवीय मूल्य र मान्यता स्थापना गर्न ठूलो सहयोग पुऱ्याउँछ । त्यसैले नैतिक सामाजिक मूल्य मान्यता बोकेका कविताद्वारा बालबालिकाको मनस्थिति स्वच्छ बनाउन सकिन्छ । कुनै पनि समाजको सामाजिक अवस्थाको प्रतिबिम्ब कवितामा उत्रिने हुनाले यसबाट समाजलाई हेर्न सकिन्छ । यसरी यी माथि दिएका उद्देश्यहरू पूरा गराउनु नै कविता शिक्षणको प्रयोजन हो ।

## २.६ भाषा पाठ्यपुस्तकमा राखिएका कविता विधाको उपयोगिता

भाषा पाठ्यपुस्तकका राखिएका कवितालाई मुख्यतः पाठ्य ठानिनु उपयुक्त हुन्छ । हुनत कवितालाई श्रव्य र लेख्य रूपमा पनि उपयोग गर्न सकिन्छ । ........... कवितालाई शिक्षार्थीहरूका लागि लेख्य विषय बनाउने कुरालाई गौण नै मानिनु आवश्यक छ किनभने कविता लेखनको अभ्यास सामान्य भाषिक अभ्याससँग सम्बन्धित कुरा होइन (अधिकारी : २०५०, १६८) । वास्तवमै बालबालिकामा स्तरीय भाषिक सीपको विकास नभई कविता लेखनतर्फ अग्रसर गराउनु त हिड्न नसक्ने दगुर्न खोज्ने जस्तै हो । यसको मतलब बालबालिकाको भाषिक सीपको विकास गर्ने लक्ष्यमा नै पाठ्यपुस्तकका कविता उन्मुख हुनुपर्छ ।

विद्यालय तहका पाठ्यपुस्तकमा दिइएका कविताहरू मुख्यतः लयवद्ध पठन, शुद्धोच्चारण, भावबोध र छन्दबोका अभ्यासका लागि उपयोगी हुनसक्छन् । उक्त किसिमका अभ्यासका माध्यमबाट नै शिक्षार्थीहरूलाई कवितात्मक आस्वादनमा प्रवृत्त गराउने तथा अभिरुचि बढाउने मुख्य प्रयोजनतिर डोऱ्याउन सकिन्छ । भाषा पाठ्यपुस्तकमा कविताले विशुद्ध साहित्यिक लेखनको प्रतिनिधित्व गर्ने हुनाले कतिपय भाषिक अभ्यासका लागि यो उयुक्त ठानिदैन र हुँदैन पनि (अधिकारी : २०५०, १६८) । कवितबाट भाषाका सम्पूर्ण पक्षको विकास हुन सक्दैन, सम्पूर्ण भाषिक अभ्यासहरू

नगराउन पनि सकिन्छ । हिज्जे, वाक्यगठन तथा व्याकरणका कतिपय अभ्यासका लागि कविता नमुनालायक सामग्री हुन सक्छ । यसका लागि शिक्षक बेलैमा सजग रहनुपर्दछ ।

कविता अनुभूतिको विषय भएकाले शिक्षार्थीहरूलाई उक्त कुराको आस्वादन गर्ने स्थिति सृजना गरिदिनु मात्र शिक्षकको काम हुन्छ । कविताका भावको लामो व्याख्यानबाट शिक्षार्थीहरूले त्यसको आस्वादन गर्न सक्दैनन् । बरु उनीहरूलाई आफै त्यसको भाव कोट्याउनका लागि आवश्यक मद्दत गरिदिनु तथा प्रोत्साहित गर्नु उपयुक्त ठानिन्छ । फेरि शिक्षार्थीहरूमा शब्द भण्डारको विकासका लागि पनि कविता उपयुक्त नहुन सक्छ । यसमा प्रयुक्त कतिपय शब्दहरू उनीहरूको तहअनुरूप भाषिक व्यवहारका लागि कहिल्यै पनि उपयोगमा नआउने खालका पनि हुन सक्छन् । यसरी भाषा शिक्षणका दृष्टिले कविता शिक्षणमा उपर्युक्त सीमाहरू भए पनि बोधगम्य खालका कविताहरू तिनमा हुने भावगत मर्म तथा भावात्मक तीव्रताले गर्दा शिक्षार्थीहरूका लागि रोचक हुन पनि सक्छन् । कविता पढ्ने अभिरुचिको विकास गराउनाले उनीहरू कवितात्मक भाषा वा अभिव्यक्तिमा  तथा कविताका विविध शैलीमा परिचित हुन्छन् जसबाट उनीहरूको भाषिक क्षमता तथा कविता बुझ्ने क्षमताको विकासमा समेत अप्रत्यक्ष रूपमा सहयोग नै पुग्ने देखिन्छ (अधिकारी : २०५०, १६८) । शिक्षकको लामो व्याख्यानबाट विद्यार्थीले कवितात्मक आस्वादन प्राप्त गर्न सक्दैनन् । विद्यार्थीहरूलाई नै त्यसको भाव कोट्याउन लगाउँदा शिक्षण सफलीभूत हुन्छ । कवितामा प्रयोग हुने कतिपय शब्दहरू विद्यार्थीको तहअनुरूप प्रयोगमा नआउने पनि हुनसक्छन् । त्यसैले कविताको छनोट गर्दा बोधगम्य, सरस, सरल र बालबालिकाको स्तर अनुकूलका कविताहरूमा ध्यान दिनुपर्छ । शिक्षणका समयमा पनि यी सीमाङ्कनमा ध्यान पुऱ्याउनु पर्दछ ।

कविता सामान्यतः पद्य विधा हो । यो गद्यात्मक पनि हुन्छ तर विद्यालय तहका पाठ्यपुस्तकमा पद्यात्मक कविताहरू नै राखिएका छन् । नेपाली

कविताको परम्परा पनि पद्यात्मक नै भएकाले त्यसैमा आधारित भई भाषा शिक्षणमा कविता विधाको शैक्षणिक उपयोगिता खोजिनु उपयुक्त हुन्छ ।

अध्याय-तीन

# पाठ्यक्रम, पाठ्यक्रमको उद्देश्य र कविता विधाको क्षेत्र र क्रम

## ३.१ पाठ्यक्रमको अर्थ

पाठ्यक्रमलाई अंग्रेजीमा ुऋगचचष्अगगिु भनिन्छ । ऋगचचष्अगगि शब्द ल्याटिन भाषाको ुऋगचचभचभु शब्दबाट बनेको हो । ऋगचचभचभ शब्दको अर्थ दौड्नु भन्ने हुन्छ । यहाँ शिक्षा लिनुलाई दौडको रूपमा र पाठ्यक्रमलाई बाटो वा मैदानको रूपमा लिएको मान्न सकिन्छ । विद्यार्थीले शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडाएर आइनो गन्तव्य स्थानमा पुग्न सफल हुन्छ ( ज.ब.रा. र अन्यः २०५९, २) । कुनै विद्यालयमा शिक्षकले आइना विद्यार्थीहरूलाई शिक्षण गर्न केही विषयवस्तुहरूलाई बोध गराउन मात्र पाठ्यक्रम शब्द प्रयोग गरिँदैन अपितु पाठ्यक्रम विद्यालयको सम्पूर्ण जीवन र कार्यक्रमको सन्दर्भमा प्रयोग गरिन्छ । पाठ्यक्रम भन्नाले बालबालिकाहरूलाई प्रदान गरिने सम्पूर्ण अनुभवहरू जसको जिम्मेवारी विद्यालयले लिएको हुन्छ-बुझिन्छ (विष्टः २०४९, ६३) ।

समग्रमा के भन्न सकिन्छ भने पाठ्यक्रम भनेको पढाउने कुराहरूको सुनिश्चित क्रम वा सिलसिला हो जुन सुनिश्चित विन्दुबाट सुरु हुन्छ र विभिन्न धावनरूपी कार्यकलापहरू सञ्चालन गर्दै सुनिश्चित टुङ्गोमा पुगिन्छ । यो क्रम सुनिश्चित समयविन्दुबाट सुरु हुन्छ र सुनिश्चित समय विन्दुमा पुगेर टुङ्गिन्छ जसमा निश्चित पाठ्यवस्तु हुन्छ ।

## ३.२ पाठ्यक्रमको परिभाषा

पाठ्यक्रम के हो ? भन्ने सम्बन्धमा विभिन्न शिक्षाविदहरू, संस्थाहरू र आयोगहरूले आ-आइनै किसिमका परिभाषाहरू दिएका छन् । केही परिभाषाहरू यसप्रकारका छन्-

“सिक्ने व्यक्तिहरूका सामाजिक, मानसिक, आध्यात्मिक तथा नैतिक विकासमा सहयोग पुग्ने विद्यालयभित्र र बाहिरका समग्र अनुभवहरू एउटै कार्यक्रमका रूपमा पाठ्यक्रममा समावेश भएका हुन्छन् ।”- क्रो एण्ड क्रो ।

“पाठ्यक्रम भन्नाले मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको सार हो ।”- फ्रोवेल

“पाठ्यक्रम भनेको शिक्षकको त्यो साधन हो, जसको सहायताले उसले आफ्नो उद्देश्यअनुसार आफ्ना छात्रहरूलाई कुनै पनि रूपमा ढाल्न सक्छ ।”- कनिङ्घम

“पाठ्यक्रम भनेको विद्यार्थीहरूलाई शिक्षणसंस्था वा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान गर्ने मानसिकताले तयार पारिएको सामाजिक समूहको एउटा ढाँचा हो ।”- व्युच्याम्प

“शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।”- रा.शि.प.यो. २०२८ (शर्मा र पौडेलः २०६०, २६७)

“पाठ्यक्रम भनेको शैक्षिक लक्ष्यसम्म पुग्न मद्दत पुऱ्याउने एउटा गोरेटो हो र त्यो गोरेटो सुस्पष्ट एवं व्यवस्थित कार्यक्रमका रूपमा रहेको हुन्छ । विद्यार्थीहरूमा शिक्षामा अपेक्षित उद्देश्य हासिल गराउनका लागि समग्र सिकाइ अनुभवहरूको सङ्गालोका रूपमा यसलाई हर्न सकिन्छ ।” (शर्मा र पौडेलः २०६०, २६७) ।

पाठ्यक्रमको उपर्युक्त परिभाषाहरूले भाषा पाठ्यक्रमलाई समेट्न नसक्ने हुँदा भाषापाठ्यक्रमसम्बन्धी केही परिभाषाहरूलाई यहाँ राख्न अध्येताले सान्दर्भिक ठानेको छ ।

“भाषा सिकाइका निम्ति कार्यक्रमको आवश्यकता पर्दछ । यसरी भाषिक सीप आर्जनका निम्ति लक्ष्यित उद्देश्य हासिल गर्न गरिने सम्पूर्ण प्रयास नै मूलतः भाषापाठ्यक्रम हो भन्न सकिन्छ ।” (ढुङ्गेल र दाहाल : २०५७, ४)

“शैक्षिक, सामाजिक, वैज्ञानिक तथा समसामयिक परिस्थिति र सन्दर्भलाई दृष्टिगत गरी विद्यार्थीहरूको भाषिक सीप विकास गर्दै भाषिक, शुद्धताको निम्ति

सहयोग पुऱ्याउने र भाषा शिक्षणका सिद्धान्त अनुकूल तयार पारिएको शैक्षिक दस्तावेजलाई नै भाषापाठ्यक्रम भन्न सकिन्छ" (भण्डारीः २०५८,१८)

"भाषापाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर विद्यार्थीहरूमा भाषा शिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरेको हुन्छ ।" (शर्मा र पौडलः २०६०, २७०)

यसरी विभिन्न भाषाविद् र विद्वानहरूका परिभाषाहरूलाई हेर्दा भाषापाठ्यक्रम भनेको विद्यार्थीहरूलाई भाषिक सीपमा दक्ष बनाउन सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अंगालेर तयार गरिएको एउटा मार्गचित्र हो ।

## ३.३ पाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्बन्ध

पाठ्यक्रमले निर्देशित गरेका उद्देश्य, तय गरेका विषयवस्तु वा पाठ्यवस्तु, सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तथा व्यवस्थित गरिएका अन्य विविध कुराहरूको सीमाभित्र बाँधिएर उपयुक्त एवम् स्तरयुक्त पाठ्यसामग्रीहरूलाई सङ्गठित व्यवस्थित एवम् सुसिक्य हुने गरी निर्धारण, क्रमाङ्कन, व्याख्यान तथा अभ्यास कार्यहरू प्रस्तुत गर्ने सबभन्दा भरपर्दो र अधिकारिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ (शर्मा र पौडेल : २०६०, ३५३) । पाठ्यक्रम र पापठ्यपुस्तकबीच नङ मासुको सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रमले किन, के, कति र कसरी पढाउने भन्ने कुराको सैद्धान्तिक निर्देशन र सोच प्रदान गरेको हुन्छ । पाठ्यपुस्तकले पाठ्यक्रमको तिनै सैद्धान्तिक सोच र निर्देशनलाई आत्मसात गरी व्यवहारिक प्रस्तुति दिएको हुन्छ । पाठ्यक्रमकै आधारमा पाठ्यक्रमको उद्देश्य पूरा गर्न विषयवस्तुअनुरूप पाठ्यपुस्तक निर्माण गरिन्छ । यी दुवैमध्ये एउटाको मात्र संलग्नतामा कमजोरी रह्यो भने सिङ्गो पाठ्यक्रम अधुरो हुन्छ । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, क्षेत्र आदि निर्देशित गरिएको हुन्छ । पाठ्यक्रमको लक्ष्यअनुसार पाठ्यपुस्तक तयार पारिन्छ

(ढुङ्गेल र दाहालः २०५७, ६१) । यसरी हेर्दा पुस्तकमा राखिएका विषयवस्तुले पाठ्यक्रमको उद्देश्यलाई प्रतिबिम्बित गरेको हुनुपर्छ भन्ने बुझिन्छ ।

नि.मा. तहको पाठ्यक्रमको आधारमा नै कक्षा ८ को 'हाम्रो नेपाली किताब' तयार भएको हो । पाठ्यक्रममा उल्लेख भएका समग्र कुराहरू त पाठ्यपुस्तकले समेट्न सकेको देखिँदैन । पाठ्यक्रमले निर्देश गरे अनुसारका कविताहरू पाठ्यपुस्तकमा समावेश गर्ने जमर्को भए पनि त्यो पूर्णतया परिपालन भएको देखिँदैन । कविताको छनोटका साथै स्तरणमा पनि त्रुटि देखिन्छ । यसरी समग्र मूल्याङ्कन गर्दा पाठ्यक्रमको उद्देश्यलाई धेरथोर समेट्ने गरी विषयवस्तु राखेर नै पाठ्यपुस्तकको निर्माण भएको छ भन्न सकिन्छ ।

## ३.४ पाठ्यक्रमको उद्देश्य

पाठ्यक्रम निर्माण गर्दा सर्वप्रथम त्यस पाठ्यक्रमको उद्देश्य निर्धारण गर्नुपर्दछ । उद्देश्यविनाको पाठ्यक्रम सम्भव हुदैन । पाठ्यक्रममा उद्देश्य अनुसारकै विषयवस्तुलाई समावेश गरिन्छ । पाठ्यक्रमका उद्देश्यहरू श्रेणीवद्ध क्रममा राखिएको हुन्छ । जस्तै- सीपगत, विधागत, विषयगत, कक्षागत, तहगत तथा राष्ट्रिय आदि ।

भाषापाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइमा छुट्टाछुट्टै उद्देश्यहरूको निर्धारण गरिएको हुन्छ । त्यसै उद्देश्यअनुसारका विषयवस्तुहरूमा पनि विविधता अँगालिन्छ । भाषापाठ्यक्रमका कुनै विषयवस्तुले सुनाइ सीपको विकास गर्न मद्दत गर्छ भने कुनै विषयवस्तुले बोलाइको । त्यस्तै कुनै विषयवस्तुबाट पढाइ सीपको विकास हुन्छ भने कुनै विषयवस्तुबाट लेखाइ सीपको विकास गराउन बढी उपयोगी हुन्छ ।

विद्यालय तहमा पढाइने नेपाली भाषा शिक्षणको उद्देश्य विद्यार्थीको भाषिक क्षमता वृद्धि गर्नु हो । विद्यालयमा पठनपाठन गराइने अङ्ग्रेजी बाहेकका नेपाली इतर विषयको माध्यम भाषा नेपाली नै हो । त्यसैले विद्यार्थीमा नेपाली भाषा विषयबाट बोध तथा अभिव्यक्ति क्षमताको पनि

विकास गराउनु आवश्यक हुन्छ । मुख्यतः यिनै कुराहरूमा केन्द्रित रही नि.मा. तहको नेपाली पाठ्यक्रम तयार गरिएको छ र सोही अनुसारका उद्देश्यहरू पनि निर्धारण गरिएका छन् । निम्नमाध्यमिक तहका लागि जम्मा १७ वटा तहगत उद्देश्यहरू राखिएका छन् । यी तहगत उद्देश्यहरू हासिल गराउन कक्षाअनुसार अलग-अलग भाषागत उद्देश्यहरू पनि राखिएका छन् । कक्षा ६, ७ र ८ मा अलग-अलग छुट्याइएका सम्पूर्ण भाषिक सीपहरू पूरा भएमा तहगत उद्देश्यहरू पूरा हुने देखिन्छ । तसर्थ पाठ्यक्रमका उद्देश्यहरू भाषिक सीप विकासमा बढी सम्बद्ध छन् भनी किटान गर्न सकिन्छ । अतः सुनाइ, बोलाइ, पढाइ र लेखाइ हासिल गराउने उद्देश्यहरूको यहाँ चर्चा गर्नु सान्दर्भिक ठहरिन्छ ।

### ३.४.१ सुनाइ र बोलाइ

कवितासँग सम्बन्धित सुनाइ र बोलाइ सीपका उद्देश्यहरू निम्न प्रकारका छन्-

१. उच्चरित ध्वनिहरूको भिन्नता पत्ता लगाउन र सोहीअनुरूप उच्चारण गर्न,
२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
३. अरूले वर्णन गरेका कुराहरू बुझी आफ्‌ना शब्दमा व्यक्त गर्न,
४. विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न,
५. साहित्यिक विधाहरू पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन,
६. मौखिक अभिव्यक्ति सुन्ने क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिको ख्याल गर्न ।

पाठ्यक्रम सुनाइ र बोलाइ सीप अन्तर्गत जम्मा ९ वटा उद्देश्यहरू राखिएका छन् । तीमध्ये जम्मा ६ वटा उद्देश्यहरू कविता विधासँग पनि सम्बन्धित छन् । त्यसैले पाठ्यपुस्तकमा सङ्कलित कविताहरूलाई उद्देश्यअनुरूप नै भएको मानिन्छ ।

### ३.४.२ पढाइ

कवितासँग सम्बन्धित पढाइ सीपका उद्देश्यहरू निम्न छन्-

१. लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न,
२. पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बुझेर बताउन,
३. पाठमा व्यक्त भावअनुसार लय, सुर र आघात मिलाइ पढ्न,
४. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न प्रतिक्रिया जनाउन,
५. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

पढाइ सीप हासिल गराउन पाठ्यक्रमले जम्मा ९ वटा उद्देश्यहरू राखेको छ । ती मध्ये पढाइ सीपका ५ वटा उद्देश्यहरू कविता शिक्षणबाट पनि हासिल हुन्छन् । तसर्थ उद्देश्यका दृष्टिले पाठ्यपुस्तकमा समावेश भएका कविताहरू उद्देश्यमूलक मान्नुपर्छ ।

### ३.४.३ लेखाइ

कवितासँग सम्बन्धित लेखाइ सीपका उद्देश्यहरू निम्न प्रकारका छन्-

१. हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्न,
२. सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न,
३. पाठका विशिष्ट अंशहरूको भाव विस्तार गर्न,
४. व्याकरणका आधारभूत तत्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

लेखाइ सीपका लागि जम्मा १० वटा उद्देश्यहरू पाठ्यक्रमले निर्धारण गरेको छ । ती मध्ये ४ वटा उद्देश्यहरू कविता शिक्षणसँग सम्बन्धित छन् । यी उद्देश्यहरू केही हदसम्म अन्य विधाले पनि मद्दत पुऱ्याउन सक्ने देखिन्छ ।

कक्षा ८ को नेपाली पाठ्यक्रममा राखिएका सीपगत उद्देश्यहरू मध्ये कविता शिक्षणबाट पूरा हुन सक्ने उद्देश्यहरूलाई तालिकाद्वारा निम्न प्रकारले स्पष्ट पार्न सकिन्छ-

तालिका नं. १

कविताले समेट्ने सीपगत उद्देश्यहरू

| क्र.सं. | भाषिक सीप | निर्धारित उद्देश्य | कवितासँग सम्बन्धित उद्देश्य | प्रतिशत |
|---|---|---|---|---|
| १. | सुनाइ र बोलाइ | ९ | ६ | ६६.६६% |
| २. | पढाइ | ९ | ५ | ५५.५५□ |
| ३. | लेखाइ | १० | ४ | ४०% |
| कुल जम्मा | | २८ | १५ | ५३.५७% |

माथि तालिका नं. १ बाट के प्रष्ट हुन्छ भने कक्षा ८ मा राखिएका कविताको शिक्षणबाट मात्रै पनि सुनाइ र बोलाइका ६६.६६% पढाइका ५५.५५□ र लेखाइका ४०% भाषिक सीपहरू हासिल हुन्छ । त्यस्तै सम्पूर्ण सीपगत उद्देश्यहरूको ५३.५७% उद्देश्यहरू कविताले पनि समेट्न सक्ने देखिन्छ । यसबाट पाठ्यक्रममा कविता विधाको अत्यन्त महत्व रहेको प्रष्टिन्छ ।

## ३.५ विधाको क्षेत्र र क्रम

विधाको क्षेत्र भन्नाले विधाले ओगटेको स्थान र क्रम भन्नाले क्रमिकता भन्ने बुझिन्छ । नेपाली साहित्यमा कविता सर्वप्राचीन विधा हो । यसको विकासक्रम परापूर्व कालदेखि निरन्तर अगाडि बढिरहेको छ । त्यसैले गर्दा यसको क्षेत्र पनि व्यापक छ ।

विधा भनेको विषय हो, क्षेत्र भनेको त्यस विधाले ओगट्ने कुराको सीमा हो र क्रम भनेको विषय राख्ने पालो हो । विधाको क्षेत्र भन्नाले पारिवारिक, सामाजिक, प्राकृतिक, वातावरणीय आदिलाई लिइन्छ । त्यस्तै गरी पाठ्यवस्तु एवम् विषयवस्तुको क्रम भन्नाले तिनको सरलबाट जटिलतिर, ज्ञातबाट अज्ञाततिर, सामान्यबाट विशिष्टतिर, मूर्तबाट अमूर्ततिर आदिको क्रम भन्ने बुझिन्छ (अधिकारी र शर्मा, २०५६:२२) । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न विविध क्षेत्रबाट कविताको छनोट गर्नुपर्दछ । पाठ्यवस्तु भएर मात्र हुँदैन, तिनलाई क्रम मिलाएर राख्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

निम्नमाध्यमिक तह कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा कविता विधाको क्रम मिलेको पाइँदैन । कविता विधाका लागि पाठ्यक्रमले लयबद्धताका आधारमा छन्दलय, लोकलय, गीतिलय र मुक्तलयका कविताहरू तोकेको छ ।

विधाको क्षेत्र र क्रमको सापेक्षाताका दृष्टिले पाठ्यपुस्तकमा प्रयुक्त कविताहरूलाई तालिकामा निम्न प्रकारले देखाउन सकिन्छ -

तालिका नं. २

विधाको क्षेत्र र क्रमको सापेक्षताका दृष्टिले पाठ्यपुस्तकमा कविताको प्रविष्टि

| कक्षा | क्र.सं. | कविता शीर्षक | क्षेत्र र क्रम/ लयबद्धता | क्षेत्र र क्रम अनुरूप छ/छैन |
|---|---|---|---|---|
| ८ | १. | प्रश्नोत्तर | छन्दलय | छ |
| | २. | किसान | लोकलय | छैन |
| | ३. | ओखलढुङ्गा | गीतिलय | छ |
| | ४. | पृथ्वी सन्देश | लोकलय | छैन |

पाठ्यक्रममा कक्षा ८ का लागि लयबद्ध कविता अन्तर्गत छन्दलय, लोकलय, गीतिलय र मुक्तलयका कविता समावेश भएपनि अपेक्षित लोकलय पाइँदैन । तसर्थ क्षेत्र र क्रमका दृष्टिले कविता विधाको छनोट र स्तरणमा पाठ्यक्रम र पाठ्यपुस्तकबीच पूर्ण रूपमा चाहिँ संगति देखिदैन ।

## ३.६ विधाको स्पष्टीकरण

साहित्यका विविध विधाहरूमध्ये कविता सर्वप्राचीन र प्रमुख विधा मानिन्छ । मान्छेका जीवन, समाज र प्रकृतिमा घट्ने विभिन्न घटनाहरू, मान्छेका जीवनमा सुखदुःख, पीडा, आवेग, संवेग, भावनवा, भूत, भविष्य, आकाश, धर्ती आदि पक्षलाई कविताले समेट्छ । त्यसैले गर्दा कविताको क्षेत्र व्यापक मानिन्छ । यी सबै क्षेत्रलाई पाठ्यक्रममा एकैचोटि समावेशका लागि स्थान दिन सकिन्न । विद्यार्थीको रुचि, दक्षता, उमेर, आदिको ख्याल गरी कविताको निश्चित क्षेत्र मात्र समावेश गरिन्छ । कविता विधाका लागि

पाठ्यक्रममा विषयवस्तुको निश्चित परिधि तोकिन्छ त्यसलाई विधाको स्पष्टीकरण भनिन्छ ।

नि.मा. तह कक्षा ८ को नेपाली पाठ्यक्रममा कविता विधाको समावेश गरिएको छ । विधागत रूपमा कविताको स्पष्टीकरण गरिएको छ । यस अन्तर्गत लयबद्धताका आधारमा छन्दलय, लोकलय, गीतिलय र मुक्तलयका कविताहरूलाई समावेश गरिएको छ । ती मध्ये कक्षा ८ का लागि छन्दलय, लोकलय, गीतिलय र मुक्तलयका कवितालाई समावेश गरिए पनि स्पष्ट रूपमा छन्दलयको कविता प्रश्नोत्तर र गीतिलयको कविता ओखलढुङ्गा मात्र देखिन्छ । किसान कवितालाई लोकलयको कविताका रूपमा समावेश गरिए पनि यो पूर्णरूपमा लोकलयमा आधारित छैन । यिनको संक्षिप्त परिचय तल दिइन्छ-

**(क) छन्दलय**

शास्त्रीय छन्दअन्तर्गत ह्रस्व दीर्घको मात्रा गणना गरेर सुनिश्चित मात्रा भएका अक्षरपङ्क्ति वा पाउ मिलान गरी निर्माण गरिने छन्दलाई मात्रिक छन्द र सुनिश्चित अक्षर वा वर्णसङ्ख्याको मिलान गरी निर्माण गरिने छन्दलाई वार्णिक छन्द भनिन्छ (भण्डारी र पौडेल, २०६१:१०१) । शास्त्रीय छन्दअन्तर्गतका मात्रिक र वार्णिक छन्दमा लेखिने कविताहरू छन्दलयमा आधारित कविताहरू हुन् । कक्षा ८ को प्रश्नोत्तर कविता वसन्ततिलका छन्दमा लेखिएको छन्दलयमा आधारित कविता हो ।

**(ख) लोकलय**

गीत लयको आधारमा बग्दछ र यसमा मात्रा अथवा वर्णको समानताजस्तो देखिन्छ, यसैले यसलाई छन्दअन्तर्गतकै एक रूप मानिदिए पनि हुन्छ । लोकलय लोकजीवनमा प्रचलित जातिय लय वा छन्द हो । यो लय नेपाली जीवनमा गहिरोसँग भिजेको हुँदा साह्रै प्रिय छ (पराजुली, २०४९: २६५) । लोकलयमा ह्रस्वदीर्घ जुन अक्षर भएपनि हुन्छ- भन्दा र गाउँदा मिल्नुपर्छ । कति गीतहरूमा एक दुई अक्षर घटबढ पनि हुन्छन् र लयका

आधारमा विश्राम हुँदै जान्छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट किसान कविता असारे लोकलयमा आधारित कविता हो तर यो कविताको लय असारे लय जुन रूपमा हल्कासँग बग्छ त्यो रूपमा बग्न सक्दैन । त्यसैले पाठ्यक्रम अनुरूपताका आधारमा हेर्दा यो त्यति उपयुक्त छैन । त्यस्तै पृथ्वीसन्देश कविता पनि सवाईअन्तर्गत लोकलयमा आधारित कविता हो । यो कविता पनि लयात्मकताका दृष्टिले पाठ्यक्रमअनुरूप देखिँदैन ।

**(ग) गीतिलय**

गीतिलयमा आधारित कविताको लय गीतकै आधारमा बग्छ । यस्ता गीतका लय विभिन्न रूपका हुन्छन् (पराजुली, २०४९:२६९) । गीतको लयमा कविता बग्ने हुनाले यस्ता कविता श्रुतिमाधुर्य हुन्छन् । बालबालिकाका लागि यस्ता कविता उपयक्त मानिन्छ । कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट ओखलढुङ्गा कविता गीतिलयमा आधारित कविता हो । यसलाई गीतका रूपमा गाई रेकर्ड पनि गरिएको छ । पाठ्यक्रम अनुरूपताका दृष्टिले यो कविता उपयुक्त रहेको भएपनि यसको लमाइ बढी देखिन्छ ।

**(घ) मुक्तलय**

शास्त्रीय छन्ददेखि भिन्न अन्य कवितालाई 'मुक्त' वा 'स्वच्छन्द' कविता भनिन्छ र यसैलाई 'गद्यकविता' पनि भन्ने गरिएको छ । यस्तै मुक्त कवितालाई स्वतन्त्र कविता र स्वतन्त्र छन्द भनिएको समेत देखिन्छ । मुक्त वा स्वच्छन्द कवितामा पनि छन्द नै नहुने होइन तर त्यसको प्रकृति मुक्त हुन्छ (पराजुली, २०४९:२६९) । मुक्तलयका कविता भनेर पाठ्यक्रमले गद्य कवितालाई सङ्केत गरेको देखिन्छ तर पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमको यो मर्मलाई बेवास्ता गरी गद्यकविता समावेश गरेको पाइँदैन । कक्षा ८ को नेपाली किताबमा मुक्तलयमा आधारित कविता समावेश गरिएको छैन ।

## ३.७ छनोट र स्तरण

पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका छनोट र स्तरणको ठूलो भूमिका रहेको हुन्छ । विद्यालयमा पठनपाठन गर्नुपर्ने विषयवस्तु असीमित रहेका हुन्छन् । तिनलाई सीमित समयभित्र पठनपाठन गर्नुपर्ने हुन्छ । त्यसैले पाठ्यक्रमको उद्देश्य तह समयावधि, विद्यालयको प्रकृति, विद्यार्थीको पूर्वक्षमता, विद्यार्थीको रुचि र आवश्यकता आदिलाई ध्यान दिई विषयवस्तु छान्ने कार्यलाई छनोट भनिन्छ । यसरी छनोट गरिएका विषयवस्तुलाई पूर्वापर क्रम मिलाई श्रृङ्खलाबद्ध गर्ने कार्यलाई स्तरण भनिन्छ ।

विद्यार्थीले अध्ययन गर्नुपर्ने अपार विषयवस्तुबाट उनीहरूको स्तर अनुसार शिक्षण गरिने पाठ्यांश छानेर छुट्याउनुलाई छनोट भनिन्छ (लामिछाने, २०५७:२५) ।

स्तरण भनेको छनोट गरिएका पाठ्यवस्तुहरूलाई मनोवैज्ञानिक तथा शैक्षिक आधारमा क्रमिक रूपमा उकास्तै लैजानु वा उन्नयन गर्नु हो ( अधिकारी, २०५९:८९) ।

छनोटले भाषा शिक्षणका उद्देश्य, समयावधि, तह र अन्य विविध पूर्वाधारहरू बाँधिएर शिक्षण सिकाइका निम्ति आवश्यक र महत्वपूर्ण हुने पाठ्यवस्तु वा पाठ्यसामग्रीहरूलाई शिक्षण सिकाइका लागि उपयुक्त हुनेगरी व्यवस्थित अनुक्रममा बाँधेर क्रमशः उकास्तै वा उन्नयन गर्दै प्रस्तुत गर्ने काम गर्दछ (शर्मा र पौडेल, २०६०:३२१) ।

पाठ्यक्रममा कक्षा ८ को नेपाली विषयका लागि छन्दलय, लोकलय, गीतिलय र मुक्तलयमा आधारित कविता गरी जम्ममा ४ क्षेत्रबाट १/१ वटा कविता छनोट गरिएको छ । पाठ्यपुस्तकमा पनि ४ वटै कविताका पाठहरू छन् । पाठ्यक्रमले निर्दिष्ट गरेका क्षेत्रबाट छन्दलय र गीतिलयका कविता पाठ्यपुस्तकमा समावेश छन् । छन्दलयको प्रश्नोत्तर कविताको स्तरणलाई भने उपयुक्त मान्न सकिन्न किनभने यो क्लिष्ट कवितालाई पाठ्यपुस्तकमा पहिले राखिएको छ । लोकलयमा भएको किसान कविता र मुक्तलयमा पृथ्वी सन्देश कविता छनोटका दृष्टिले त्यति उपयुक्त देखिँदैन ।

## ३.८ मूल्याङ्कन प्रक्रिया (भाषिक क्षेत्र र अङ्कभार वितरण)

विद्यार्थी मूल्याङ्कन दुई किसिमबाट गरिन्छ- निर्माणात्मक र निर्णयाात्मक । निर्माणात्मक मूल्याङ्कन निरन्तर गरिन्छ भने निर्णयात्मक मूल्याङ्कन कक्षोन्नतिका लागि गरिन्छ । निर्माणात्मक सुधारात्मक हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू पर्छन् । नेपाली भाषाको मूल्याङ्कनमा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता सीपको मापन गरिनेछ (नि.मा.पा. २०५८) ।

अन्तिम परीक्षामा मूल्याङ्कन गर्न कठिनाइ हुने भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचनजस्ता सीपहरूको मूल्याङ्कन भने निर्माणात्मक तहमै गरिनेछ र सोको केही प्रतिशत निर्णयात्मक मूल्याङ्कनमा जोड्ने व्यवस्था हुनेछ (पूर्ववत्) ।

तलिका नं. ३

भाषिक क्षेत्र र अंकभार वितरण

| क्षेत्र | विधा | अङ्क |
|---|---|---|
| पढाइ र लेखाइ<br>क) पाठगत प्रश्न | कथा, कविता, रूपक प्रबन्ध/निबन्ध, जीवन | ३० |
| ख) बोध दृष्टांश/अदृष्टांश<br>ग) सारांश | कथा, प्रबन्ध, निबन्ध, जीवन<br>कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ५<br>५ |
| घ) भावविस्तार व्याख्या | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | १० |
| ङ) रचना<br>- निर्देशित<br>- स्वतन्त्र | क) प्रबन्ध/निबन्ध<br>ख) चिठी, निवेदन, संवाद, विवादात्मक अभिव्यक्ति कथात्मक अभिव्यक्ति | २० |
| शब्दभण्डार | - शब्दको अर्थ<br>- वाक्यमा प्रंयोग | १० |
| व्याकरण | पहिचान र प्रयोग | २० |

स्रोतः निम्नमाध्यमिक पाठ्यक्रम, २०५८

प्रस्तुत तालिका हेर्दा विधागत विषयवस्तुमा ५० अङ्क र भाषागत विषयवस्तु (रचना, शब्दभण्डार, व्याकरण) हरूमा ५० अङ्क गरी जम्मा १०० अङ्कको नेपाली विषयको अङ्कभार कायम गरिएको देखिन्छ । नेपाली विषयको प्रतिहप्ता पाठ्यभभार ५ र वार्षिक पाठ्यभार १० घण्टी राखिएको छ जुन पाठ्यवस्तुका हिसाबले कम देखिन्छ । विधागत आधारमा कवितालाई पाठ्यभार ८६ छुट्याइएको छ जुन उपयुक्त नै देखिन्छ ।

विधागत आधारमा कवितालाई मात्र यति अङ्क भनेर छुट्याएाको छैन । पाठगत प्रश्न, सारांश र भावविस्तार तथा व्याख्यामा अन्य विधासँग कविता विधालाई पनि समेटेर अङ्क विभाजन गरिएको छ । यसलाई पनि ठिकै मानिन्छ ।

## अध्याय चार

# शैक्षणिक उपयोगिताका दृष्टिले कविताका पाठहरूको संरचनागत विश्लेषण

यस अध्यायमा संरचनागत आधारमा पाठ्यपुस्तकमा प्रयुक्त कविताहरूको विश्लेषण गर्ने जमर्को गरिएको छ । सर्वप्रथम विषयवस्तुगत संरचना (शीर्षकविधान, विषयवस्तु, कथनढाँचा, लयविधान, भाव/विचार र बनोट/संरचना) का आधारमा कवितालाई हेरिन्छ । त्यसपछि कविताको भाषिक पक्ष (वाक्यसंरचना/वाक्यढाँचा र भाषाशैली/शब्दप्रयोग) हेरिन्छ ।

### ४.१ प्रश्नोत्तर

#### ४.१.१ शीर्षक विधान

प्रश्नोत्तर कविताका रचनाकार महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । देवकोटाले यस कवितामा प्रश्न उत्तरको शैलीमा जीवनका महत्वपूर्ण प्रसङ्ग कोट्याएका छन् र तिनको आफ्न किसिमका समाधानका उपायहरू पनि औंल्याएका छन् । जीवन निर्वाहका क्रममा मानिसले आफ्नै मनमा विभिन्न तर्क, द्विविधा र प्रश्नहरूको सामना र समाधान गर्नुपर्ने हुन्छ । कविले मानिसका जीवनमा आइपर्ने समस्याहरूलाई प्रश्न बनाइ तिनको समाधानको लागि युक्तिपूर्ण उत्तर पनि आफैंले दिएका छन् । देवकोटाले यहाँ जीवनका उच्च आदर्श भावहरू प्रश्नोत्तरका रूपमा प्रकट गरेका छन् । समग्र कवितामा कविले आठवटा प्रश्न सोधेका छन् र त्यसको यूक्तिपूर्ण उत्तर पनि आफैंले कवितामै दिएका छन् । त्यसैले प्रश्न र उत्तरको शैलीमा रचिएको यस कविताको शीर्षक सार्थक रहेको छ ।

#### ४.१.२ विषयवस्तु

वर्तमान युगको मानिस समस्या नै समस्या लिएर बाँचिरहेको छ । हरक्षण हरपल ऊ तिनै समस्यासँग जुधिरहेको छ । वास्तवमा सामान्य समस्याको समाधान पनि मानिस गर्न नसक्ने अवस्थामा छ । त्यसैले मान्छेका

यस्ता समस्या र द्विविधालाई प्रश्न बनाई देवकोटाले तिनको युक्तिपूर्ण दार्शनिक उत्तर पनि सुझाएका छन् । त्यसैले यस कविताको विषयवस्तु भनेकै मान्छेका वास्तविक जीवन भोगाइमा देखापरेका समस्याहरू नै हुन् ।

देवताहरूले पान गर्ने अमृत के हो भन्ने प्रश्न सोधी देवकोटाले कविताको उठान गरेका छन् । सच्चा कमाइ गरेर खानुलाई नै उनले अमृतको संज्ञा दिएका छन् । त्यस्तै सुखको प्यासी मानिसलाई उनले आफू मिटाइ अरूलाई दिनुमा नै वास्तविक सुख छ भनेका छन् । दोस्रो श्लोकमा शान्ति पाउन रुखमुनि बस्नुपर्छ भनेका छन् भने मन्दिरमा देवता खोज्नेलाई शुद्ध मनले आसनमा बस्न भनेका छन् । तेस्रो श्लोकमा उनले जीवनको रहस्यमयताका बारेमा बुझ्न खुल्दो गुलाबलाई हेर्ने सङ्केत गर्दै उद्यानमा गएर बसे सबै तत्व पनि खुल्छन् भनेका छन् । चौथो तथा अन्तिम श्लोकमा मान्छेको कर्तव्य र विरोधका बारे बताएका छन् । यसलाई बुझ्न आकाशका नक्षत्र हेरेर आफ्नै मनलाई सोध्न भनेका छन् । जगतमा ठूलो भन्ने कुरा पसिना र विवेक मात्रै हो र मान्छेले सधैं उडेर चन्द्रमा छुने उद्देश्य लिनुपर्छ भन्दै कविताको अन्त्य गरिएको छ ।

### ४.१.३ कथनढाँचा

प्रश्नोत्तर कवितामा तृतीय पुरुष कथनढाँचाको प्रयोग भएको छ । सांसारिक मोहमाया र भोगविलासमा रहेका मानिसका धेरै समस्याहरू रहेका छन् । देवकोटाले ती समस्याहरूलाई प्रश्न बनाई उत्तर पनि आफैंले दिएका छन् । उपदेशात्मक शैलीमा रहेको यस कवितामा मध्यम आदरार्थी द्वितीय पुरुष (तिमी/तिमीहरू) का लागि प्रयोग हुने क्रियापदको प्रयोग गरिएको छ । जस्तै सच्चा कमाइ गरिखानु भनेर जान (श्लोक-१)

'उद्यानमा बस गई सब तत्व खुल्छन्' (श्लोक-३)

'नक्षत्र हेर नभमा दिलसाथ सोध' (श्लोक-४)

समग्र कविता नै विश्व मानवप्रति लक्ष्यित भएकाले माथिका हरफहरू विश्व मानव (तृतीय पुरुष)का लागि सम्बोधन गरी उपदेशात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ४.१.४ लयविधान

प्रंश्नोत्तर छन्दलयमा आधारित कविता हो । यो शास्त्रीय वर्णमात्रिक वसन्ततिलका छन्दमा आधारित छ । यस छन्दमा १४ अक्षरको एक पाउ र चार पाउको एक श्लोक हुन्छ । यसमा हरेक पाउमा त भ ज ज गण र अन्त्यका दुई अक्षर गुरु अर्थात दीर्घको क्रममा रहेका हुन्छन् । यसमा प्रत्येक पाउको आठौं अक्षरमा विश्राम र चौधौं अक्षरमा पूर्णविराम हुन्छ ।

के हो अहो ! अमृत त्यो सुरदेव पान

ऽऽ।   ऽ।।   ।ऽ।   ।ऽ।   ।ऽ।   ऽ।

सच्चा कमाइ गरिखानु भनेर जान

ऽऽ।   ऽ।।   ।ऽ।   ।ऽ।   ऽ।

खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ

ऽऽ।   ऽ।।   ।ऽ।   ।ऽ।   ऽ।

आफू मिटाइ अरूलाई दिनू जहाँ छ

ऽऽ।   ऽ।।   ।ऽऽ   ।ऽ।   ऽ।

अन्त्यका दुई अक्षर दीर्घ हुने नियम भए पनि यहाँ अन्तिम अक्षर ह्रस्व रहेको छ । तर स्मरणीय कुरा- “पाउको अन्तिम वर्ण/अक्षर मात्रिक छन्दमा ह्रस्व वा दीर्घ दुबै हुनसक्ने तर वार्णिक छन्दमा ह्रस्व भए पनि दीर्घ नै मानिने” (भण्डारी र पौडेल, २०६१:१०३) नियम पनि रहेको छ । त्यस्तै गण मिलाउन उच्चारणअनुसार व्याकरणको ह्रस्व-दीर्घ नियम भङ्ग हुन सक्ने नियम पनि रहेको छ । यस कवितामा भएको उपयुक्त छन्दयोजनाले सांगीतिक मिठासका साथै अन्त्यानुप्रास योजनाले कवितालार्य श्रुतिमाधुर्यको चरमोत्कर्षमा पुऱ्याएको आभास पाइन्छ ।

### ४.१.५ भाव/विचार

महाकवि देवकोटाले सांसारिक मोहजाल र मृगतृष्णामा बाँचेका मानिसका यावत समस्याहरूलाई यस कवितामा समाधान गर्ने प्रयाससहित आफ्ना विचार प्रस्तुत गरेका छन् । मानिस विभिन्न कुराको खोजीमा कस्तुरीझैं भौंतारिएको हुन्छ, विविध कुराको प्यासी हुन्छ । अज्ञानतावस उसलाई ती कुराहरू आफूले गर्न सक्ने र आफूसँग छ भन्ने कुरा थाहा हुँदैन । मानिसलाई नैतिक उपदेश दिने, उद्देश्यले देवकोटा यस कवितामा प्रस्तुत भएका छन् ।

मानिस सधैं सुख-सम्पत्ति, शान्ति र भगवानको खोजीमा भौंतारिएको हुन्छ । देवकोटाले सटिक रूपमा आफ्नै वरपर यी सब द्विविधा, समस्याको समाधान भएको कुरा व्यक्त गरेका छन् । उनले प्रश्न र उत्तरका शैलीमा जीवनका महत्वपूर्ण प्रसङ्गहरू कोट्याएका छन् र तिनको आफ्नै किसिमका समाधानका उपायहरू पनि औंल्याएका छन् । जीवन निर्वाहका क्रममा मानिसले आफ्नै मनमा विभिन्न तर्क, द्विविधा र प्रश्नहरूको सामना र समाधान गर्नुपर्ने हुन्छ । यसैलाई देवकोटाले यहाँ उच्च आदर्श भावहरू प्रश्नोत्तरका रूपमा प्रकट गरेका छन् ।

### ४.१.६ बनोट/संरचना

प्रश्नोत्तर कविताका चारचार पङ्क्तिका जम्मा चार श्लोक छन् । प्रत्यके श्लोक प्रश्नोत्तरको शैलीमा छ । पहिलो र दोस्रो श्लोकमा दुई दुई ओटा प्रश्न र तिनका उत्तरहरू समावेश छन् । तेस्रो श्लोकमा जानू कहाँ पढ्नु के, गुरु को बनाई ? भनी तीन कुरा सोधिए पनि एउटै प्रश्नवाचक चिह्न दिएर एकै वाक्यमा राखी उत्तर दिइएको छ । यसरी कवितामा जम्मा आठ ओटा प्रश्न र तिनका उत्तर समाविष्ट छन् । पहिलो श्लोकमा देवताले पान गर्ने अमृत के हो ? र मानिसले खोज्ने सुख कहाँ छ ? भन्ने दुई ओटा प्रश्न र तिनको उत्तरसहित कविताको उठान गरिएको छ ।

दोस्रो र तेस्रो श्लोकले कविताको मध्यभाग बनेको छ । दोस्रो श्लोकमा शान्ति कुन ठाउँमा मिल्छ भन्ने प्रश्नमा रुखमुनि बसे शान्ति मिल्छ भन्ने उत्तर छ । तेस्रो श्लोकमा रहस्यमय जीवन बुझ्न खुल्दो गुलाब हेर्ने जहाँ अनेक ज्ञान फुल्छन् भनिएको छ । त्यस्तै तत्वज्ञान बुझ्न उद्यान नै उपयुक्त भएको कविले बताएका छन् । चौथो अथवा अन्तिम श्लोकमा तीन ओटा प्रश्न र तिनका उत्तर समावेश छन् । यसमा मान्छेका कर्तव्यबारे आकाशका नक्षत्र हेर्ने र आफ्नै मनलाई सोध्ने कुरा व्यक्त भएको छ । त्यस्तै जगतमै ठूलो भन्ने कुरा पसिना र विवेक हुन् भन्दै श्रमको महत्व दर्शाइएको छ । अन्त्यमा मान्छेले उद्देश्य के लिनुपर्छ भन्ने प्रश्नमा 'उडी छुनु चन्द्र एक' भनी महान् उद्देश्य बोक्न सङ्केत गर्दै कविताको बिट मारिएको छ । यसरी हेर्दा मान्छेका मनमा उब्जने तर्क र द्विविधाहरूलाई प्रश्न बनाइ तिनका उत्तर सहितको झिनो विषयवस्तुमा प्रस्तुत कविता संरचित भएको छ ।

### ४.१.७ भाषिक पक्ष

#### ४.१.७.१ वाक्य संरचना

वाक्य बनोटका दृष्टिले प्रश्नोत्तर कवितामा सरल र मिश्र वाक्यको प्रयोग भएको छ । कविताको पहिलो श्लोकको पहिलो र दोस्रो पाउ सरल वाक्य र तेस्रो र चौथो पाउमा मिश्र वाक्य ढाँचाको प्रयोग भएको छ । जस्तै-

सच्चा कमाइ गरिखानु भनेर जान । (सरल वाक्य)

आफू मिटाइ अरूलाई दिनु जहाँ छ । (मिश्र वाक्य)

अन्य श्लोकहरूमा पनि सरल मिश्र दुवै वाक्य ढाँचाको प्रयोग भएको पाइन्छ यद्यपि आधिक्य भने सरल वाक्यकै रहेको छ ।

वाक्यका अर्थका दृष्टिले प्रश्नोत्तर कवितामा सामान्यार्थक, विस्मयार्थक र प्रश्नार्थक वाक्य ढाँचाको प्रयोग भएको पाइन्छ । यस कविताका प्रत्येक श्लोकको पहिलो वाक्य प्रश्नार्थक र दोस्रो वाक्य सामान्यार्थक रहेको छ । जस्तैः

"के हो अहो ! अमृत त्यो सुरदेव पान ?

सच्चा कमाइ पारिखानु भनेर जान ।”

यस कवितामा करण वाक्यको मात्रै प्रयोग भएको पाइन्छ ।

### ४.१.७.२ भाषाशैली (शब्दप्रयोग)

प्रश्नोत्तर कवितामा जम्माजम्मी ९७ शब्दहरूको प्रयोग भएको छ जसमध्ये १६ शब्दहरू आवृत्ति भएका छन् । शब्दहरू पाँच पटकसम्म आवृत्ति भएका छन् । यहाँ ३६ प्रतिशत जति तत्सम शब्द, ६० प्रतिशत जति तद्भव शब्द र ४ प्रतिशत जति आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । कवितामा अधिक तत्सम शब्दको प्रयोग देखिएकाले विद्यार्थीको स्तरअनुसार यो उपयुक्त मानिँदैन । तत्सम शब्दहरूमध्ये पनि केही नेपाली भाषा प्रचलित खालकै छन् (अमृत, शान्ति, शुद्ध, ज्ञान, कर्तव्य आदि) भने केही चाहिँ विशेष खालका संस्कृत शब्दहरू पनि छन्, जुन शब्दहरू सामान्य बोलीचालीमा नेपाली भाषामा प्रंयोग हुँदैनन् (सुरदेव, पान, ईश, उद्यान, नभ आदि) । यसरी तत्सम शब्दहरूको भारी प्रयोगले गर्दा कविता क्लिष्ट बन्न गई भाषामा सिकाइमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने स्थिति पनि रहेको देखिन्छ । कवितामा दिल, रुखजस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । अन्य शब्दहरू भने तद्भव रहेका छन् । कवितामा अधिक क्रियापदको प्रयोग भएको छ । यहाँ भनी, पसेर, बनाई, गई जस्ता असमापिका क्रियाको प्रयोग भएको पाइन्छ । के, कहाँ, कुन, को जस्ता प्रश्नवाचक सर्वनामको प्रयोगले प्रश्नार्थक वाक्य निर्माण भएको छ । अहो भन्ने विस्मयार्थक शब्दको प्रयोग पनि भएको छ । कवितामा नाम, सर्वनाम, विशेषण क्रियापद र अव्ययको प्रयोग भएको छ ।

## ४.२ किसान

### ४.२.१ शीर्षक विधान

किसान कविताका कवि दैवज्ञराज न्यौपाने हुन् । यस कवितामा एउटा परिश्रमी किसानको जीवनगाथा प्रस्तुत गरिएको छ । सधैं निस्वार्थ भावले पृथ्वीमा बाँच र बचाऊ भन्ने मानवीय भावना भएको किसानको जीवनगाथा

प्रस्तुत गर्न यहाँ कवि स्वयं किसान बनेका छन् । परिश्रमी र जुझारु किसानको सेरोफेरोमा नै प्रस्तुत कविता अगाडि बढेको छ । मानिसलाई जीवनमा कर्मठ पौरखी परिश्रमी बन्ने प्रेरणा दिन कवितामा किसानको महनता वर्णन गरिएको छ । कवितामा वर्णित व्यक्ति किसान नै हो भन्ने चिन्नका लागि हामी कविताको यो पङ्क्ति हेर्न सक्छौं - "म किसान हलो बोकी निस्कन्छु अनि बाहिर" । यसरी किसानको परिश्रमी जीवन र उसको महान लक्ष्यको वर्णन गरिएको यस कविताको किसान शीर्षक अत्यन्त सार्थक रहेको छ ।

### ४.२.२ विषयवस्तु

दैवज्ञराज न्यौपानेले लेख्नुभएको यस किसान कवितामा परिश्रमी किसानको श्रम र महत्वको वर्णन गरिएको छ । नेपाल एक कृषिप्रधान देश हो । यहाँ ९०% जति मानिस कृषिमा आश्रित छन् । नेपालको भौगोलिक बनोट, आर्थिक, सामाजिक अवस्थाले गर्दा प्रायः नेपाली किसान बन्नुपर्ने अवस्थालाई विचार गरी कविले नेपाली किसान बन्नुपर्ने अवस्थालाई विचार गरी कविले नेपाली माटो सुहाउँदो किसान कविताको रचना गरेका हुन् । निस्वार्थी र परिश्रमी किसानको जीवन चरित्र यहाँ प्रस्तुत गरिएको छ ।

कविताको पहिलो श्लोकमा आकाश गड्गडाएर पानी पर्न थालेपछि किसान हलो बोकी बाहिर निस्कने, वर्षाको पानी माटोमा परेपछि किसानको सपना बाली भएर लहराउने अनि किसानले अन्न ऐश्वर्य ल्याएर धर्तीमा आफू बाँची अरूलाई बचाउने सपना देख्ने कुरा बताइएको छ । दोस्रो श्लोकमा श्रमको र बीजको महतवको वर्णन साथै माटामा पसिना पोखेर माटामै फुल्ने किसानको जीवन अनि विश्वका वीरलाई धर्ती नै पहिलो धन हो यहींँबाट सम्पूर्ण प्राप्त हुने कुरा व्यक्त गरिएको छ । तेस्रो श्लोकमा हातमा औजार लिएर पृथ्वीसँग जुध्न चाहने किसानको इच्छा अनि श्रमगर्दा किसानले आनन्द मान्ने कुरा व्यक्त छ । चौथो अथवा अन्तिम श्लोकमा आफ्नो सिर्जना देखेर रमाउने किसान यौटा कर्मयोग सिकाउने गीत हो । यो गीत सधैं असारमा गाइन्छ र

सधैं मङ्सिर ल्याइन्छ भनिएको छ । यहाँ असार र मङ्सिरको प्रसङ्ग ल्याई किसानले कठोर परिश्रम गर्ने बेलाको सङ्केत गरिएको छ ।

### ४.२.३ कथनढाँचा

किसान कवितामा प्रथम पुरुष एकवचन सर्वनाम 'म' को कथनढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत कवितामा कवि आफैं किसानको रूपमा प्रस्तुत भई म किसान, मेरो स्वप्ना, म नौलो सपना देख्छु, म यौटा गीत हुँ जस्ता प्रथम पुरुषात्मक अभिव्यक्ति प्रकट गरेका छन् । यस कवितामा कवि नै किसान भई उसका अभिव्यक्तिहरू प्रस्तुत गर्ने कोसिस गरेका छन् ।

### ४.२.४ लयविधान

किसान कविता लोकलयमा आधारित छन्दमुक्त कविता हो । यो १६ अक्षरको असारे लयमा आधारित कविता हो । यसमा, ३+२, ३+२, ३+३ को अक्षर संरचना हुन्छ र ५ र १० अक्षरमा विश्राम हुन्छ ।

आकाश गड्गडाएर जब बर्सन्छ झर्झर

म किसान हलो बोकी निस्कन्छु अनि बाहिर

कविताको प्रत्येक दुई पाउको अनुप्रास मिलाइएको छ । जस्तै झर्झर-बाहिर, हर्हराउँछ-लहराउँछ, ल्याउने-बचाउने, जुटाउँछ-तुल्याउँछ आदि । कवितामा लयात्मक विश्रामको लागि बीचमा अल्पविराम वा अर्थविरामको प्रयोग गरिएको पाइँदैन तर पङ्क्तिको अन्त्यमा विश्रामका लागि पूर्णविराम चिह्नको प्रयोग गरिएको पाइन्छ । पहिलो पङ्क्तिको अन्त्यमा एउटै पूर्णविराम चिह्न (।) र दोस्रो पङ्क्तिको अन्त्यमा दुईटा पूर्णविराम चिह्न (॥) को प्रयोग गरिएको पाइन्छ ।

### ४.२.५ भाव/विचार

यस कवितामा कविले मुख्य रूपमा यी कुराहरूलाई देखाउन खोजेका छन् - विविध कारणले खेती गर्नै पर्ने किसान बन्नै पर्ने नेपाली बाध्यता, आकाशे खेतीमा भर पर्नै पर्ने नेपाली किसानको बाध्यता, निस्वार्थ र परिश्रमी किसानको जीवनकथा, परिश्रमीका लागि धर्ती नै धन हो भन्ने अभिव्यक्ति । ९० प्रतिशत जति नेपालीहरूको बाँच्ने आधार खेतीपाती नै हो । अज्ञान र

अशिक्षा व्याप्त भएकाले नेपालीहरू किसान बन्न बाध्य छन् । कृषिमा पर्याप्त लगानी नहुनाले खेतीपाती गर्न बर्षा नै कुर्नुपर्ने हाम्रो बाध्यता छ ।

यो कविता अल्छी गरेर धनको प्यासी बन्ने मानिसका लागि दह्रो झापड पनि हो । एउटा परिश्रमी र निस्वार्थ भावना भएको किसान खेतीपाती गरी आफू बाँच्ने र धर्तीका अरूलाई पनि बचाउने अभियानमा लागेको हुन्छ । वास्तवमै हामीले खानेकुरा किसानले नै उब्जाएको हुन्छ । मानिसले श्रम गर्न अल्छी गर्नु हुँदैन भन्ने कुरा पनि यहाँ दर्शाइएको छ । त्यस्तै परिश्रम र मेहेनत गर्नेहरूका लागि धर्ती नै पहिलो धन हो भन्ने कुरा पनि यस कवितामा व्यक्त गरिएको छ । वास्तवमा आफू बाँचेर धर्तीमा अरूलाई बचाउने महान इच्छा राख्ने किसानका माध्यमबाट हामीलाई परिश्रमी बन्न प्रेरित गराउने उद्देश्य पनि हो ।

### ४.२.६ बनोट/संरचना

किसान कवितामा जम्मा चार श्लोक छन् । पहिलो श्लोक छ पङ्क्तिमा रचिएको छ भने बाँकी तीन श्लोक चारचार पङ्क्तिका छन् । पहिलो श्लोकमा आकाशबाट पानी बर्सन थालेपछि किसान हलो बोकी खेती गर्न बाहिर निस्कन्छ । पानीको थोपा माटामा परेपछि किसानका भित्री सपनाहरू बाली भै लहराउँछन् र किसानले अन्न ऐश्वर्य ल्याई धर्तीमा आफू बाँची अरूलाई बचाउने सपना देख्छ भनी कविताको उठान गरिएको छ ।

कविताको दोस्रो र तेस्रो श्लोकमा श्रमको महत्वको वर्णन गरिएको छ । श्रमबाट निस्किउको पसिनाले दिव्यदाना जुटाउँछ अनि माटामा पसिना पोखे माटामै जीवन फुल्छ त्यसैले वीर पराक्रमी परिश्रमीका निमित्त धर्ती नै पहिलो धन हो भनी दोस्रो श्लोकमा भनिएको छ । हलो, कुटो, कोदालो जस्ता औजार बोकेर कर्मठ पौरखी बनी किसान पृथ्वीसँग जुझ्न चाहन्छ र श्रम गर्दा दुःख भएपनि श्रमको फल राम्रो र रमाइलो हुन्छ भनी किसानले आत्मसन्तुष्टि व्यक्त गरेको कुरा तेस्रो श्लोकमा छ । यसले कविताको मध्यभाग बनेको छ ।

कविताको चौथो तथा अन्तिम श्लोकमा आफूले बीजारोपण गरेका बालीमा जब सिर्जनाका नौला रूप देख्न पाउँछ तब किसान अत्यन्तै खुशी हुन्छ र किसान सधैं असारमा गाएर सधैं मङ्सिर ल्याउने, कर्मयोग सिकाउने गीत हो भनिएको छ । यहीँ नै कविताको विट मारिएको छ ।

### ४.२.७ भाषिक पक्ष

#### ४.२.७.१ वाक्य संरचना

वाक्य बनोटका दृष्टिले किसान कवितामा सरल र मिश्र वाक्यको प्रयोग भएको छ । जस्तै मिश्र वाक्यको प्रयोग - 'म किसान हलो बोकी निस्कन्छु अनि बाहिर । सरल वाक्यको प्रयोग - श्रमको पसिना दाना दिव्य दाना जुटाउँछ । यहाँ प्रयोग भएका सरल वाक्यहरूमा असमापिका क्रियापदको धेरै प्रयोग गरिएको छ । - माटामा पसिना पोखी माटामै फुल्छ जीवन । कवितामा लयात्मकता ल्याउनका लागि वाक्यको नियमित संरचना भने खजमजिएको पाइन्छ ।

वाक्यका अर्थका दृष्टिले किसान कवितामा सामान्यार्थक वाक्यको प्रयोग भएको पाइन्छ । वाच्यका दृष्टिले कर्तृवाच्यको प्रयोग भएको पाइन्छ त्यस्तै कविताभरि करण वाक्यकै प्रयोग भएको पाइन्छ ।

#### ४.२.७.२ भाषाशैली (शब्दप्रयोग)

किसान कवितामा जम्मा ११२ शब्दहरूको प्रयोग भएको छ जसमध्ये १२ शब्दहरू आवृत्ति भएका छन् । तिनमा कुनै शब्द पाँचपटकसम्म आवृत्ति भएको देखिन्छ । यस कवितामा १३ वटा जति नयाँ शब्दहरूको प्रयोग भएको छ । आवृत्ति भएका शब्दहरूको गणना नगर्दा कवितामा ९२ शब्दहरूको प्रयोग भएको छ । तीमध्ये १० प्रतिशत जति शब्दहरू तत्सम, ८५ प्रतिशत जति शब्दहरू तद्भव र ५ प्रतिशत जति शब्दहरू आगन्तुक रहेका छन् । तत्सम शब्दहरूमध्ये प्रायः नेपाली भाषामा प्रयोगमा नआउने शब्दहरू रहेका छन् ( जल, स्पर्श, स्वप्ना, कर्मयोग, दिव्य आदि) । तद्भव शब्दहरूको अधिक प्रयोग

देखिन्छ । यसलाई कविताको राम्रो पक्षका रूपमा लिइन्छ । सर्सर्ती हेर्दा आगन्तुक शब्दहरूको प्रयोग कम देखिन्छ । कवितामा अन्तर, धर्ती जस्ता आगन्तुक शब्दको प्रयोग भएको देखिन्छ । कवितामा समापिका असमापिका दुवै क्रियापदको प्रयोग भएको पाइन्छ ।

## ४.३ पृथ्वीसन्देश

### ४.३.१ शीर्षकविधान

पृथ्वीसन्देश कविता मुकुन्दशरण उपाध्यायले लेख्नुभएको हो । सधैं राष्ट्रनिर्माण र राष्ट्रिय एकताका लागि चिन्तित बडामहाराजाधिराज पृथ्वीनारायण शाह नेपालीका एकताका प्रतीक थिए । स्वर्गीय पृथ्वीनारायण शाहका भावनालाई समेटी राष्ट्रनिर्माण र राष्ट्रिय एकतामा जुट्न आह्वान गरी यो कविताको रचना भएको छ । दूरदर्शी पृथ्वीनारायण शाहका भनाइहरू अत्यन्तै प्रभावकारी रहेका छन् । उनका यस्ता भनाइहरूलाई दिव्योपदेशमा समावेश पनि गरिएको छ जुन सधैं सन्देशका रूपमा रहन्छ । प्रस्तुत कवितामा पृथ्वीनारायणद्वारा नेपाली प्रजाप्रति सम्बोधन गर्दै राष्ट्रिय एकता र नेपाल राष्ट्र निर्माणमा जुट्न आह्वान गरिएको छ । यसरी पृथ्वीनारायण शाहद्वारा नेपालीप्रति सम्बोधन गर्दै व्यक्त भएको सन्देशलाई विषयवस्तु बनाइ कवितामा प्रस्तुत भएकाले यसको शीर्षक पृथ्वीसन्देश सार्थक रहेको छ ।

### ४.३.२ विषयवस्तु

नेपाली इतिहासका नायक बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेपाल एकिकरणको अभियानमा महत्वपूर्ण भूमिका रहेको छ । उनी टुक्राटुक्रामा विभाजित भएको मुलुकलाई एउटै राज्य बनाउने दृढ अठोटसहित राष्ट्रनिर्माणमा जुटेका थिए । विविध जातजाति, धर्म-संस्कृति भएको मुलुकमा एकीकरण ल्याउन उनले नेपाललाई चार जात छत्तीस वर्णको साझा फुलवारी हो भनी चिनाए । राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाह हिमाल, पहाड, तराई, पूर्व-पश्चिम सबै ठाउँका नेपाली एक होऊन भन्ने चाहन्थे । यसैका

लागि पृथ्वीनारायण शाह दिनरात जुटिरहन्थे । इतिहासको यही महत्वपूर्ण विषयवस्तुलाई कवि मुकुन्दशरण उपाध्यायले यहाँ पृथ्वीसन्देश शीर्षकमा प्रस्तुत गरेका हुन् ।

नेपाल राष्ट्र र नेपाली जनताप्रति पृथ्वीनारायण शाहको दृष्टिकोणलाई उजिल्याउने विषयवस्तु कवितामा समावेश गरिएको छ । यस कवितामा हाम्रो पूर्वीय धर्म संस्कृति, हाम्रो भाषा महान भएको कुरा व्यक्त गरिएको छ । यस कवितामा हाम्रो पूर्वीय धर्मसंस्कृति, हाम्रो भाषा महान भएको कुरा व्यक्त गरिएको छ । कवितामा राष्ट्र निर्माणमा लागेर नौलो इतिहास रच्न नेपाली जनतालाई आह्वान गरिएको छ । नेपालको प्राकृतिक सम्पदा, धार्मिक सांस्कृतिक क्षेत्रको महत्वपूर्ण वर्णन गरिएको छ । यो पवित्र भूमि हामी नेपालीकै हो, हामीले आफ्नो सम्झेर उन्नति गर्नुपर्छ । यसका लागि तराईका माथि चढ्नुपर्छ पहाडका तल झर्नुपर्छ, माटो सबैको साझा हो भन्दै एकताको आह्वान कवितामा गरिएको छ ।

### ४.३.३ कथनढाँचा

पृथ्वीसन्देश कवितामा प्रथम पुरुष एकवचन सर्वनाम 'म' को कथनढाँचाको प्रयोग गरएको छ । यहाँ प्रथम पुरुष एकवचन सर्वनाम म, मैले, मेरा, मेरो को प्रयोग भएको छ भने बहुवचन हामी को प्रयोग भएको छ । कवितामा पृथ्वीनारायण शाह नेपालीहरूलाई सम्बोधन गर्दै बोलेका छन् । पृथ्वीनारायण शाहले नेपाली जनताप्रति सम्बोधन गरी दिएको सन्देश हुनाले यहाँ प्रयोग भएको प्रथम पुरुष एकवचन सर्वनाम पृथ्वीनारायण शाहका लागि प्रयोग भएको हो । यस कवितामा पृथ्वीनारायण शाहले नेपाली जनताप्रति सम्बोधन गर्दै प्यारा प्रजा, तिमी, तिम्रो जस्ता शब्दको प्रयोग गरेको देखाइएको छ । जस्तै -

"प्यारा प्रजा बुझी मेरा सारा हार्दिक भावना
जुटिदेऊ तिमी आजै राष्ट्रनिर्माण कार्यमा ।"

कविताका प्राय श्लोकहरू पृथ्वीनारायण शाहका नेपाली प्रजाहरूप्रतिका सम्बोधनात्मक कथनका रूपमा आएका छन् । पृथ्वीनारायण शाहको यस सम्बोधनमा राजा र प्रजाबीचको सम्वन्धको कथा पनि गाँसिएको छ ।

**४.३.४ लयविधान**

पृथ्वीसन्देश कविता लोकलयमा आधारित सवाई कविता हो । यसमा १६ अक्षरको एक पाउ रहेको छ । यसमा ८ अक्षरमा विश्राम हुन्छ र पाउको अन्त्यमा पूर्ण विश्राम हुन्छ अनि दुई श्लोक निर्मित भएको छ । यसको पङ्क्तिढाँचा १६+१६ रहेको छ । यी पङ्क्तिहरूको बीचमा अल्पविराम वा अर्धविरामको प्रयोग पनि पाइँदैन र अन्त्यमा पूर्णविरामको पनि प्रयोग पाइँदैन ।

यो साना दुःखले मैले अर्जेको राज्य होइन

यी साना लक्ष्यल मैले खोजेको राष्ट्र होइन

प्यारा प्रजा ! बुझी मेरा राष्ट्रनिर्माण कार्यमा

कविताको प्रत्येक दुई पाउको अनुप्रास मिलाइएको छ । जस्तै- होइन-होइन, भावना-कार्यमा, हिमसंस्कृति-जीवनपद्धति, शब्दकञ्चन-चिरन्तन आदि । संयुक्त अक्षरको बढी प्रयोग भएको शब्दहरू भएकाले कवितामा लयात्मकता बाधा परेको देखिन्छ । जस्तै- अर्जेको, लक्ष्यले, राष्ट्र, हार्दिक, हिमसंस्कृति, स्वतन्त्र, छुट्टै, शब्दकञ्चन, छर्क आदि । यस्ता शब्दहरूको प्रयोगले कवितामा श्रुतिमाधुर्यता आउँदैन ।

**४.३.५ भाव/विचार**

इतिहासको प्रसिद्ध व्यक्तित्व पृथ्वीनारायण शाह एकताका प्रतीक थिए । सम्पूर्ण नेपालीहरू एक हुनुपर्छ भन्ने उनको मनशाय थियो । हरेक नेपालीमा यो देश मेरो हो भन्ने देशभक्तिका भावना जाग्नुपर्छ भन्ने पृथ्वीनारायण शाहको चाहना थियो । वर्तमान जातिय, धार्मिक, भौगोलिक आदि दृष्टिले विखण्डन ल्याउन लागेका नेपालीका लागि कविद्वारा व्यक्त भएको यो एउटा व्यङ्ग्यात्मक स्वर पनि हो । इतिहास एकताको कुरा गर्छ वर्तमान विखण्डन ल्याउन खोज्छ ।

यस्तो अवस्थामा कविले पृथ्वीनारायण शाहलाई एकताका प्रतीक पात्रका रूपमा उभ्याएर एकताको मालामा उनिन आग्रह गरेका छन् ।

आफ्नो जातजाति, धर्मसंस्कृति र यो नेपाली माटोप्रति हामीले सधैं माया गर्नुपर्छ । मानिसको महानता उसको राष्ट्रभक्तिमा लुकेको हुन्छ भन्ने कुरा देखाउने उद्देश्य यस कविताको रहेको छ ।

**४.३.६ बनोट/संरचना**

पृथ्वीसन्देश कवितामा जम्मा ३ श्लोक र २२ पङ्क्ति छन् । पहिलो श्लोकमा सबैभन्दा बढी दस पङ्क्ति छन् भने दोस्रो श्लोकमा आठ पङ्क्ति र तेस्रो श्लोकमा चार पङ्क्ति रहेका छन् । "मेरा साना दुःखले आर्जेको मुलुक होइन ...... सबैलाई चेतना भया" भन्ने पृथ्वीनारायण शाहको दिव्योपदेशबाट नै कविताको उठान गरिएको छ । कवितामा सम्पूर्ण कुराहरू पृथ्वीनारायण शाहले नै बोलेका छन् । यो साना दुःखले आर्जेको राज्य होइन, यो साना लक्ष्यले खोजेको राष्ट्र होइन त्यसैले प्रजाहरू हो यो भावना बुझेर राष्ट्रनिमाण कार्यमा आजैदेखि जुटौं भन्ने पृथ्वीनारायण शाहको भावना यहाँ व्यक्त भएको छ ।

कविताको मध्य भागमा हाम्रो भौगोलिक स्थिति, हाम्रो संस्कृति, हामी स्वतन्त्र भएको हाम्रो गौरवगाथा र हाम्रो भाषाका कुरा गरिएको छ । त्यसैले हामीले हाम्रो इतिहास बुझ्नुपर्छ र हामी को हौं भन्ने चिनेर राष्ट्रनिर्माणको गन्तव्यमा लाग्न आह्वान गरिएको छ । दोस्रो श्लोकमा हिमाल तराई, मेची काली पशुपति, लुम्बिनी मुक्तिक्षेत्र जस्ता धार्मिक स्थल हाम्रो हो भन्ने भावना राख्न र देशभक्तिमा लाग्न आह्वान गरिएको छ । तेस्रो तथा अन्तिम श्लोकमा सम्पूर्ण नेपालीहरूलाई सम्बोधन गर्दै यो हिमाली धराधाम हाम्रै हो, हाम्रो सर्वस्व यही हो त्यसैले यसैमा उन्नति गरौं भन्ने आह्वान छ । राष्ट्रनिर्माणका लागि तराईका माथि चढ्नुपर्छ र पर्वतका तल झल झर्नुपर्छ, यो माटो हामी सबैको साझा हो भन्ने कुरा व्यक्त गर्दै पृथ्वीसन्देश टुङ्ग्याइएको छ । यही अन्तिम विन्दुमा नै कविताले विश्राम लिएको छ ।

### ४.३.७ भाषिक पक्ष

### ४.३.७.१ वाक्य संरचना (वाक्य ढाँचा)

वाक्यको बनोटका दृष्टिले पृथ्वीसन्देश कवितामा सरल वाक्यढाँचाको बढी प्रयोग भएको छ । असमापिका क्रिया लागेका र विभिन्न पङ्क्तिमा फैलिएका लामा सरल वाक्य ढाँचाको प्रयोग यस कवितामा गरिएको छ । कवितामा लयात्मकता मिलाउन वाक्य संरचना खजमज पारिएको पनि पाइन्छ । जस्तै - कवितामा प्रयोग भएको वाक्य - हामी हिमालवासी हौं छ हाम्रो हिमसंस्कृति ।(श्लोक १) व्याकरणिक दृष्टिले शुद्ध हुनुपर्ने वाक्य- हामी हिमालवासीको आफ्नै हिमसंस्कृति छ । कविताका प्राय हरफहरूमा यसरी नै वाक्य संरचना खजमज पारिएको छ । यस्ता हरफहरूमा क्रियापदलाई अगाडि अथवा बीचमा प्रयोग गरिएको छ । पहिलो श्लोकको नवौं पङ्क्तिमा मिश्रवाक्य ढाँचाको प्रयोग गरिएको छ ।

वाक्यका अर्थका दृष्टिले कवितामा सामान्यार्थक, आज्ञार्थक, इच्छार्थक र सम्बोधनात्मक वाक्य ढाँचाको प्रयोग गरिएको छ । सामान्यार्थक र सम्बोधनात्मक वाक्य ढाँचाको प्रयोग कविताको पहिलो दोस्रो तेस्रो तीनै श्लोकमा भएको छ भने आज्ञार्थक र इच्छार्थक वाक्य ढाँचाको प्रयोग तेस्रो श्लोकमा गरिएको छ । जस्तै सम्बोधनात्मक “प्यारा प्रजा ! बुझी मेरा सारा हार्दिक भावना, जुटिदेऊ तिमी आजै राष्ट्रनिर्माण कार्यमा (श्लोक-१) । आज्ञार्थक-तिम्रो सर्वस्व हो आऊ, एक भई गर उन्नति । (श्लोक-३) इच्छार्थक - “तराईका चढून माथि, झरून् पर्वतका तल ।” (श्लोक-३)

वाच्यका दृष्टिले हेर्दा कर्तृवाच्यकै प्रयोग भएको पाइन्छ । पृथ्वीसन्देश कवितामा करण अकरण दुबै वाक्य ढाँचाको प्रयोग गरिएको छ । जस्तै - अकरण- “यो साना दुःखले मैले अर्जेको राज्य होइन ।” (श्लोक-१) । करण- “जुटिदेऊ तिमी आजै राष्ट्रनिर्माण कार्यमा ।” (श्लोक-१)

### ४.३.७.२ भाषाशैली (शब्द प्रयोग)

पृथ्वीसन्देश कवितामा जम्माजम्मी १४३ शब्दहरूको प्रयोग भएको छ जसमध्ये १८ ओटा आवृत्ति भएका छन् । यसरी आवृत्ति भएका शब्दमहरूमध्ये कुनै कुनै शब्द ६ पटकसम्म पनि आवृत्ति भएका छन् । यस कवितामा १७ ओटा जति नयाँ शब्दहरूको प्रयोग भएको छ । कविताको शब्दभण्डारलाई हेर्दा झण्डै १४ प्रतिशत जति तत्सम शब्द, ७६ प्रतिशत जति तद्भव शब्द र १० प्रतिशत जति आगन्तुक शब्दहरूको प्रयोग भएको देखिन्छ । हिमसंस्कृति, शब्दकञ्चन, चिरन्तन, जल, दिव्य, धराधाम जस्ता तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ भने अर्जेको, प्यारा, स्वतन्त्र जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । चढून, झरुन जस्ता विद्यर्थक क्रियापदको प्रंयोगले इच्छार्थक वाक्य बनेको छ । यस्तै पाठमा समापिका र असमापिका दुवै क्रियापदको प्रयोग भएको पाइन्छ । बुझी, पुकार्दै, भन्दै, झुल्दै, भई जस्ता असमापिका क्रियापदको प्रयोग भएको पाइन्छ । कर्णाली, कोसी, बबई आदि जस्ता व्यक्तिवाचक नामको पनि कवितामा प्रयोग भएको पाइन्छ । राष्ट्रनिर्माण, हिमालवासी, जीवनपद्धति, गौरवगाथा जस्ता समस्त शब्दको प्रयोग पनि कवितामा भएको छ ।

## ४.४ ओखलढुङ्गा

### ४.४.१ शीर्षकविधान

ओखलढुङ्गा कविता कवि सिद्धिचरण श्रेष्ठले आफ्नो प्यारो जन्मभूमि ओखलढुङ्गाकै सम्झनामा लेख्नु भएको हो । आफ्नो जन्मभूमि, त्यहाँका प्रकृति र त्यहाँ विताएको बाल्यकालको मीठो सम्झना गरी लेखिएको यस कविताका ओखलढुङ्गाको सुन्दर प्रकृतिको वर्णन गरिएको छ । कविको स्मृतिपटमा ताजा बनेर रहेको ओखलढुङ्गाकै सेरोफेरोको वर्णन र यसैको झिनो कथावस्तुमा कविता पूर्ण भएकाले यो शीर्षक सार्थक देखिन्छ । त्यस्तै अझ ओखलढुङ्गालाई नै बढी महत्व दिने हिसावले कविताको प्रत्येक श्लोकको अन्तिम पाउँमा “मेरो प्यारो ओखलढुङ्गा ।” भनी ओखलढुङ्गालाई सम्वोधन गरेकाले पनि यो शीर्षक अत्यन्त सार्थक रहेको छ ।

### ४.४.२ विषयवस्तु

कवि सिद्धिचरण श्रेष्ठले लेख्नु भएको यस ओखलढुङ्गा कवितामा ओखलढुङ्गा र त्यस वरपर भएका सुन्दर प्रकृतिको जीवन्त वर्णन छ । ओखलढुङ्गामा जन्मी बाल्यकाल विताएपछि बाध्यतावश त्यहाँबाट टाढिएको र युवासथमा कविलाई त्यहाँको सुन्दर प्रकृतिको स्मरण भएको छ । बाल्यकालमा प्रकृतिसँग लडीबुडी खेलेका रमाइला क्षणहरूको स्मरण गर्दै कविले अहिले यो मरुस्थल (काठमाडौं) मा कसरी पुगें भन्ने आश्चर्यको भाव व्यक्त गरेका छन् ।

यस कवितामा मानव र प्रकृतिबीचको तादात्म्य सम्बन्ध कायम रही रहे जीवन सुखी र आनन्दी हुने भावना कविले व्यक्त गरेका छन् । प्रकृति र मानववीचको दुरी बढिरहेकै अवस्थामा प्रकृतितिर फर्क ९द्यबअप तय तजभ लबतगचभ० भन्ने दार्शनिक चिन्तनलाई अगि सारी यस कविताको रचना गरिएको छ ।

यस कविताको विषयवस्तु भनेकै कविको बाल्यकालको सुखद स्मरण हो । कविताको पहिलो श्लोकमा ओखलढुङ्गाको सुन्दर प्रकृतिसँग रमाउँदै कविको शैशवकाल वितेको कुरा उल्लेख छ । दोस्रो श्लोकमा ती सुखद शैशवकालको सम्झनामा जब कवि डुब्छन् तब हर्षाश्रु बहेको कुरा व्यक्त गरेका छन् । तेस्रो र चौथो श्लोकमा त्यहाँका प्रकृतिले अहिले पनि कविलाई खोज्दा हुन् भन्ने कल्पना व्यक्त गरेका छन् । पाँचौ श्लोकमा त्यहाँका ढुङ्गा, खोला, वन  आदिसँग गाँसिएको माया जुन हृदयकेन्द्रमा छ त्यसले वर्तमानमा क्षण क्षणमा याद दिलाइरहेको छ भनिएको छ । छैठौं श्लोकमा सुन्दर पालुवाले ढाकिएको वृक्षमा बसेर कोइली शायद कविको यादमा विरहको गीत गाउँदो हो भन्ने कल्पना कविल गरेका छन् । सातौ श्लोकमा ओखलढुङ्गा भएर बग्ने तामाकोसी, सुनकोसी र रोसी खोलाको चित्र कविको हृदयमा भएको र त्यसले कविको हृदय सधैं पवित्र पारिरहने कुरा व्यक्त गरेका छन् । अन्तिम अर्थात आठौं श्लोकमा कविले भाग्यको लहरमा लहरिंदै म कसरी मरुस्थल (काठमाडौं) मा आइपुगें भनेर आश्चर्य व्यक्त गरेका छन् साथै त्यो ओखलढुङ्गाको

आकृतिको अमिट छाप हृदयमा भएकाले मलाई मरुस्थलमै बस्नुपरे पनि खेद छैन भनी कविताको अन्त्य गरेका छन् ।

### ४.४.३ कथनढाँचा

ओखलढुङ्गा कवितामा प्रथम पुरुष एकवचन सर्वनाम 'म' को कथनढाँचाको प्रयोग गरिएको छ । यस कविताको पहिलो र छैठौं श्लोकका तेस्रा हरफरहरूमा क्रमशः 'यो कवि' र 'यो ... प्रिय कवि' भनी तृतीय पुरुषको कथन ढाँचाको उपयोग पनि गर्न खोजिएको छ तर त्यसले म भनी चिनाउने म पात्र स्वयं कवि (सिद्धिचरण श्रेष्ठ) नै रहेका कुरा स्पष्ट हुन्छ (त्रिपाठी, २०५२: ९२) । यी दुई श्लोकबाहेक कविताका सबै श्लोकहरू कविका ओखलढुङ्गा प्रतिका सम्बोधनात्मक कथनका रूपमा नै आएका छन् । कविको ओखलढुङ्गाप्रतिको यस सम्बोधनमा मानिस र प्रकृतिबीचको सम्बन्ध । वियोगको कथा पनि गाँसिएको छ । यस कवितामा 'म' कवि र ओखलढुङ्गाको प्रकृति 'तिमी' लाई प्रेमी प्रेमिकाको रूपमा पनि हेरिएको छ ।

### ४.४.४ लयविधान

ओखलढुङ्गा कविता मात्राको गणनामा आधारित छन्दयोजना अँगाली रचिएको छ । यसका प्रत्येक पाउमा त्यस्तो 'पादाकुलक' वा 'स्कन्धक' छन्दको प्रयोग गरिएको छ । जसअन्तर्गत खासगरी प्रत्येक लय-एकाइ वा गणमा चार मात्रा हुने गर्दछन् र त्यस्ता चार गणहरूमा विश्राम् लिँदै पाउ वा पङ्क्ति पूरा हुने गर्दछ (त्रिपाठी, २०५२: ९५) । चार चार मात्रा भएका जम्मा चार गण मिली बनेका सोह्र मात्राको एक पाउ हुन्छ । यस कविताको पहिलो श्लोकको पहिलो र दोस्रो पङ्क्तिको लघु गुरुको सङ्केत गण व्यवस्था र विश्रामलाई खुलाई यहाँ देखाइएको छ ।

| | पङ्क्ति | | | | जम्मा मात्रा |
|---|---|---|---|---|---|
| १. | तिम्रै | सुन्दर | हरिया | लीमा | |
| गण संकेत | ऽऽ | ऽ॥ | ॥ ऽ | ऽऽ | |
| मात्रा | २२ | २११ | ११२ | २२ | . १६ |
| २. | तिम्रै | शीतल | वक्षस् | थलमा | |

| गण संकेत | ऽऽ | ऽ।। | ऽऽ | ।। ऽ | |
|---|---|---|---|---|---|
| मात्रा | २२ | २११ | २२ | ११२ | . १६ |

(त्रिपाठी, २०५२: ९६)

### ४.४.५ भाव/विचार

कवि सिद्धिचरण श्रेष्ठबाट ओखलढुङ्गा कवितामा मुख्य रूपमा तीनओटा कुरा व्यक्त भएका छन् । कवि श्रेष्ठको जन्मस्थल र बाल्यक्रीडास्थल प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको ओखलढुङ्गाको प्यारो सम्झना; कविको ओखलढुङ्गासँगको बाल्यकालदेखिकै र युवावस्थासम्मको लामो वियोगको वेदना र आफ्नो भित्री मनमा लेखिएको ओखलढुङ्गाको स्मृति चित्रबाट चित्त बुझाएर बसेका कविले आफैंलाई दिएका आत्माआश्वासन यस कवितामा व्यक्त भएका मुख्य कुरा हुन् ।

यस कवितामा कविले प्रकुति र मानवका बीचको हिजोको सम्बन्ध, प्रकृति र मानिसका बीचको विछोड र दुरी, प्रकृतिको सौन्दर्यलाई सम्झी सम्झी रमाउने र प्रकृतितर्फ फर्कने मानवीय चाहना, प्रकृतितर्फ फर्कन सक्ने सम्भावनाको कमी भएको वर्तमान अवस्था, आफ्ना मनका स्मृति चित्रमा अङ्कित भएको छविलाई आधार बनाइ प्रकृतिसँगका विरहमै जीवनयापन गर्नुपर्ने बाध्यतालाई व्यक्त गरेका छन् । यस कविताको विश्लेषणका क्रममा बासुदेव त्रिपाठी भन्छन् कविको व्यक्तिगत जीवनको अनुभवलाई आधार बनाइ प्रकृतितर्फ फर्क भन्ने स्वच्छन्दतावादी दर्शनको एक झल्को यस कविताको प्रभावकारी रूपमा दिएको पाइन्छ र यही नै यसको मुख्य भाव वा विचार पनि हो ।

### ४.४.६ बनोट/संरचना

ओखलढुङ्गा कवितामा पाँचपाँच पङ्क्तिका जम्मा आठ श्लोक छन् र प्रत्येक श्लोकका अन्त्यमा मेरो प्यारो ओखलढुङ्गा भन्ने थेगो दोहोऱ्याइएको छ । पहिला श्लोकमा ओखलढुङ्गाको सुन्दर प्राकृतिक वातावरणमा कविले आफ्नो बाल्यकाल वितेको कुरा बताइ कविताको उठान गरेका छन् ।

कविताको दोस्रो श्लोकदेखि सातौं श्लोकसम्म ओखलढुङ्गाको प्रकृतिका विभिन्न पक्षको मनोहर स्मरणका साथै तिनका बारेमा कविद्वारा गरिएका मीठा कल्पना पनि प्रस्तुत भएका छन् । यसबाट प्रस्तुत कविताको मध्यभाग बनेको छ । यसको अन्तिम श्लोकमा भाग्यले गर्दा आफू मरुस्थल (काठमाडौं) मा आइपुगे पनि आफ्नो जन्मस्थल ओखलढुङ्गाका सुन्दर प्रकृतिको आकृति आफ्ना हृदयभरि लेखिएकाले आफूलाई उति खेद नलागेको बताई कविले आफैलाई सान्त्वना दिई चित्त बुझाएका छन् । यही अन्तिम विन्दुमा कविताले विश्राम लिएको छ ।

कविले आफ्नो प्यारो जन्मस्थल ओखलढुङ्गासम्बन्धी सम्झना र भावनालाई एउटा भित्री मसिनो कथाको धागोमा उनेर प्रस्तुत गरेका छन् । जुन यस्तो रहेको छ - ओखलढुङ्गासँग उनको जन्म र बाल्यकालको सम्बन्ध, लामो वियोग र युवावस्थाको सम्झनाक्रम, जति टाढा भएपनि आफ्ना मनमा ओखलढुङ्गाको सम्झना लेखिएको ठानी चित्त बुझाइएको आत्मसान्त्वनाको भावना । यिनै भित्री घटनाहरू कवितामा रहेका छन् । यस कवितामा संस्मरण तत्वले कविता र कथाको मिलन गराइ एउटा सशक्त कथनढाँचामा आधारित संरचना अँगालिएको पाइन्छ ।

### ४.४.७ भाषिक पक्ष

#### ४.४.७.१ वाक्य संरचना (वाक्य ढाँचा)

वाक्य बनोटका दृष्टिले ओखलढुङ्गा कवितामा सरल वाक्यढाँचाकै बढी प्रयोग भएको छ । केही मात्रामा संयुक्त र मिश्र वाक्य ढाँचाको प्रयोग पनि भएको छ । कविताको तेश्रो, चौथो, पाँचौ, छैठौं र सातौं श्लोकमा पूर्वक्रिया वा असमापिका क्रिया लागेका र विभिन्न पङ्क्तिमा फैलिएका लामा लामा सरल वाक्य ढाँचाको प्रयोग गरिएको छ । पहिला दोस्रो र आठौं श्लोकमा चाहिँ मिश्र वाक्य ढाँचाको प्रयोग भएको छ । जस्तै -

असमापिका क्रिया प्रयोग भएका सरल वाक्य-

“कुसुमाकरको आँचल पक्री

मलाई कति खोज्दी हुन् प्रकृति ।” (श्लोक-३)

मिश्रवाक्य ढाँचाको प्रयोग भएको श्लोक-

"जब म चढेर भावको डुङ्गा
सैर गर्छु स्मृतिको प्रिय गङ्गा
स्वप्न गगनबाट सुशीतल जल
सुखस्मृतिको बर्सन्छ रिमझिम ।" (श्लोक -२)

वाक्यका अर्थका दृष्टिले कवितामा सामान्यार्थक र विस्मयार्थक दुबैथरी वाक्यढाँचाको प्रयोग भएको भेटिन्छ । कविताको पहिलो, दोस्रो, चौथो, छैठौ र सातौं श्लोकमा एकातिर सामान्यार्थक वाक्य ढाँचाको प्रयोग भएको देखिन्छ भने अर्कातिर मेरो प्यारो ओखलढुङ्गा भन्ने विस्मयार्थक कथनमा पुगी पाँचौ पङ्क्तिमा श्लोक टुङ्गिदा त्यहाँ विस्मयार्थक वाक्य ढाँचाको मिश्रण पनि हुन गएको देखिन्छ । तेस्रो, पाँचौ र आठौं श्लोकमा प्रश्न मिश्रित विस्मयार्थक वाक्य ढाँचाको प्रयोग भएको पाइन्छ । यसरी हेर्दा विस्मय वा आश्चर्यको भाव नै यस कवितामा मुख्य रूपमा रहेको देखिन्छ । विस्मयार्थक वाक्य ढाँचाको प्रयोग भएको श्लोक -

भाग्यको लहरमा लहरी-लहरी
पुगें यस मरुस्थलमा कसरी ! (श्लोक - ८)

वाच्यको दृष्टिले प्राय कर्तृवाच्यको प्रयोग भएको देखिन्छ । कर्तृवाच्यको प्रयोगको मतलब नै कर्तामा जोड दिई उसका क्रियाहरू बताउनु हो । विद्यार्थीको स्तरका दृष्टिले पनि कर्तृवाच्यको प्रयोग उचित हो । ओखलढुङ्गा कवितामा प्रायः करण वाक्यकै प्रयोग भएको देखिन्छ । यसको अन्तिम श्लोकमा मात्र एक अकरण वाक्य खण्डको प्रयोग भएको छ ।

"तर खेद छैन तिम्रो आकृति
लेखिएको छ यो हृदयभरि ।" (श्लोक-८)

### ४.४.७.२ भाषाशैली (शब्दप्रयोग)

यस कवितामा जम्माजम्मी १४९ जति शब्दहरूको प्रयोग भएको छ । तीमध्ये एक तिहाइजति तत्सम शब्द, दुई तिहाइ जति तद्भव शब्द र जम्मा तीनवटा आगन्तुक शब्द प्रयोग भएका छन् । तत्सम शब्दहरूमध्ये केही नेपाली भाषामा प्रचलित खालकै  छन् । (सुन्दर, शीतल, कवि, स्वप्न, प्रकृति, वन आदि) भने केही चाहिँ विशेष खालका संस्कृत शब्द पनि छन् जुन साहित्यका क्षेत्रमा नै प्रयोगमा आउँछन् (भाव, स्मृति, गगन, कुसुमाकर, तरुलतिका, द्रुतगामी, कोकिल, मृदु, विरह, स्नेह जडित, बक्षस्थल आदि) । वास्तविक जीवनमा यस्ता शब्दहरूको प्रयोग नभइदिनाले विद्यार्थीलाई यस्ता शब्दको चिनारी मात्रै हुन्छ । जसले गर्दा विद्यार्थीको अपेक्षित शब्दभण्डारमा सहयोग पुग्न सक्दैन । सैर, हर्दम र पर्दा आगन्तुक शब्दको पनि कवितामा प्रयोग भएको छ ।

## ४.५ निष्कर्ष

भाषाका विषयवस्तुलाई साधन बनाई विद्यार्थीलाई भाषिक सीपमा दक्ष बनाउनु नै भाषा शिक्षणको उद्देश्य हो । त्यसैले भाषा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु शैक्षणिक उपयोगिताका दृष्टिले उपयुक्त हुन आवश्यक छ । पाठ्यक्रमले यही कुराको अपेक्षा गरी विषयवस्तुको क्षेत्रको निर्धारण गरेको हुन्छ तर कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाका पाठहरूबाट पाठ्यक्रमको उक्त उद्देश्य पूरा हुने गरी पाठ्यविषयको छनोट र स्तरण भएको पाइँदैन ।

पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ८ को नेपाली विषयको कविता विधालाई हेर्दा पाठहरूको छनोट क्षेत्र र क्रम नमिलाई हचुवा ढंगले गरिएको छ । पाठ्यक्रमले निर्दिष्ट गरेका क्षेत्रअन्तर्गतको मुक्तलयको कवितालाई पाठ्यपुस्तकमा समावेश गरिएको छैन । त्यस्तै लोकलयमा आधारित दुई ओटा कवितालाई पाठ्यपुस्तकमा समावेश गरिपनि दुईओटै कविता सहज र सरस रूपमा लोकलयमा गाउन सकिने किसिमको छैन । छन्द लयमा भएको

प्रश्नोत्तर कविता विद्यार्थीका स्तरका दृष्टिले हेर्दा बढी दार्शनिक र क्लिष्ट देखिन्छ । विषयवस्तुको क्रमका आधारमा हेर्दा किसान र ओखलढुङ्गा कविताका बीचमा लामो दूरी राखिएको देखिन्छ ।

पाठ्यपुस्तकमा समाविष्ट कविताका संरचनागत आधारमा हेर्दा चारओटै कविताको शीर्षक विधान उपयुक्त देखिन्छ । प्रश्नोत्तर कविताको विषयवस्तु दार्शनिक किसिमको क्लिष्ट देखिन्छ । किसान र ओखलढुङ्गा कविताको विषयवस्तु उपयुक्त नै रहे पनि पृथ्वीसन्देश कविताको विषयवस्तु त्यति सशक्त देखिदैन । प्रश्नोत्तर कविताबाहेक तीनओटै कवितामा प्रथम पुरुषात्मक कथनढाँचाको प्रयोग भएको देखिन्छ । लयविधानका आधारमा हेर्दा पाठ्यपुस्तकले पाठ्यक्रमको मर्मलाई समेटेको देखिदैन । भावका दृष्टिले हेर्दा प्रश्नोत्तर कविता कठीन देखिन्छ भने अन्य कविता ठीकै देखिन्छ । संरचनागत आधारमा हेर्दा ओखलढुङ्गा कविता बढी लामो देखिन्छ भने पृथ्वीसन्देश कविता पनि त्यति आकर्षक रूपमा प्रस्तुत गरिएको देखिदैन ।

वाक्यसंरचनाका आधारमा हेर्दा सबै कविता उपयुक्त नै रहेका छन् । कविताको शब्दभण्डारलाई हेर्दा प्रश्नोत्तर कवितामा अधिक तत्सम शब्दहरूको प्रयोग देखिन्छ कुनै कुनै शब्द नेपाली सामान्य बोलचालमा प्रयोगमै नआउने खालका पनि देखिन्छन् । कवितामा अधिक तद्भव शब्दहरूको प्रयोग उपयुक्त देखिन्छ । कवितालाई श्रुतिमधुर बनाउने कोमल पदावलीयुक्त शब्दहरूको अभाव देखिन्छ । पृथ्वीसन्देश कवितामा संयुक्त अक्षरले बनेका शब्दहरूको अधिक प्रयोग देखिन्छ । समग्र कवितामै दैनिक प्रयोगमा आउने तथा जीवनोपयोगी शब्दभण्डारको कमी देखिन्छ । शब्दहरूको आवृत्ति पनि सन्तुलित देखिदैन ।

अध्याय-पाँच

# कवितामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण

## ५.१ परिचय

कुनै पाठ्यविषयमा दोहोऱ्याई तेहेऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्न वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेत गर्नु (पोखरेल र अन्य, २०५५:६९) लाई अभ्यास भनिन्छ। अभ्यासले मानिसलाई दक्ष बनाउँछ। पटकपटकको अभ्यासपछि मानिस कुनै पनि कार्यमा सक्षम बन्दछ। भाषा भन्ने कुरा त झन् जति अभ्यास गऱ्यो त्यति सिकिँदै गइने कुरा हो। त्यसैले भाषा विषयमा अभ्यासको ठूलो महत्व रहेको छ। पटक पटकको पुनरावृत्ति र अभ्यासबाट बालबालिकाहरू कुनै पनि भाषामा दक्ष बन्न सक्छन्। कुनै पनि भाषाको व्याकरणिक संरचना थाहा पाए मात्रै मान्छेले भाषा सिक्न सक्दैन। भाषा सिकाइका लागि त मानिस भाषाको प्रयोगमा अभ्यस्त हुनुपर्दछ। भाषा सिकाइमा अभ्यस्त हुने आधारका रूपमा भाषिक अभ्यासलाई लिइन्छ। शिक्षक र विद्यार्थीका शैक्षणिक क्रियाकलापलाई निरन्तर अघि बढाउने काम अभ्यासले गर्दछ। पाठ्यपुस्तकका विधा उपविधा भन्दा त्यसका आधारमा गराइने भाषिक अभ्यास महत्वपूर्ण हुन्छ। त्यसैले भाषा पाठ्यपुस्तकको सबभन्दा महत्वपूर्ण स्तम्भ भाषिक अभ्यासहरू हुन्।

२०४८ पछि निर्माण भएको पाठ्यक्रमले भाषा विषयमा विभिन्न सिर्जनात्मक अभ्यासको व्यवस्था गरेको छ। नमुना अभ्यासका लागि भनेर छुट्टै पुस्तकको आवश्यकता पर्दैन। यद्यपि हालैका दिनमा आएर विभिन्न पुस्तक प्रकाशन संस्थाहरूले अभ्यासको लागि छुट्टै पुस्तकको व्यवस्था भने नगरेका होइनन्। गृहकार्य, निर्देशन, पुनरावृत्ति, परीक्षण आदि काममा मद्दत गर्न पाठ्यपुस्तकमा अभ्यासको व्यवस्था गरिएको हुन्छ। व्याकरण र पठनबोधसम्बन्धी क्रियाकलापहरू नमुना अभ्यासबाट सम्भव हुन्छ। भाषामा ज्ञान र स्थायित्वका लागि निरन्तर अभ्यास गराउनुपर्छ (रेग्मी, २०५६:५३)। विद्यार्थीको सिकाइलाई चीरकालम्मका लागि स्थायित्व दिनका लागि पनि

अभ्यासको जरुरत पर्दछ । पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषयपछि अभ्यास दिइनु जरुरी हुन्छ ।

यस अध्यायको यो अंशमा कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकको कविता विधासँग सम्बन्धित अभ्यासहरूको शैक्षणिक उपयोगिताका सन्दर्भमा मूल्याङ्कनको प्रयास यो अध्येताले राखेको छ ।

## ५.२ अभ्यासमा समावेश भएका प्रश्नका किसिम

अभ्यासमा विभिन्न प्रश्नहरू समावेश गरिएका हुन्छन् । यस्ता प्रश्नहरू कुनै विषयवस्तुमा आधारित हुन्छन् भने कुनै भाषिक सीपमा आधारित हुन्छन् । भाषाका विषयमा भाषिक सीपमा आधारित प्रश्नहरू बढी महत्वपूर्ण हुन्छन् । भाषा सिकाइको उद्देश्य पनि भाषाका चारवटै सीपको विकास गराउनु हो । भाषा सिकाइको आधार भनेको विषयवस्तु हो । बोध, तर्कपूर्ण अभिव्यक्ति व्याख्या समीक्षा, सार, भावार्थ रचना जस्ता कुराको अभ्यास विषयवस्तुकै आधारमा गराउनुपर्दछ । एकै किसिमका प्रश्नहरूबाट सिकाइ उपलब्धिको मापन एवं विकासमा सघाउ पुग्न सक्दैन र भाषा शिक्षणका दृष्टिले पनि उपयोगी मान्न सकिदैन । भाषा पाठ्यपुस्तकका पाठहरूमा मुख्यतया भाषिक सीपको प्रकृतिको आधारमा एउटै अभ्यासमा पनि विभिन्न प्रकृतिका प्रश्नहरू समावेश गरिएका पाइन्छन् । भाषाका मौखिक तथा लिखित अभिव्यक्तिसँग सम्बन्धित विभिन्न सीपहरूको प्रतिनिधित्व गर्ने प्रश्नहरू भाषिक सीपमा आधारित प्रश्न हुन् । यस्ता प्रश्नहरूको प्रस्तुतिको आधार विषयवस्तु भएपनि शिक्षणीय लक्ष्य चाहिँ भाषिक सीप (सु.वो.प.ले.) को विकास गराउनु नै रहेको हुन्छ । (रेग्मी, २०५६: ५४)

## ५.३ प्रश्नको स्वरूप

कक्षा आठको हाम्रो नेपाली किताबको कविताका पाठहरूमा समावेश गरिएका प्रश्नहरू निबन्धात्मक, सङ्क्षिप्त उत्तरात्मक र वस्तुगत गरी तीन किसिमका रहेका छन्:

**(क) निबन्धात्मक प्रश्न**

सामान्यतः एकभन्दा बढी अनुच्छेदमा निबन्धजस्तै लामो पारामा लेखिने चिठी, दैनिकी, प्रतिवेदन, टिप्पणी, वर्णन, व्याख्या, विवेचना, समीक्षा आदि सुसङ्गठित लिखित अभिव्यक्तिको रचना परीक्षणका लागि यस्तो प्रश्नको उपयोग गरिन्छ (शर्मा र पौडेल, २०६०: २३४) । कुनै पनि प्रश्न वा समस्यामा मौलिक वा स्वतन्त्र रूपमा अभिव्यक्ति दिने वा उत्तर प्रस्तुत गर्ने स्वतन्त्रता निबन्धात्मक प्रश्नमा हुन्छ । भाषिक सीपको एकीकृत मूल्याङ्कन एवं विकासका लागि निबन्धात्मक प्रश्न उपयोगी मानिन्छ । प्रयोजनअनुसार निबन्धात्मक प्रकृतिका प्रश्नहरूलाई अभिव्यक्ति सीप जाँच्ने सोधिने र खास विषयवस्तुको ज्ञान जाँच्ने सोधिने गरी दुई वर्गमा राख्न सकिन्छ (अधिकारी, २०५०: १४४) । निबन्धात्मक प्रश्नहरूबाट भाषिक सीप अन्तर्गत उपयोग गरिने विविध पक्षको एकैसाथ उपयोग गर्न सकिने हुनाले निबन्धात्मक प्रश्नको अभ्यासमा ठूलो महत्व रहेको हुन्छ ।

**(ख) संङ्क्षिप्त उत्तरात्मक प्रश्न**

लिखित युक्तिका साथै मौखिक युक्तिका लागि पनि उपयोगी हुने सङ्क्षिप्त उत्तरात्मक प्रश्नको उत्तर एक शब्ददेखि लिएर एक वाक्य र एकदुई अनुच्छेदसम्म पनि हुन सक्ने हुनाले यसमा विभिन्नताका साथै वस्तुताको पनि स्वतः अनुमान गर्न सकिन्छ (शर्मा र पौडेल २०६०: २३४) । वस्तुताको गुणसमेत झल्किने यस्ता प्रश्नलाई वस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी प्रश्न पनि भन्न सकिन्छ । विशेषतः अर्थग्रहण, रचनाबोध, शब्दप्रयोग आदिमा बढी उपयोगी हुने यस्ता प्रश्नहरू कविताका पाठमा कुनै पङ्क्ति वा श्लोकको भावविस्तार, व्याख्या आदि अभ्यासमा उपयोगी हुन्छन् । यस्ता प्रश्नको उत्तर एक शब्द वा वाक्यदेखि लिएर अधिकमा एक अनुच्छेदसम्मको हुन सक्ने हुनाले उत्तरगत दृष्टिले प्रश्नमा विविधता हुनु स्वभाविक छ ।

### (ग) वस्तुगत प्रश्न

वस्तुगत प्रश्नले एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्दछ । यस्ता प्रश्नहरू अभिव्यक्ति सीपको परीक्षणमा प्रत्यक्षतः उपयोगी, ठानिदैनन् तर बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरण तत्वको मुख्यतः पहिचानात्मक परीक्षणका लागि वस्तुगत प्रश्नहरूलाई उपयोगमा ल्याउन सकिन्छ (अधिकारी, २०५०: २१४) वस्तुगत अभ्यासात्मक प्रश्नहरू उत्पादनात्मक अभ्यासका लागि कम र पहिचानात्मक अभ्यासका निम्ति बढी उपयोगी हुन्छन् । यस अन्तर्गत बहुविकल्पी प्रश्न, खाली ठाउँ भर्ने, ठीक-बेठीक छुट्याउने, जोडा मिलाउने आदि पर्दछन् ।

यिनै तीन किसिमका प्रश्नहरू कक्षा ८ को कविताका पाठहरूमा समावेश गरिएका नमुना अभ्यासमा पनि पाइन्छन् ।

## ५.४ नमुना अभ्यासको प्रकृति

भाषा पाठ्यक्रमले राखेका उद्देश्यहरूलाई समेटेर भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा भएका विषयवस्तुको शिक्षणले मात्र भाषा शिक्षणका लागि तय गरिएका उद्देश्यहरू पूरा हुँदैन । यसका लागि विविध प्रकृतिका अभ्यासको आवश्यकता पर्दछ । नमुना अभ्यासमा विविध प्रकृतिका अभ्यासहरू गराउने व्यवस्था मिलाइएको हुन्छ । खासगरी नमुना अभ्यासमा समावेश गरिने अभ्यासहरू तथा प्रश्नहरू कण्ठ गर्ने, पाठ पढेर उत्तर दिन सक्ने (बोध गर्ने), व्याख्या गर्ने, प्रयोग गर्ने, सिर्जना (रचना) गर्ने आदि प्रकृतिका हुन्छन् ।

## ५.५ नमुना अभ्यासको विश्लेषण

कक्षा ८ को हाम्रो नेपाली किताबमा समावेश गरिएका चारवटा कविताका पाठहरूमा विभिन्न नमुना अभ्यासको व्यवस्था गरिएको छ । सबै नमुना अभ्यासलाई पाठ्यविषयपछि राखिएको छ । यहाँ चारवटै कविताका

पाठमा समावेश गरिएका नमुना अभ्यासलाई प्रश्नको स्वरूप, प्रकृति र व्याकरणका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

पाठ्यपुस्तकमा दिइएका चारवटै कविताका पाठहरूमा समाविष्ट अभ्यास संख्याको आधारमा हेर्दा प्रश्नोत्तर कवितामा ११ ववटा अभ्यास, किसान कवितामा पनि ११ वटै अभ्यास, ओखलढुङ्गा कवितामा ९ वटा अभ्यास र पृथ्वीसन्देश कवितामा १० वटा अभ्यास गरी जम्मा ४१ वटा अभ्यासहरू रहेका छन् । यी पाठमा प्रयुक्त अभ्यासहरू प्रायः एकै प्रकारका रहेका छन् । यी अभ्यासमा समाविष्ट प्रश्नहरूको स्वरूप र प्रकृतिका आधारमा विश्लेषण गर्ने जमर्को अध्येताको रहेको छ ।

### ५.५.१ स्वरूपका आधारमा विश्लेषणः

नमुना अभ्यासमा भएका केही प्रश्नहरूलाई तिनका स्वरूप हेरी यहाँ समावेश गरिएको छैन । विषयगत र वस्तुगत प्रश्नका विशेषता र परिधिभन्दा बाहिर रहेका प्रश्नहरूलाई यहाँ नसमेटी तिनको छुट्टै चर्चा गरिएको छ ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चारवटै कविताका पाठहरूमा भएका नमुना अभ्यासमा जम्मा गरी ६३ प्रश्नहरू रहेका छन् । तीमध्ये निबन्धात्मक प्रश्न १३ वटा रहेको पाइन्छ । कविताका चारवटै पाठहरूका नमुना अभ्यासमा यस खाले प्रश्नहरू छन् । निबन्धात्मक प्रश्नहरू पनि भिन्न भिन्न प्रकृतिका छन् । पाँचवटा प्रश्न कविताका श्लोकका व्याख्या गर्ने किसिमका रहेका छन् । व्याख्या गर्ने प्रश्न पनि चार किसिमका राखिएको छ । जस्तै-

(क) व्याख्या गर (प्रश्नोत्तर, पृष्ठः ३)

(ख) अर्थ खुलाऊ (किसान, पृष्ठः ४२)

(ग) सप्रसङ्ग व्याख्या गर (ओखलढुङ्गा, पृष्ठः ९४)

(घ) तात्पर्य बताऊ (पृथ्वीसन्देश, पृष्ठः १२३)

व्याख्या विश्लेषणका लागि दिइएका कविताका यस्ता अंशहरूबाट विद्यार्थीले लेखाइ र सिर्जनात्मक सीपको विकास गर्न सक्दछन् । यसरी व्याख्या गर्दा, अर्थ बताउँदा तथा तात्पर्य खुलाउँदा भाषा केही फरक भएपनि प्रायः एकै किसिमका उत्तर आउँछन् । यस किसिमको प्रश्नबाट विद्यार्थीले कविताका निश्चित अंशको भावबोध कुन रूपमा गरेका छन् भन्ने पनि थाहा पाउन सकिन्छ ।

विवेचनात्मक किसिमका निबन्धात्मक प्रश्नमा कुनै स्वतन्त्र खालका छन् भने कुनै नियन्त्रित खालका छन् । जस्तै -

(क) प्रश्नोत्तर कवितामा व्यक्त गरिएका भावहरू हाम्रा लागि व्यवहारमा कत्तिको उपयोगी छन् ? (प्रश्नोत्तर, पृष्ठः ४)

(ख) पृथ्वीनारायणले दिएको सन्देश र राखेको उद्देश्यलाई आफ्नै शब्दमा लेख । (पृथ्वीसन्देश, पृष्ठः १२३)

(ग) ओखलढुङ्गा कविताको मुख्य मुख्य भाव आफ्नै शब्दमा लेख । (ओखलढुङ्गा, पृष्ठः ९४)

माथि उल्लिखत प्रश्नहरूमध्ये पहिलो प्रश्न स्वतन्त्र किसिमको प्रश्न हो । यस प्रश्नमा पाठ्यवस्तुको ज्ञान भैसकेपछि विद्यार्थीले त्यहाँ व्यक्त कुराहरूप्रति सहमति र असहमतिका भावहरू प्रकट गरी स्वतन्त्र रूपमा आफ्ना भावना पोख्न सक्छन् । यस्ता प्रश्नबाट विद्यार्थीमा रचनात्मक ज्ञान र सोचाइको विकास हुन्छ । माथि उल्लिखित दोस्रो प्रश्न भने नियन्त्रित किसिमको छ । यस किसिमका प्रश्नको उत्तरमा भाषा केही फरक भए पनि भाव भने एकै प्रकारको हुन्छ । तेस्रो प्रश्नमा भने कविताको भावलाई विद्यार्थीकै शब्दमा लेख्ने अभ्यासका लागि दिइएको हो । यस किसिमको प्रश्नबाट कविताको भावबोध विद्यार्थीले कुन रूपमा गऱ्यो भन्ने कुरा थाहा पाउन सकिन्छ । उपर्युक्त तिनै किसिमका प्रश्नहरू चारवटै कविताका पाठमा समावेश गरिएको छ । कुनै प्रश्न भने अलि अस्पष्ट किसिमको रहेको छ । जस्तैः -

(क) आफ्ना मनका भावहरूलाई प्रश्नोत्तर कविताको ढाँचामा व्यक्त गर । ( प्रश्नोत्तर, पृष्ठः ४)

यो प्रश्न कक्षा ८ का विद्यार्थीको स्तर सुहाउँदो देखिदैन ।

कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकको सम्पूर्ण कविताका पाठका नमुना अभ्यासमा संक्षिप्त उत्तरात्मक प्रश्न ४८ वटा छन् । जसअन्तरगत शब्दको अर्थ लेख्न प्रश्नोत्तर कवितामा ५ शब्द, किसान कवितामा ५ शब्द र पृथ्वीसन्देश कवितामा ७ शब्द दिइएको छ । यसरी दिइएका शब्दमध्ये किसान कविताको पाठमा शब्दार्थमा दिइएका कर्मयोग र श्रम शब्दलाई पुनः दिइएको छ ।

वाक्यमा प्रयोग गर्ने अभ्यासका लागि प्रश्नोत्तर कवितामा ५ शब्द, किसान कवितामा ५ शब्द र पृथ्वीसन्देश कवितामा पनि ५ वटै शब्द दिइएको छ । ओखलढुङ्गा कवितामा भने वाक्यमा प्रयोग गर्ने अभ्यासलाई बेवास्ता गरिएको छ ।

बालबालिकामा शब्दभण्डार क्षमता वृद्धि गर्न प्रश्नोत्तर कवितामा शब्दभण्डार शीर्षक नै दिएर पर्यायवाची शब्दका लागि ६ वटा शब्द र विपरीतार्थी शब्दका लागि पनि ६ वटै शब्द दिइएको छ । पर्यायवाची शब्द र विपरीतार्थी शब्दको उदाहरण समेत दिइएको छ । त्यसैगरी ओखलढुङ्गा कवितामा पनि पर्यायवाची शब्द देऊ भनेर ५ वटा शब्दहरू दिइएको छ । पर्यायवाची शब्द दिंदा विचार पुऱ्याएको देखिदैन किनभने ओखलढुङ्गा कविताको अभ्यासमा हरियाली शब्दको पर्यायवाची शब्द भनिएको छ जसको एउटै पर्यायवाची शब्द पाउन कठिन छ । शुद्धाशुद्धी अभ्यासका लागि पृथ्वीसन्देश कवितामा ६ वटा शब्दहरू दिइएको छ । अन्य पाठमा यसको बेवास्ता गरिएको छ । जबकि लेखाइमा शुद्धता ल्याउन यस्ता अभ्यासलाई बढी प्राथमिकता दिनुपर्ने हो ।

सम्पूर्ण कविताका पाठका नमुना अभ्यासमा एक वाक्यमा उत्तर दिने १४ वटा प्रश्न, छोटो उत्तर दिने २१ वटा प्रश्न र सिर्जनात्मक अभ्यासमा भएका छोटो उत्तर आउने प्रश्न ४ गरी जम्मा ३९ वटा प्रश्नहरू समाविष्ट छन् । संक्षिप्त उत्तरात्मक प्रश्नहरूको संख्या निबन्धात्मक प्रश्न र वस्तुगत प्रश्नका तुलनामा अधिक देखिन्छ । बालबालिकाको स्तरअनुसार यस्ता प्रश्न रहनुलाई स्वाभाविकै ठानिन्छ । सबै पाठका नमुना अभ्यासहरूमा संक्षिप्त उत्तरात्मक प्रश्नहरू रहेका छन् । जस्तैः

(क) एक वाक्यमा उत्तर देऊः

– मानिसले कस्तो उद्देश्य लिनुपर्छ ? (प्रश्नोत्तरः २)

– जीवन कहाँ फुल्छ ? (किसानः ४२)

– हिमालयका सन्तति भनेर कसलाई भनेको हो ? (पृथ्वीसन्देश, पृ. १२३)

कक्षाको स्तरअनुसार बालबालिकाको वाक्य संगठन क्षमतालाई ख्याल नगरी केही प्रश्नहरू समावेश गरिएको पाइन्छ । जस्तैः

(क) एक वाक्यमा उत्तर देऊः

– सच्चा कमाइ गरी खानु भनेको के हो ? (प्रश्नोत्तर-२)

– हाम्रो संस्कृतिलाई केकस्तो भनेर चिनाइएको छ ? (पृथ्वीसन्देश-१२३)

यी प्रश्नहरूको एकै वाक्यमा उत्तर दिंदा वाक्य संरचना जटिल बन्न जान्छ र वाक्य अशुद्ध बन्दछ ।

छोटो उत्तर आउने प्रश्नहरू प्रश्नोत्तर कवितामा ६ वटा, किसान कवितामा पाँचवटा, ओखलढुङ्गा कवितामा पाँचवटा र पृथ्वीसन्देश कवितामा पाँचवटा तथा सिर्जनात्मक अभ्यासमा दिइएका प्रश्नहरूमध्ये सङ्क्षिप्त उत्तर आउने किसान कवितामा १, ओखलढुङ्गा कवितामा १ र पृथ्वीसन्देश कवितामा २ गरी जम्मा २५ वटा रहेका छन् ।

प्रश्नोत्तर कवितामा भएका छोटो उत्तर आउने प्रश्नहरू भने एकै वाक्यमा उत्तर आउने खालका छन् । जस्तै -

(क) शान्ति कुन ठाउँ पाइन्छ ? (प्रश्नोत्तर २)

अन्य छोटो उत्तर आउने प्रश्नहरू कक्षाको स्तर सुहाउँदा नै छन् । यस्ता प्रश्नहरू मौखिक र लिखित दुबै युक्तिका लागि उपयोगी हुन्छन् । त्यसैले पनि सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको पर्याप्त प्रयोग नमुना अभ्यासमा देखिनु उचित नै मान्नुपर्छ । केही छोटो उत्तर आउने प्रश्नहरू:

(क) पृथ्वीलाई पहिलो धन किन मानिएको हो ? (किसान: ४२)

(ख) कविले आफ्नो बाल्यकाल कसरी विताएका छन् ? (ओखलढुङ्गा: ९४)

(ग) राष्ट्र निमाणका लागि जुट्न किन भनिएको हो ? (पृथ्वीसन्देश: १२३)

वस्तुगत प्रश्नलाई नमुना अभ्यासमा त्यति मान्यता दिएको देखिदैन त्यसैले वस्तुगत प्रश्नको संख्या नमुना अभ्यासमा न्यून देखिन्छ । प्रश्नोत्तर कवितामा बहुविकल्पी खालको एक प्रश्न र ओखलढुङ्गा कवितामा जोडा मिलाउने एक प्रश्न गरी दुई वटा वस्तुगत प्रश्नलाई मात्र समावेश पारिएको पाइन्छ । किसान र पृथ्वीसन्देश कवितामा वस्तुगत प्रश्नको समावेश गरिएको छैन । वस्तुगत प्रश्नको समावेश पाठका नमुना अभ्यासमा अति कम गरिएको छ । तिनमा पनि सबै प्रकारका वस्तुगत प्रश्नको प्रयोग गरिएको छैन । प्रयोग गरिएका वस्तुगत प्रश्नको छनोट पनि सही ढङ्गले भएको पाइँदैन । कविताका पाठमा प्रयुक्त नमुना अभ्यासलाई प्रश्नको स्वरूपका आधारमा यसरी हेर्न सकिन्छ:

तालिका

| क.सं. | पाठशीर्षक | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | निबन्धात्मक प्रश्न | वस्तुगत प्रश्न | मौखिक स्वरूपको प्रश्न | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्रश्नोत्तर | १३ | ४ | १ | २ | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | किसान | १३ | ४ | ( | २ | १९ |
| ३. | ओखलढुङ्गा | ७ | ३ | १ | २ | १३ |
| ४. | पृथ्वीसन्देश | १५ | २ | ( | २ | १९ |
| | जम्मा | ४८ | १३ | २ | ८ | ७१ |

नमुना अभ्यासमा समावेश गरिएको प्रश्नको स्वरूपको आधारमा गरिएको वर्गीकरणलाई हेर्दा सम्पूर्ण अभ्यासमा जम्मा ६३ ववटा प्रश्न रहेका छन् । तीमध्ये निबन्धात्मक प्रश्न १३ वटा १८.३ प्रतिशत, सङ्क्षिप्त उत्तरात्मक प्रश्न ४८ वटा ६७.६ प्रतिशत र वस्तुगत प्रश्न २ वटा २.८१ प्रतिशत रहेको देखिन्छ ।

यस बाहेक केही प्रश्नहरूलाई यहाँ छुट्टै चर्चा गर्ने जमर्को अध्येताले गरेको छ जसको विशेषताको आधारमा माथिको तालिका अनुसार वर्गीकरण गर्न सकिन्न । अभ्यासमा भएका शुद्धसँग उच्चारण गर्ने, कवितालाई लय हालेर सुनाउने, कक्षामा साथीहरूबीच छलफल गर्ने जस्ता प्रश्नलाई यहाँ छुट्टै राखिएको छ । कविताबाट बालबालिकामा गति, यति र लय हालर पढ्ने क्षमताको विकास गराउन सकिन्छ । शुद्धसँग शब्दहरूको उच्चारण गर्न सिकाउन सकिन्छ । त्यसैका लागि कविताका नमुना अभ्यासमा यस्ता प्रश्न समावेश गरिएको छ जसलाई राम्रो मान्न सकिन्छ । नमुना अभ्यासमा समाविष्ट यस्ता केही प्रश्नहरू हेरौं -

(क) प्रश्नोत्तर कवितालाई लय हालेर सुनाऊ । (प्रश्नोत्तर, पृष्ठः २)

(ख) शुद्धसँग उच्चारण गरः वक्षस्थल, हृदयकेन्द्र .......

(ओखलढुङ्गाः ९४)

(ग) श्री ५ पृथ्वीनारायण शाह नेपाल राष्ट्रका निर्माता हुन् भन्ने विषयमा कविताका आधारमा कक्षाका साथीहरूबीच छलफल गर । (पृथ्वीसन्देशः १२३)

### ५.५.२ प्रकृतिका आधारमा विश्लेषण

शोधपत्रमा विश्लेषणका लागि अगाडि सारिएको कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कविता पाठमा भएका अभ्यासलाई हेर्दा ७१ ओटा प्रश्नलाई उपयोगमा ल्याइएको पाइन्छ । यी प्रश्नहरूमध्ये कुनै कण्ठस्थ प्रकृतिका, कुनै बोध, कुनै प्रयोगात्मक तथा कुनै सिर्जनात्मक प्रकृतिका रहेका छन् ।

**(क) कण्ठस्थ**

पाठ्यविषयका आधारमा कण्ठ गर्ने किसिमका प्रश्नहरूलाई पण्ठस्थ प्रकृतिका प्रश्न भनिन्छ (रेग्मी, २०५६:५८) । प्राचीन कालमा शिक्षण पद्धतिमा यस्तो किसिमको कण्ठस्थ गर्ने प्रक्रिया रहेको पाइन्छ । तर आधुनिक शिक्षण पद्धतिमा यस्ता प्रश्नहरूलाई हतोत्साहित गरिन्छ । यद्यपि हालैका दिनमा पनि यस्ता प्रश्नहरू उपयोगमा ल्याइएको पाइन्छ । नमुना अभ्यासमा कण्ठस्थ प्रकृतिका प्रश्नहरू ५ वटा रहेका छन् । प्रश्नोत्तर कवितामा दुई वटा र अन्य कवितामा १/१ वटा यस्ता प्रश्नहरू रहेका छन् । जस्तै-

१. शब्दको अर्थ लेख : कर्तव्य, दिल, जगत...........................

(प्रश्नोत्तर, पृष्ठः २)

२. पर्यायवाची शब्द देउः हरियाली, शैशवकाल....................

(ओखलढुङ्गा, पृष्ठ : ९४)

विषयवस्तुलाई कण्ठस्थ गरेर मात्र उत्तर दिन सकिने कण्ठस्थ प्रकृतिका प्रश्नको अभ्यासमा त्यति ठूलो भूमिका नभएपनि यसलाई आवश्यक भने ठानिन्छ । पाठमा दिइएका यस्ता प्रश्नहरू पर्याप्त नै छन् ।

**(ख) बोध**

बोध तहका प्रश्नहरू अभ्यासका लागि महत्वपूर्ण हुन्छन् । यस्ता प्रश्नहरूले खासगरी विषयवस्तुमा महत्व दिन्छन् (रेग्मी, २०५६:५८) । एउटै परिस्थितिमा सिकेका कुरालाई अर्को अवस्थामा जानकारीको आधारमा प्रयोग गर्न सक्नु बोध तत्वको उपलब्धि हो (भण्डारी, २०५८:७२) । बोध प्रश्नबाट विद्यार्थीहरूले कविता पढेर के कति बुझ्न र जान्न सके भन्ने कुरामा जानकारी प्राप्त गर्न सजिलो हुन्छ । शिक्षणीय प्रयोजनका दृष्टिले पनि बोध प्रकृतिका प्रश्नहरू बढी महत्वपूर्ण हुन्छन् । नमुना अभ्यासमा बोध प्रकृतिका प्रश्नहरू ४१ वटा रहेका छन् । अरू प्रकृतिका प्रश्नहरूभन्दा यिनको संख्या धेरै रहेको

छ । महत्व र कक्षाको स्तरअनुरूपताका दृष्टिले हेर्दा उचित नै मान्नु पर्दछ । बोध प्रकृतिका प्रश्नका केही उदाहरण यस प्रकार छन्-

- पृथ्वीलाई पहिलो धन किन भनिएको हो ? (किसान, ४२)
- देशभक्तिका खातिर कविले के गर्नु भनेका छन् ? (पृथ्वीसन्देश, १२३)

**(ग) प्रयोगात्मक**

आर्जन गरेको ज्ञानलाई अवस्था र स्थानअनुसार प्रयोग गर्न सक्ने क्षमता प्रयोग अन्तर्गत पर्दछ (भण्डारी, २०५८:७२) । यस्ता प्रश्नहरूले विद्यार्थीलाई काम गर्न प्रेरित गर्दछन् । उनीहरूमा रुचि एवं उत्सुकता पैदा गराउन यस्ता प्रश्नहरू महत्ववपूर्ण मानिन्छन् । कविताका पाठको नमुना अभ्यासका प्रयोगात्मक प्रश्नहर १३ वटा रहेका छन् । जस्तैः

(क) गति, यति र लय मिलाएर किसान कविता कक्षामा पढेर सुनाऊ ।

(किसान, ४२)

(ख) सच्याएर आफ्नो कापीमा सार

वाग्मति, हामि, पर्जा ......... (पृथ्वीसन्देश, १२३)

संख्याका आधारमा दृष्टिगत गर्दा प्रयोगात्मक प्रश्नहरू पर्याप्त नै देखिन्छन् तर शिक्षक विद्यार्थीबीच कक्षाकोठामा नै प्रयोगात्मक क्रियाकलाप गरी अभ्यस्त हुने खालका प्रयोगमूलक अभ्यास त्यति देखिदैन । त्यसैले यसलाई नमुना अभ्यासको क्षेत्रको देखिएको कमजोरी मानिन्छ ।

**(घ) सिर्जनात्मक**

विद्यार्थीहरूका अन्तर्निहित भाषिक क्षमताको प्रयोग गर्दै मौलिक अभिव्यक्ति दिनुपर्ने प्रश्नहरूलाई सिर्जनात्मक प्रश्न भनिन्छ । यस्ता प्रश्नहरूमा विद्यार्थीहरूले आफ्नो मौलिक अभिव्यक्ति प्रकट गर्नुपर्ने हुनाले शोधखोज गरी लेख्ने, विचार गरी लेख्ने, कल्पना गरी लेख्ने, देखे सुनेका आधारमा लेख्नुपर्ने हुन्छ । विद्यार्थीमा भएको अन्तर्निहित प्रतिभा पनि

सिर्जनात्मक प्रश्नका माध्यमले बाहिर आउँछ । पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यास भनेर दुई अभ्यासको व्यवस्था पनि गरिएको छ । यो अभ्यासमा भएको सकारात्मक पक्ष पनि हो । त्यस्तै अभ्यासमा सिर्जनात्मक प्रकृतिका अन्य प्रश्नहरू पनि समेटिएको छ । यसरी हेर्दा कविताका पाठमा १२ वटा प्रश्नहरू सिर्जनात्मक प्रकृतिका देखिन्छन् । केही सिर्जनात्मक प्रश्नहरू-

(क) प्रश्नोत्तर कवितामा व्यक्त भावहरू हाम्रा लागि व्यवहारमा कतिको उपयोगी छन् ? (प्रश्नोत्तर, पृष्ठः ४)

(ख) आफ्नो जन्मस्थानलाई आधार मानेर कविता रचना गर ।

(ओखलढुङ्गा, पृष्ठः ९५)

कविताका पाठहरूमा भएका नमुना अभ्यासमा समावेश प्रश्नको प्रकृतिमा आधारमा गरिएको वर्गीकरण तालिका तल दिइएको छ ।

तालिका नं.

| क.सं. | पाठ शीर्षक | कण्ठस्थ | बोध | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | २ | १२ | ३ | ३ | २० |
| २ | किसान | १ | १२ | ३ | ३ | १९ |
| ३ | ओखलढङ्गा | १ | ६ | ३ | ३ | १३ |
| ४ | पृथ्वीसन्देश | १ | ११ | ४ | ३ | १९ |
| | जम्मा | ५ | ४१ | १३ | १२ | ७१ |

यसरी तालिका हेर्दा कण्ठस्थ प्रकृतिका ५ अर्थात् ७.०४ प्रतिशत, बोध प्रकृतिका ४१ वटा अर्थात् ५७.७४ प्रतिशत प्रयोगात्मक १३ वटा अर्थात् १८.३० प्रतिशत र सिर्जनात्मक १२ वटा अर्थात् १६.९० प्रतिशत रहेका छन् । यसरी तुलनात्मक रुमा हेर्दा बोध प्रकृतिका प्रश्नहरू सबैभन्दा बढी र कण्ठस्थ प्रकृतिका प्रश्नहरू सबैभन्दा कम रहेको देखिन्छ । नमुना अभ्यासमा कण्ठस्थ प्रकृतिका प्रश्न कम र बोध प्रकृतिका प्रश्न बढी हुनु सकारात्मक पक्ष हो ।

### ५.५.३ व्याकरण सम्बन्धी अभ्यास विश्लेषण

भाषिक शुद्धताका लागि व्याकरण शिक्षणको आवश्यकता छ । यसका लागि भाषा पाठ्यपुस्तकमा पाठ्यविषयसँग यसको शिक्षण गरिनु पर्दछ । कक्षा ८ को नेपाली भाषा पाठ्यपपुस्तकमा पनि पाठ्यवस्तुसँगै व्याकरण सम्बन्धी अभ्यास राखिएको छ । व्याकरण सम्बन्धी अभ्यासका लागि भाषभा पाठ्यक्रमले छुट्टै व्याकरण पुस्तकको व्यवस्था गरेको छैन । यद्यपि प्रायः निजी विद्यालयहरूमा भने व्याकरणको छुट्टै पुस्तक राखी पठनपाठन गराइने गरेको पाइन्छ । तर पाठ्यक्रमले व्याकरणलाई आधुनिक तरिकाद्वारा शिक्षण गर्ने नीतिअनुरूप भाषापाठ्यपुस्तक विधिद्वारा शिक्षण गर्न पाठ्यपुस्तकमा नै व्याकरणका विषयवस्तुलाई समावेश गरिएको छ । निम्नमाध्यमिक तह (कक्षा ६-८) देखि क्रमशः सरल जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सुझ विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्राय राखेर सोही अनुरूप व्याकरणात्मक प्रयोग र अभ्यासलाई अघि बढाइनु आवश्यक र उचित मानिन्छ (शर्मा र पौडेल, २०६०:१५५) । प्रयोग एवं उदाहरणलाई प्रमुख मान्यता दिई व्याकरण सिकाउनु पर्दछ । यसो गरेमा शिक्षार्थीको भाषा सिकाइ क्रमअनुकूल र शिक्षणको उद्देश्यअनुकूल पनि हुन्छ । नमुना अभ्यासमा व्याकरण लागि व्याकरण शीर्षक दिएर छुट्टै स्तम्भको उल्लेख गरिएको छ र यहाँ विश्लेषणका क्रममा पनि व्यारकणलाई छुट्टै उपशीर्षक अन्तर्गत अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### (क) वर्तमान काल

प्रश्नोत्तर कविताको अभ्यासमा सामान्य वर्तमान काल जनाउने क्रियापदहरूको उदाहरण दिई यस्तै क्रियापद अरू ५ वटा लेखी वाक्यमा प्रयोग गर्न दिइएको छ । जस्तैः-

- मिल्छ, हाँस्छ जस्ता क्रियापदले वर्तमान जनाउँछन् । यस्तै अरू पाँचवटा क्रियापद खोजी आङ्बना वाक्यमा प्रयोग गर । (प्रश्नोत्तर, ४) ।

सरल तरिकाबाट पहिले उदाहरण दिइ त्यसपछि परिभाषातिर लगेकाले आगमन विधिको प्रयोग गरेको बुझिन्छ । जुन व्याकरण शिक्षणको लागि सकारात्मक पक्ष पनि हो ।

## लेख्य चिह्न

प्रश्नोत्तर कविताको व्याकरण अभ्यासको तेस्रो नम्बरमा जोडा मिलाऊ भन्ने उपशीर्षकमा चिह्नहरूको नाम दिइएको छ तर जोडा मिलाउन चिहन्हरू दिइएको छैन । यसबाट व्याकरण अभ्यास निर्माण गर्दा लापरवाही गरिएको देखिन्छ । यहाँ पूर्णविराम चिह्न, प्रश्न चिह्न, अल्पविराम चिह्न, उद्गार चिह्न, योजक चिह्न, कोष्ठक चिह्न, विसर्ग, उद्धरण चिह्न र निर्देश चिह्न भनेर चिह्नमा नाम दिइएको छ । यी चिह्नहरूको प्रयोग सम्बन्धमा अभ्यास मौन देखिन्छ । यी चिह्नहरूको प्रयोगलाई ध्यान दिई त्यसै किसिमका अभ्यासहरू दिइनुपर्थ्यो तर त्यसो गरिएको छैन । त्यसैले शिक्षणीय प्रयोजनका दृष्टिले यो औचित्यहीन देखिन्छ । यी चिह्नहरूको शिक्षण गर्दा शिक्षक आफैले विद्यार्थीको पूर्वज्ञानको आधारमा शिक्षण गरी यी चिह्नहरूको प्रयोग पक्षमा बढी जोड दिनुपर्ने देखिन्छ ।

### (ख) करण अकरण

किसान कविताको व्याकरण अभ्यासमा करण अकरणसम्बन्धी दुईवटा अभ्यासहरू दिइएको छ । शिक्षक निर्देशिकामा व्याकरणसम्बन्धी एउटै नमुना पाठयोजना दिइएको छ तर व्याकरणका लागि दुई घण्टी छुट्याइएको छ । करण अकरणको परिचय दिन तथा करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्ने उद्देश्य राखिएको छ । पाठमा दिइएको पहिलो अभ्यासमा खाली ठाउँ दिई उदाहरणअनुसार करण अकरण क्रियापद लेख्न भनिएको छ भने दोस्रो अभ्यासमा दिएका क्रियापदलाई करण भए अकरण र अकरण भए करणमा बदल्न भनिएको छ । यसका लागि उदाहरण पनि प्रस्तुत गरिएकाले यो सरलबाट जटिलतिरको पद्धतिमा प्रस्तुत गरिएको छ । जस्तै-

(क) उदाहरणमा दिए झैं तलको खाली ठाउँमा मिल्ने क्रियापद लेख ।

करण क्रियाः गाँस्छ, पर्छ, ...................................

अकरण क्रियाः गएन, ढलेन,................................

## पुरुष र वचन

किसान कविताको व्याकरण अभ्यासमा वचनसाथै पुरुष, अनुकरणात्मक शब्द र कालसम्बन्धी अभ्यास पनि दिइएको छ । पुरुष र वचन दुवै व्याकरणात्मक कोटि एकअर्कासँग सम्बन्धित भएकाले सँगै सिकाउने अवधारणा पुस्तकमा पाइनु पुस्तकको सबल पक्ष हो । अभ्यासमा प्रथम पुरुषको एकवचन उदाहरणसहित दिई तृतीय पुरुषको एकवचन जनाउने क्रियापद लेख्न भनिएको छ । जस्तै,

- रमाउँछु, पाउँछु, चाहन्छु, जस्ता क्रियापदले प्रथम पुरुषको एक वचन जनाउँछन् । पाठमा प्रयोग भएका तृतीय पुरुषको एकवचन जनाउने क्रियापदहरू लेख (किसान, ४३)

पुरुषसम्बन्धी सैद्धान्तिक अवधारणा पनि नदिइनु र तृतीय पुरुष जनाउने क्रियापदका उदाहरण पनि नदिइनाले विद्यार्थीलाई तृतीय पुरुषको एकवचन जनाउने क्रियापद खोज्न अन्योल हुने देखिन्छ । त्यसैले व्याकरण शिक्षणमा शिक्षक बढी सतर्क हुनुपर्ने देखिन्छ ।

## अनुकरणात्मक शब्दः

झरझर, हरहर, गडगड, गदगद आदि अनुकरणात्मक शब्द हुन् ( किसान, ४३) । यसरी आगमन विधिद्वारा अनुकरणात्मक शब्दको परिचय दिइएकाले यसलाई सकारात्मक रूपमा लिन सकिन्छ । व्याकरणका धेरैजसो विषयवस्तु पाठ्यविषयका आधारमा शिक्षण गरिनुपर्ने हुन्छ । किसान कवितामा परेका अनुकरणात्मक शब्दका माध्यमबाट उक्त शब्दसम्बन्धी धारणा दिन खोज्नु राम्रो पक्ष हो ।

## कालः

किसान कविताको व्याकरण सम्बन्धी अर्को अभ्यासमा क्रियाका कालवारे सामान्य रूपमा दिइएको छ । यस अभ्यासमा क्रियाका धातु दिई वर्तमान कालका क्रिया र भूतकालका क्रिया लेख्न खाली ठाउँ दिइएको छ । एउटा

धातुबाट वर्तमानकालको क्रिया र भूतकालको क्रिया बनाएको उदाहरण पनि दिइएको छ । जस्तै -

| धात | बर्तमान काल | भूतकाल |
|---|---|---|
| बोक् | बोक्छ | बोक्यो |
| खन् | .............. | ................ |
| घोक् | .............. | ................ |

(किसान, पृ. ४३)

**(ग) नामः**

ओखलढुङ्गा कविताको व्याकरण अभ्यासमा वस्तुगत प्रश्न (जोडा मिलाउन) अन्तर्गत नामका प्रकार र ती नामसँग सम्बन्धित केही नाम शब्दहरू दिइएको छ । एकातिर व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक नाम शब्द र अर्कातिर नामहरूको समूह चामल, पीठो, रामायण, लुम्बिनी, प्रेम, दया, दल, टोली, गाई, फूल जस्ता नाम शब्द दिइएको हुँदा विद्यार्थीले पूर्वज्ञान र अनुमानका भरमा पनि सहज रूपमा पत्ता लगाइ  जोडा मिलाउन सक्छन् । दोस्रो अभ्यासमा दसदस वटा नाम शब्द लेख्न तालिका दिइएको छ । तल्ला कक्षाहरूमा पनि नामबारे अध्ययन गरिसकेकाले यो अभ्यास उपयुक्त नै देखिन्छ । तेस्रो अभ्यासमा कवितामा प्रयोग भएका भाववाचक नाम टिपेर देखाउन भनिएको छ । भाववाचक नामसम्बन्धी धारणा विद्यार्थीमा बसिसकेकाले यो अभ्यास विद्यार्थीको स्तरअनुसार उपयुक्त नै देखिन्छ ।

यसै पाठको व्याकरण अभ्यासको चौथो नम्बरमा डुङ्गा-गङ्गा जस्तै अनुप्रास मिलेका शब्दजोडीहरू पाठबाट खोज्न भनिएको छ । यो व्याकरणको अभ्यासमा समाहित गर्न उपयुक्त देखिदैन ।

### (घ) वर्णविन्यास

पृथ्वीसन्देश कवितामा वर्णविन्याससँग सम्बन्धित अभ्यासहरू राखिएका छन् । वर्णविन्यास अन्तर्गत ए/य, ब/व, ग्य/ज्ञ, छ्य/क्ष प्रयोग भएका शब्दहरू दिइएको छ । प्रस्तुत विषयवस्तुलाई आगमन विधिद्वारा अभ्यास गराउने उद्देश्य रहेको देखिन्छ । दोस्रो अभ्यासमा वर्णविन्यासगत त्रुटि भएका वीस, बिषय, बन, बिदेशजस्ता शब्दहरू दिई त्यसलाई सच्याएर वाक्यमा प्रयोग गर्न भनिएको छ । यसबाट बालबालिकामा वर्णविन्यास शुद्ध लेख्ने अभ्यास हुन्छ । तेस्रो अभ्यासमा भनाइलाई कापीमा सार्न भनिएको छ । केही भनाइ यस्ता छन्

- 'ब' दुई ओठबाट उच्चारण हुने स्पर्श व्यञ्जन हो ।

- 'व' दुई ओठबाट उच्चारण हुने अर्थस्वर हो । (पृथ्वीसन्देश, पृष्ठः १२४)

पहिला यस सम्वन्धी उदाहरण दिएर पछि परिचय दिनु सिकाइ प्रक्रियाका दृष्टिले सही हो तर सैद्धान्तिक परिचय दिनु विद्यार्थीको स्तरका दृष्टिले उपयुक्त नहुने देखिन्छ ।

चौथो अभ्यासमा वर्णविन्याससम्वन्धी वस्तुगत प्रश्न दिइएको छ । वर्णविन्यास शिक्षणमा यस्ता अभ्यासलाई उत्कृष्ट अभ्यास मानिन्छ । अभ्यासमा दिइएका केही उदाहरण-

- कुन ठीक हो ? (क) बखल/ओखल

(ख) वृक्ष/वृछ

(ग) येकादशी/एकादशी

(पृथ्वीसन्देश, पृष्ठः १२४)

यी बाहकका अन्य यस्तै अभ्यासहरू शिक्षकहरूबाट पनि दिन सकिन्छ । पाँचौ अभ्यासमा फरक बताऊ भनेर केही शब्दजोडीहरू दिइएको छ । जस्तैः

बारी = वारि =

क्षमा = छ्यामा (ऐजन्)

यस्ता अभ्यासहरू विद्यार्थीको वर्णविन्यास शुद्धताका साथै शब्दभण्डारको पनि वृद्धि हुने देखिन्छ । त्यसैगरी छैठौं अभ्यासमा वर्णविन्यासको दृष्टिबाट गल्ती नहुनेगरी यस पाठको प्रथम अनुच्छेद कापीमा सार भनी दिइएको छ । यसबाट विद्यार्थीको लेखाइमा शुद्धताका लागि सचेतताको विकास हुने देखिन्छ । वर्णविन्यास सम्बन्धी अध्ययन तल्ला कक्षाहरूमा पनि भएकाले पाठ्यवस्तुको कक्षागत अन्तरसम्बन्ध पनि उपयुक्त नै देखिन्छ । यसरी समग्रमा हेर्दा पृथ्वीसन्देश कवितामा भएको व्याकरण अभ्यास उपयुक्त नै रहेको देखिन्छ ।

### ५.५.३.१ पाठ्यक्रम अनुरूपताका आधारमा व्याकरण अभ्यास

कक्षा ८ को नेपाली किताबमा समावेश गरिएका कविताका पाठमा भएका व्याकरणका अभ्यासहरूलाई पाठ्यक्रम अनुरूपताका दृष्टिले हेर्ने चेष्टा अध्येताको रहेको छ ।

'प्रश्नोत्तर' कवितामा दिइएको वर्तमानकालसम्बन्धी विषयवस्तु विधाको क्षेत्र र क्रमको ७ आ अन्तर्गत रहेको छ भने लेख्य चिन्ह क्षेत्र र क्रमको ७ 'ओ' अन्तर्गत रहेको छ ।

'किसान' कविताको व्याकरण अभ्यासमा दिइएको पुरुष, वचन र करण क्षेत्र र क्रमको ७ उ. अन्तर्गत रहेकाले पाठ्यक्रम अनुरूप देखिएपनि पर्याप्त विषयवस्तुको अभाव देखिन्छ । पाठ्यक्रमले लिङ्ग, वचन, पुरुष, आदर र अकरण काल र पक्षका आधारमा वाक्य परिवर्तन गर्ने विषयवस्तुको अपेक्षा गरेपनि अभ्यासमा सम्बन्धित वाक्य नै दिइएको छैन । यसै अभ्यासमा भएको अनुकरणात्मक शब्द चाहिँ क्षेत्र र क्रमको ८ नं मा रहेको छ । अनुकरणात्मक शब्दका लागि दिइएको अभ्यास पर्याप्त छैन । समग्रमा हेर्दा किसान कवितामा दिइएको व्याकरण अभ्यास उपयुक्त देखिदैन । किनभने प्रथमतः पाठ्यक्रमको क्षेत्रलाइ समेट्न सकेको छैन भने दोस्रो कुरा एउटै पाठमा धेरै विषयवस्तु (

वचन, पुरुष करण अकरण, काल अनुकरणात्मक शब्द) लाई समेट्न खोजिएको छ । जुन उपयुक्त होइन ।

'ओखलढुङ्गा' कवितामा दिइएको नाम सम्बन्धी विषयवस्तु पाठ्यक्रमको क्षेत्र र क्रमको ७ ए. अन्तर्गत रहेको छ । यसको अभ्यास पनि पर्याप्त भएकाले पाठ्यक्रम अनुरूप देखिन्छ । तर पाठ्यक्रमले सङ्केत नगरेको अनुप्रास सम्बन्धी अभ्यास भने व्याकरणमा उपयुक्त देखिदैन ।

'पृथ्वीसन्देश' कवितामा दिइएको वर्णविन्यास सम्वन्धी विषयवस्तु विधाको क्षेत्र र क्रमको ७ औं अन्तर्गत रहेकाले पाठ्यक्रम अनुरूप देखिन्छ ।

## ५.६ निष्कर्ष

पाठ्यपुस्तकमा समावेश गरिएका कविताभन्दा तिनका आधारमा गराइने भाषिक नमुना अभ्यास अझ बढी महत्वपूर्ण हुन्छ । भाषा सिक्नका लागि अभ्यासको निरन्तरता र पुनरावृत्तिको आवश्यकता हुन्छ । पुनरावृत्तिका लागि विविध क्रियाकलाप तथा अभ्यासमा संलग्न रहनुपर्दछ । त्यसैले पाठ्यपुस्तकमा भएका त्यस्ता अभ्यासहरू पाठ्यविषयमा आधारित हुनुपर्दछ । विद्यालय तहमा कविता शिक्षणको मूल उद्देश्य कविता लेखन नभएकाले गति, यति र लय मिलाएर वाचन गर्ने शैलीको विकास हुने किसिमका अभ्यासहरू बढी हुनु जरुरी हुन्छ । यद्यपि भाषा सिकाइको उद्देश्य विद्यार्थीका भाषिक कुशलताका साथै अन्तर्निहित प्रतिभाको विकास गराउनु पनि हो ।

कविता शिक्षणका लागि निबन्धात्मक, सङ्क्षिप्त उत्तरात्मक र वस्तुगत तीनै खालका प्रश्नहरू अभ्यासमा राखिनु उचित हुन्छ । निबन्धात्मक प्रश्नहरू दिंदा विद्यार्थीको रुचि र स्तरको पनि ख्याल गर्नुपर्छ । कविता शिक्षणका सन्दर्भमा सबै खाले वस्तुगत प्रश्नहरू उपयोगी हुन्छन् तर पाठ्यपुस्तकमा वस्तुगत प्रश्नको न्यून प्रयोग गरेको पाइन्छ । विद्यार्थीको अन्तर्निहित प्रतिभाको विकास गराउन सिर्जनात्मक अभ्यासको जरुरत पर्दछ । सिर्जनात्मक अभ्यास

भनेर पाठ्यपुस्तकमा छुट्टै अभ्यास दिएपनि कवितात्मक सिर्जनात्मक अभ्यास कम रहेको पाइन्छ ।

विद्यार्थीमा भाषिक शुद्धता ल्याउन उनीहरूमा व्याकरणको पनि ज्ञान हुनुपर्दछ । यसैलाई आधार मानेर पाठ्यपुस्तकमा व्याकरण अभ्यासको छुट्टै व्यवस्था गरिएको छ । भाषा पाठ्यपुस्तक विधि अपनाइ विद्यार्थीहरूमा भाषा र व्याकरणको विकास सँगसँगै गराउने उद्देश्यले भाषा पाठ्यपुस्तकमै व्याकरणलाई समाहित गरिएको हो । कविताका पाठहरूपछि राखिएका व्याकरणसम्वन्धी अभ्यासहरू त्यति प्रभावकारी देखिदैन । व्याकरणसम्वन्धी अभ्यासमा यथेष्ट उदाहरणहरू रहेका छैनन् । एउटै अभ्यासमा व्याकरण सम्बन्धी धेरै विषयवस्तु थोपरिएको छ जसले गर्दा व्याकरणलाई छुट्याइएको घण्टीमा सबै अभ्यास गर्न कठिन हुन्छ । व्याकरण सम्वन्धी अभ्यासहरू पाठ्यविषयसँग सम्बन्धित भयो भने शिक्षण सहज हुन्छ । प्रश्नोत्तर कविताको व्याकरण अभ्यासमात्र पूर्ण रूपमा पाठ्यविषयसँग सम्बन्धित देखिन्छ । अरू कवितामा भएका व्याकरणसम्बन्धी अभ्यासहरू पाठ्यविषयसँग सम्बन्धित देखिदैनन् ।

अध्याय- छ

# निष्कर्ष र सुझावहरू

## ६.१ निष्कर्ष

तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार पाठ्यक्रम विकासकेन्द्रद्वारा निर्धारित निम्नमाध्यमिक तहअन्तर्गत कक्षा ८ को 'हाम्रो नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त कविताका पाठहरूको शैक्षणिक उपयोगिताका दृष्टिले गरिएको विश्लेषणबाट निम्न लिखित निष्कर्षहरू निकालिएको छ :

१. पाठ्यपुस्तकको निर्माण गर्दा पाठ्यक्रमलाई आधार मान्नु पर्दछ । पाठ्यक्रममा उल्लेख गरेका विधा र क्षेत्रलाई पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्रतिबिम्बित हुने गरी पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ र निम्नमाध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा राखिएका कविताहरू पाठ्यक्रममा उल्लेख गरे अनुरूप पाइँदैनन् । पाठ्यक्रमले छन्दलय लोकलय, गीतिलय र मुक्तका १/१ ओटा कविता तोकेका छ तर पाठ्यपुस्तकमा छन्दलय गीतिलयका कविताको मात्रै उपयुक्त छनोट गरिएको छ । लोकलयमा दुईटा कविता समावेश गरिएको भए पनि उपयुक्त लोकलयका छैनन । मुक्तलयमा आधारित गद्य कवितालाई पाठ्यपुस्तकले समेट्न सकेको छैन ।

२. पाठ्यपुस्तकमा राखिएका पाठ्यविषयहरू छनोट र स्तरणका दृष्टिले उपयुक्त हुनुपर्दछ । कविता विधाको छनोट र स्तरण दुवैमा ध्यान दिइएको पाइदैन । कविताका पाठहरूमा पङ्क्ति, श्लोक आदि एकनाशका छैनन् । लम्बाइका हिसाबले कविताका पाठहरू लामा र छोटा छन् । पाठ्यविषयको स्तरण गर्दा सरल विषयवस्तुबाट जटिलतर्फ, ज्ञातबाट अज्ञाततर्फको अनुक्रमलाई अपनाउनुपर्छ । पाठको सुरुमा नै क्लिष्ट दार्शनिक कविता राखिएको छ । पाठहरूको निश्चित दुरीमा कवितालाई राखिएको पाइँदैन । पाठ नौमा किसान कविता पछि एकै चोटि पाठ

अठारमा ओखलढुङ्गा कविता राखिएको छ । विधाको सन्तुलित स्तरण पाठ्यपुस्तकमा देखिँदैन ।

३. भाषालाई सरल बनाउन शब्दभण्डारको मुख्य भूमिका रहन्छ । त्यसैले नेपाली भाषालाई सक्षम बनाउन कक्षाको स्तर हेरी शब्दभण्डार बढाउँदै लैजानुपर्छ । कविताका पाठहरूमा प्रयुक्त शब्दहरू मुख्य गरी तीन ओटा श्रोतबाट आएका छन्- तत्सम, तद्भव र आगन्तुक । कवितामा प्रयोग गरिएका धेरै तत्सम शब्दहरू व्यवहारिक बोलीचालीमा प्रयोग हुने खालका छैनन् । तिनका अर्थमा घोकेर कण्ड गर्नुपर्ने अवस्था रहेको छ । केही तत्सम शब्दहरू भने नेपाली जनजिब्रोले पचाइसकेका भएपनि कक्षाको स्तरभन्दा केही कठिन खालका पनि छन् । तद्भव शब्दहरू सबै भन्दा बढी प्रयोग भएका छन् । आगन्तुक शब्दहरू सबैभन्दा कम र सबै बोधगम्य नै छन् ।

४. कविताका पाठपछि राखिएका शब्दार्थको पनि अर्थ खोज्नुपर्ने अवस्था रहेको छ । त्यहाँ दिइएका अर्थले शब्दलाई स्पष्ट पार्न सक्तैन । ती अर्थका सहायताले शब्दलाई प्रयोगमा ल्याउन सकिँदैन ।

५. प्रश्नोत्तर र ओखलढुङ्गा कविता लयात्मकताका दृष्टिले श्रुतिमधुर भएपनि किसान र पृथ्वीसन्देश कवितामा अपेक्षित लयात्मकता रहेको पाइँदैन बालबालिकाले सहज रूपमा गाउन मिल्ने खालेको कविताको अभाव देखिन्छ ।

६. ओखलढुङ्गा कविता धेरै लामो रहेको छ र त्यहाँ धेरै तत्सम शब्दहरूको प्रयोग गरिएको छ । त्यहाँ प्रयोग गरिएका प्रायः तत्सम शब्दहरू साहित्यका क्षेत्रमा मात्र प्रयोग हुने खालका छन् । साना कक्षाहरूमा यस्ता कविताको छनोट गर्दा भाषा सिकाइमा कठिनाइ हुन जान्छ ।

७. समसामयिक कविता धारा गद्य कवितातर्फ उर्लिरहेको वर्तमान परिप्रेक्ष्यमा पाठ्यपुस्तकमा पद्य कविता मात्र समावेश गर्नु सान्दर्भिक

देखिँदैन । एउटा सम्म गद्य कविता नमुनाको लागि भए पनि समावेश गर्नु उपयक्त देखिन्छ ।

८. पाठ्यविषयको मोटामोटी ज्ञानले मात्र सिकाइ पूर्ण हुँदैन । यसका लागि अभ्यासको निरन्तरता चाहिन्छ । त्यसैले नमुना अभ्यासमा राखिने प्रश्नहरूका विषयवस्तु मूलपाठसँग मेलखाने किसिमले राख्नुपर्छ । सबै स्वरूपका प्रश्नहरू दिइ अभ्यास गराउनु पर्छ । कविताको नमुना अभ्यासमा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू उचित मात्रामा राखिएका भए पनि निबन्धात्मक र वस्तुगत प्रश्न कम मात्रामा छन् । अझ वस्तुगत प्रश्नलाई त अभ्यासमा वेवास्ता नै गरिएको छ । अभ्यासमा राखिएका प्रश्नहरूले मूलपाठका विषयवस्तुलाई समेट्न सकेका छैनन् ।

९. भाषा तथा व्याकरण दुवैका लागि अभ्यासहरू तयार पार्दा बढी मात्रामा सिर्जनात्मक तथा प्रयोगात्मक अभ्यासहरू राखिनुपर्छ । यस्ता अभ्यासहरू तल्ला कक्षाहरूमा बढी उपयोगी हुन्छन् । यस्ता अभ्यासहरू भाषिक कुशलताका साथै विषयवस्तुको चाँडो ज्ञान गराउन सकिन्छ । कविताको पाठको अभ्यासमा सिर्जनात्मक अभ्यास भनेर छुट्टै अभ्यासको व्यवस्था गरिएको छ । यो अभ्यासमा भएको सिर्जनातमक पक्ष हो तर सिर्जनात्मक अभ्यासमा सिर्जनात्मक र प्रयोगात्मक प्रश्नहरूको अभाव देखिन्छ ।

१०. व्याकरण सिकाइका लागि भाषापाठ्यपुस्तक विधि उपयुक्त मानिन्छ । व्याकरणका अभ्यास राख्दा यो कुरामा पूर्ण ध्यान दिइएको पाइँदैन । कवितामा पाठमा समावेश भएका व्याकरण सम्बन्धी अभ्यासहरूमा मूलपाठबाट विषयवस्तु थोरै मात्र लिइएको छ ।

११. व्याकरणको एउटै अभ्यासमा विविध विषयवस्तुको समावेश गरिएको छ । यसलाई उपयुक्त मानिँदैन । पाठसँग सम्बन्धित भएर अभ्यासमा एउटै मात्र व्याकरणिक विषयवस्तुको ज्ञान दिनु उपयुक्त हुन्छ तर प्रश्नोत्तर र किसान कवितामा व्याकरण सम्बन्धी विविध विषयवस्तु

समावेश गरिएको छ । किसान कविताको व्याकरण अभ्यासमा पुरुष, वचन, काल, अनुकरणात्मक शब्द र करण अकरण समावेश गरिएको छ ।

१२. प्रश्नोत्तर कविताको व्याकरण अभ्यासमा जोडा मिलाऊ भन्ने अभ्यासमा चिह्नको नाम दिइएको छ तर चिह्न सङ्केत दिइएको पाइँदैन । पाठ्यपुस्तक परिमार्जित हुँदा पनि यस्ता त्रुटिमा ध्यान नपुऱ्याउनुमा लापरवाही देखिन्छ ।

१३. प्रत्येक कविताको श्लोकमा कठिन शब्दहरूलाई बोल्ड अक्षरमा छापेको हुँदा कठिन शब्दार्थ हेर्न सजिलो भई सीपगत अभ्यासमा सहयोग पुऱ्याएको देखिन्छ ।

१४. समग्र पाठ सख्याको १६.६७ प्रतिशत कविता विधालाई छुट्याइएको छ जुन कथा, जीवनी र प्रबन्धका तुलनामा कम देखिन्छ । शिक्षक निर्देशिकामा कविता विधालाई २४ घण्टी अर्थात १६.४७ प्रतिशत समय छुट्याइएको छ जुन केही कम देखिन्छ ।

१५. किसान र ओखलढुङ्गा कवितामा समावेश गरिएका व्याकरणिक अभ्यासहरूमा प्रशस्त उदाहरणहरू प्रस्तुत गरी आगमनात्मक विधिबाट शिक्षण गर्न प्रोत्साहित गरिएको देखिन्छ जसले गर्दा बालबालिकामा व्याकरणसम्बन्धी धारणा बसाउन शिक्षकलाई सजिलो हुन्छ ।

१६. श्रद्धेय र स्थापित कविहरूको कवितालाई मात्र पाठ्यपुस्तकमा समावेश गर्नुभन्दा बोधगम्यता र भाषा सिकाइमा सहयोग पुग्ने खालका कवितालाई प्राथमिकता दिँदा राम्रो हुने देखिन्छ ।

१७. कवितामा चित्रको प्रभावकारी भूमिका हुन्छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कविता विधामा चित्रलाई बेवास्ता गरिएको छ । एउटा किसान कवितामा मात्र चित्रको उपयोग गरिएको छ ।

## ६.२ सुझावहरू

१. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा कविता विधाको छनोट गर्दा पा.वि.के.द्वारा निर्धारित निम्नमाध्यमिक तह अन्तर्गत कक्षा ८ को नेपाली भाषा पाठ्यक्रममा उल्लिखित क्षेत्र र क्रमअनुसारका विषयवस्तुमा आधारित हुनुपर्छ । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमले तोकेका विधा र क्षेत्रबाट अर्थात लोकलय र मुक्तलयका १/१ ओटा कविता थप गरी अहिले भएका किसान र पृथ्वीसन्देश कविता हटाउनु पर्दछ ।

२. भाषा पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यविषयहरू सन्तुलित किसिमले छनोट र स्तरण गरिनुपर्दछ ।

३. कठिन तत्सम शब्दहरूको अर्थ दिई त्यसलाई उपयुक्त वाक्यमा प्रयाग गरी देखाउनु पर्दछ ।

४. बालबालिकालाई करले भन्दा रहरले सिक्ने वातावरणको सिर्जना गर्न बालबालिकाले नै सहज लयमा गाउन मिल्ने कविताको छनोट गरिनुपर्दछ ।

५. समसामयिक गद्य कवितालाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ ।

६. अभ्यासमा वस्तुगत प्रश्नहरूको संख्या बढाइनु पर्दछ र प्रश्नहरू मूल पाठसँग सम्बन्धित हुनुपर्दछ ।

७. सिर्जनात्मक अभ्यासमा समावेश गरिएका प्रश्नहरूलाई परिवर्तन गरी बढी सीपमूलक र सिर्जनात्मक प्रंश्नहरू समावेश गरिनुपर्दछ ।

८. भाषा सिकाइको उद्देश्य भाषाका चार सीपहरू (सुवोपले) को विकास गराउनु हो । यी विविध सीपहरू हासिल गर्न पाठ्यविषयको अध्ययनबाट मात्र सम्भव हुँदैन । अभ्यासको निरन्तरता पनि चाहिन्छ । विविध सीपहरू हासिल गाउन अभ्यासमा पनि विविधता हुनु आवश्यक छ । त्यसैले मूल पाठसँग मिल्दो किसिमका विषयवस्तु राखी विभिन्न रोचक

क्रियाकलापहरूद्वारा प्रशस्त अभ्यास गराउनुपर्छ । यसरी गराउने अभ्यासमा विद्यार्थीलाई बढी प्रोत्साहित गर्नु उचित हुन्छ ।

९. एउटै अभ्यासमा विविध कुराहरूको समावेश गर्दा राम्रोसँग एउटै मात्र विषयको पनि शिक्षण सिकाइ हुन सक्दैन । विद्यार्थीलाई अभ्यासको पनि कमी पर्न जान्छ । त्यसैले कविताको एउटा पाठमा एउटै मात्र व्याकरणको कोटि (व्याकरणिक विधा) को समावेश गरिनुपर्दछ ।

१०. प्रश्नोत्तर कवितामा दिइएको जोडा मिलाउने अभ्यासलाई तुरुन्तै सच्याउनु पर्दछ ।

११. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा अन्य विधासँग सन्तुलन ल्याउन अझ एउटा कविता थप गर्नु पर्दछ ।

१२. भाषा सिकाइलाई रोचक एवं प्रभावकारी बनाउन चित्रहरूको विषेश महत्व हुन्छ । कक्षा कार्यकलापलाई रोचक र प्रभावकारी बनाउन चित्रहरूलाई बढी उपयोगमा ल्याइन्छ । त्यसैले कविताका सबै पाठमा १/१ ओटा रङ्गीन चित्रहरू राखिनु उचित हुन्छ ।

१३. पाठ्यपुस्तकमा समावेश गरिएका कविताहरू कोही लामा र कोही छोटा भई एकरूपता भएको पाइँदैन । त्यसैले कविताका पाठहरूको लम्बाइ समानुपातिक बनाइनु पर्दछ ।

१४. भाषा पापठ्यपुस्तकमा समावेश गरिएका कविताहरूमा कविको छोटो परिचय, विशेषता र कृतिका बारेमा सामान्य जानकारी दिनु उचित हुन्छ ।

१५. कविताको छनोट गर्दा श्रद्धेय र स्थापित कविका कवितालाई भन्दा विद्यार्थीको स्तर सुहाउँदो पाठ्यक्रमले सङ्केत गरेको कवितालाई प्राथमिकता दिइनु पर्दछ ।

## ६.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू-

१. माध्यमिक तह कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकका समाविष्ट कविताहरूको शैक्षणिक उपयोगिता अध्ययन विश्लेषण

२. शैक्षणिक उपयोगिताका दृष्टिले कक्षा ७ का कविताहरूको अध्ययन विश्लेषण

३. शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन विश्लेषण

४. शैक्षणिक उपयोगिताका दृष्टिले प्राथमिक तह कक्षा १-३ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट बालकविताहरूको अध्ययन

५. कक्षा ४ र ५ को मेरो नेपाली किताबमा समावेश गरिएका बाल कविताहरूको शैक्षणिक उपयोगिता

६. कविता शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरूको अध्ययन

७. शिक्षणीय प्रयोजनका दृष्टिले बालकोसेलीमा प्रकाशित कविताहरूको अध्ययन विश्लेषण

# सन्दर्भग्रन्थसूची


१. अधिकारी हेमाङ्गराज : नेपाली भाषा शिक्षण, कुञ्जल प्रकाशन, काठमाडौं, २०५० ।

२. अधिकारी, हेमाङ्गराज : पूर्वीय समालोचना सिद्धान्त, साझा प्रकाशन, काठमाडौं, २०५६ ।

३. ........................ : भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०५९ ।

४. अधिकारी हेमाङ्गराज र शर्मा केदारप्रसाद : प्रारम्भिक नेपाली शिक्षण, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०५६ ।

५. उपाध्याय, केशवप्रसाद : पूर्वीय साहित्यसिद्धान्त, साझा प्रकाशन, काठमाडौं, २०५५ ।

६. ढुङ्गेल, भोजराज र पारसमणि भण्डारी : नेपाली प्रतिनिधि कवि र कविता, एकता बुक्स डिष्ट्रिव्युटर्स काठमाडौं, २०५४ ।

७. ढुङ्गेल भोजराज र दाहाल दुर्गाप्रसाद : नेपाली कविता र काव्य एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, २०६३ ।

८. ........................... : भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, एम्.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं, २०५८ ।

९. ज.ब.रा. स्वयंप्रकाश र अन्य : पाठ्यक्रम योजना र अभ्यास, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०५९ ।

१०. त्रिपाठी, वासुदेव र अन्य : नेपाली साहित्य शृङ्खला भाग-१, एकता बुक्स डिष्ट्रिव्युटर्स, काठमाडौं, २०५२ ।

११. ............................... : नेपाली कविता भाग- ४, साझा प्रकाशन, काठमाडौं, २०५४ ।

१२. थापा, हिमांशु : साहित्य परिचय, साझा प्रकाशन, काठमाडौं, २०५० ।

१३. _________निम्नमाध्यमिक तहको नेपाली पाठ्यक्रम, पाठ्यक्रम विकास केन्द्र : सानो ठिमी, भक्तपुर २०५८ ।

१४. पराजुली, कृष्णप्रसाद : राम्रो रचना मीठो नेपाली, सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौं, २०४९ ।

१५. पोखरेल, बालकृष्ण (सम्पा.): नेपाली बृहत शब्दकोश, ने.रा.प.प्र., काठमाडौं २०४० ।

१६. बन्धु, चुडामणि : अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार, काठमाडौं, २०५२ ।

१७. भण्डारी पारसमणि र माधवप्रसाद पौडेल : साहित्यशास्त्र र नेपाली समालोचना, क्षितिज प्रकाशन, नयाँबजार, कीर्तिपुर २०६१ ।

१८. रिमाल, डिल्लीराम : नेपाली शिक्षण, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०५३ ।

१९. लम्साल, रामचन्द्र र अन्य : शिक्षक निर्देशिका (कक्षा-८), शिक्षा तथा खेलकुल मन्त्रालय, पा.वि.के. तथा ज.शि.सा.के.लि. भक्तपुर ।

२०. लामिछाने, यादवप्रकाश : नेपाली भाषा शिक्षण परिचय, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०५७ ।

२१. लामिछाने, यादवप्रकाश : नेपाली कविता काव्य र साहित्यतत्त्व, विद्यार्थी पुस्तक भण्डार , काठमाडौं, २०५३ ।

२२. लुइँटेल, खगेन्द्रप्रसाद र अन्य : नेपाली कवि र कविता, विभुऋभु प्रकाशन, काठमाडौं, २०५७ ।

२३. शर्मा, केदारप्रसाद र पौडेल माधव : नेपाली भाषा र साहित्य शिक्षण, न्यू हिरा इन्टरप्राइजेज, कीर्तिपुर, २०६० ।

२४. )))))))) शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरु, त्रि.वि. शिक्षाविकास तथा अनुसन्धान केन्द्र, कीर्तिपुर, २०४४ ।

२५. श्रेष्ठ, ईश्वरकुमार : पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना, प्रमुख मान्यता, वाद र प्रणाली, साझा प्रकाशन, काठमाडौं २०५८ ।

२६. )))))))) हाम्रो नेपाली किताब कक्षा ८, पाठ्यक्रम विकास केन्द्र : सानोठिमी, भक्तपुर २०६२ ।

२७. )))))))) **The Basic and Primary Education Master Plan-1997,** श्री ५ को सरकार शिक्षा मन्त्रालय ।

२८. कार्की, संगीता : कक्षा चारमा प्रयोग गर्न सकिने शिक्षण विधिहरुको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि., २०५८ ।

२९. खनाल, नवराज : कक्षा नौ र दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विश्लेषण, अप्र. स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल, २०५८ ।

३०. ढकाल, लक्ष्मीप्रसाद : कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका विधिहरुको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५५ ।

३१. न्यौपाने, विनोद : कक्षा ६ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०६२ ।

३२. भण्डारी, गुनाखर : माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिएका कविताको अध्ययन विश्लेषण, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०५५ ।

३३. रेग्मी, भानुभक्त : शिक्षणीय प्रयोगनका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषण, अप्र. स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल, २०५६ ।